मध्यमकालीन खर्च संरचना

(आ.व. २०८१/८२ - २०८३/८४)



बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

२०८१ असार

मध्यमकालीन खर्च संरचना

आ.व. २०८१/८२ - २०८३/८४

सम्पर्कका लागि : **नगर कार्यपालिकाको कार्यालय**
बनेपा, काभ्रेपलान्चोक, बागमती प्रदेश, नेपाल
फोन नं.: ०११ - ६६१२८१
ईमेलः banepamun@gmail.com

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रे
बागमती प्रदेश, नेपाल

नगर प्रमुखको मन्तव्य

नेपालको संविधान, अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य ऐनले सङ्घ, प्रदेश तथा स्थानीय तहले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै बनेपा नगरपालिकाले यो मध्यमकालीन खर्च संरचना (आ.व.२०८१/८२ - २०८३/८४) तर्जुमा गरेको छ । बिशेषत यस मध्यमकालीन खर्च संरचनाले बनेपा नगरपालिकाको बजेटको स्रोत र खर्चबीच सन्तुलन कायम गर्ने, वित्तीय अनुशासन कायम गर्ने, सार्बजनिक वित्त ब्यबस्थापनमा गुणस्तर बृद्धि गर्ने, गैर–बजेटरी अभ्यासहरू नियन्त्रण गर्ने, कार्यक्रम तथा आयोजनाको लागि साधन-स्रोतको सुनिश्चितता गर्ने र समग्र बजेट तर्जुमाको प्रकृयालाई बैज्ञानिक तथा विश्वसनीय बनाउने गरेको अनुभूति गरेको छु ।

यस बनेपा नगरपालिकाले नगरको बिकासका अपेक्षा, जनचाहना र विद्यमान समस्याहरूलाई व्यवस्थित र योजनाबद्ध रूपले सम्बोधन गर्न आवधिक योजना– २०७८ (२०७९/८०–२०८३/८४) तर्जुमा गरेको थियो । यस मध्यमकालीन खर्च संरचनाले उक्त आवधिक योजना र वार्षिक विकास योजनालाई नीति, कार्यक्रम र बजेटसँग तादाम्यता कायम गरी स्रोत–साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउन आगामी तिन आर्थिक बर्ष २०८१/८२ - २०८३/८४ सम्मको लागि बजेट खाका समेत प्रक्षेपण गरेको छ । तसर्थ मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानूनी दायित्व मात्र नभई नगरपालिकाको लागि सर्वाङ्गीण विकासको निम्ति आवधिक योजनामा परिलक्षित दीर्घकालीन सोचतर्फ उन्मुख गराउन समेत औचित्यपूर्ण हुने देखिन्छ । यस खर्च संरचनाले बनेपा नगरपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रूपमा कार्य गरी आवधिक योजनाका सोच, उद्देश्य तथा लक्ष्यहरू हासिल गर्नेतर्फ नगरपालिकाको वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउने अपेक्षा गरेको छु ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्तको अभ्यासमा त्यसको व्यवस्थापनलाई प्रभावकारी बनाउने महत्वपूर्ण औजार पनि हो । दीगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गर्दै उक्त लक्ष्यहरूको प्राप्तिमा पनि यो दस्ताबेजले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु । साथै पछिल्लो दशकहरूमा विकासशील देशहरूमा विपद् तथा जलवायुजन्य जोखिमहरू निरन्तर बढ्दै गैरहेको र त्यसको प्रतोरोधसंगै सिर्जना हुन सक्ने समस्याहरूलाई यस खर्च संरचनाले यथोचित मार्गनिर्देशन गर्न सक्ने अपेक्षा गरेको छु । अन्त्यमा, यो मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि यस नगरपालिकाका सम्पूर्ण कर्मचारी एवं पदाधिकारीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

शान्ति रत्न शाक्य
नगर प्रमुख
मिति : २०८१ असार १० गते

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रे
बागमती प्रदेश, नेपाल

नगर उपप्रमुखको मन्तव्य

बनेपा नगरपालिकाले नेपालको संविधान र अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ ले व्यवस्था गरे अनुरूप प्रत्येक वर्ष नगरपालिकाको मध्यमकालीन सोच, उद्देश्य, रणनीति तथा प्राथमिकताहरू समेत तय गरी मध्यमकालीन खर्च संरचना तर्जुमा र अध्यावधिक गर्ने गरेको छ । मध्यमकालीन अबधिको समग्र नगरको बिकासका आबश्यकताहरू सम्बोधन गर्ने आधारको रूपमा यो खर्च संरचना तयार भएकोले नगरपालिकाको आगामी बर्षहरूको समेत योजना र बजेटको कार्यान्वयनका लागि यो दस्तावेज महत्वपूर्ण हुने अपेक्षा गरेको छु।

प्रस्तुत मध्यमकालीन खर्च संरचना (आ.व.२०८१/८२ - २०८३/८४) ले दिगो विकासका लक्ष्य तथा परिमाणात्मक सूचकहरू समावेश गरी वार्षिक कार्यक्रमहरूलाई समेत लक्ष्यसँग आन्तरिकीकरण गरी कार्यान्वयन गर्ने ध्येय राखेको छ। नेपाल सरकारले गरेको दिगो विकासको प्रतिवद्धतामा सन् २०३० सम्ममा न्यून (एक अङ्कको) र घट्दो निरपेक्ष गरीबी एवम् मध्यम आय भएको देशको रूपमा नेपाललाई स्थापित गर्ने दुरदृष्टि लिइएको छ। नेपाल सरकारको उक्त प्रतिबद्धतामा टेवा पुग्ने गरि बनेपा नगरपालिकाले मध्यमकालीन खर्च संरचनालाई दीगो विकासका लक्ष्य हासिल गर्ने कार्यमा परोक्ष योगदान गर्ने औजारको रूपमा यो दस्तावेजलाई दिगो विकास लक्ष्यमैत्री समेत बनाउने प्रयास गरेको छ। नगरपालिकाको समग्र, सन्तुलित र फराकिलो विकासका निम्ति सार्वजनिक खर्चको व्यबस्थापनलाई उत्पादनमुखी, अनुसाशित र प्रभावकारी बनाउदै नगरको समष्टिगत आर्थिक स्थायित्वलाई दिगो तथा सबल बनाउने कार्यमा मध्यमकालीन खर्च संरचना महत्वपूर्ण हुने विश्वास लिएको छु।

अन्त्यमा, यो दस्तावेज तयारीको क्रममा संलग्न नगरपालिकाका पदाधिकारी, विषयगत समितिका सदस्यहरू, कर्मचारी तथा शुभेच्छुकहरू र यस प्रक्रियामा आबश्यक सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

बिमला सापकोटा दाहाल
नगर उपप्रमुख
मिति : २०८१ असार १० गते

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रे
बागमती प्रदेश, नेपाल

प्राक्कथन

नेपालको संविधानले स्थानीय तहलाई समेत आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार सहित प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान नगर सभामा पेश गरी पारित गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसै गरि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। सम्बन्धित सबै संबैधानिक तथा कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै बनेपा नगरपालिकाले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (राष्ट्रिय योजना आयोग), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), दीगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका, २०७९ (राष्ट्रिय योजना आयोग) र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संघ) ले दिशानिर्देश गरे अनुसार यस मध्यमकालीन खर्च संरचना (आ.व.२०८१/८२ - २०८३/८४) तर्जुमा भएको छ।

उल्लेखित संबैधानिक तथा कानूनी दायित्वका अतिरिक्त उपलब्ध सिमित स्रोत र साधनको उपयोग गर्दै बनेपा नगरपालिकाले नगरको बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्नुपर्ने हुन्छ । विगत दशकहरूमा जलवायुजन्य विषमता एवम् विपद्का घटना, आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर पनि निरन्तर बढ्दो रूपमा महसुस गरिएको छ। यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा नगरपालिकाले समेत विश्वका साझा हित अनुसारका विकास लक्ष्यहरू हासिल गर्ने ध्येयमा आफ्नो काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीलाइ समेत सोहि अनुरूप तादम्यता कायम गराउनमा मध्यमकालीन खर्च संरचना महत्वपूर्ण हुने अपेक्षा गरेको छु। अन्तमा, यस नगरपालिकाको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि नगरपालिकाका पदाधिकारी, विषयगत समितिका सदस्यहरू, कर्मचारी तथा शुभेच्छुकहरू र यस प्रक्रियामा आबश्यक सहयोग गर्नुहुने सबैमा हार्दिक आभार ब्यक्त गर्दछु।

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

विषयसूची

बिषय	पेज नं

तालिका सूची

ग्राफ /चित्र सूची

परिच्छेद १

परिचय

१.१ अवधारणा

नेपालको संविधानको भाग ५ को धारा ५६ र ५७ ले तीन तहको राज्य संरचनाको निर्माण गरी तीनवटै तहलाई आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने समेतका अधिकार दिएको छ। यसैगरी नेपालको संविधानको धारा २३० ले नगरपालिकाको हकमा प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन वमोजिम नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले पनि नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। साथै वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विश्लेषण गर्नु आवश्यक रहेको छ।

त्यस्तैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । सो ऐनको दफा १७ अनुसारको स्थानीय सरकारले समेत यसै ऐनको दफा १६ अनुसारको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानुनी व्यबस्था छ। यस्तो खर्च संरचनामा समावेश हुन कार्यक्रमका विषयमा योजनाको उद्देश्य, योजनाको संभाव्यता अध्ययन वा खर्चको आवश्यकताको विवरण, कार्यान्यनमा आउने आर्थिक वर्ष तथा त्यसपछिका दुई वर्षमा प्राप्त हुने प्रतिफल र उपलब्धी, योजना लागु गर्न आवश्यक पर्ने खर्च विवरण, खर्च व्यहोर्ने स्रोत र प्रतिफल तथा उपलब्धी प्रक्षेपण, मध्यम अवधिको खर्च रणनीति र वार्षिक खर्चसँगको तादाम्यता र चालु आयोजना भए गत वर्षको खर्च र लक्ष प्राप्तिको अवस्था जस्ता विषयहरू समावेश हुनुपर्दछ।

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा खर्च संरचनामा समावेश हुने योजना, कार्यक्रम तथा परियोजनाको उद्देश्य, आगामी वर्ष तथा त्यसपछिका दुई वर्षमा प्राप्त हुने अनुमानित प्रतिफल तथा उपलब्धी समेत समावेश हुन्छ। यसरी तयार गरिएको मध्यमकालीन खर्च संरचनाले सरकारले परिचालन गर्न सक्ने स्रोत साधनको वैज्ञानिक ढङ्गले अनुमान लगाई त्यस्तो साधनलाई आवधिक योजनाले प्राथमिकतामा राखेका क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गरी साधनको प्रयोगको प्रभावकारिता बढाउनमा मद्दत गर्दछ।

प्रस्तुत बनेपा नगरपालिकाको मध्यमकालीन खर्च संरचना मुलतः नेपालको संविधान, नगर कार्यपालिका कार्य विभाजन नियमावली, नगरपालिकाको विगतका नीति तथा कार्यक्रम र वार्षिक बजेटले लिएका सोच, उद्देश्य, नीति तथा प्राथमिकता समेतलाई मध्येनजर गरी तयार गरिएको छ।

१.२ मध्यमकालीन खर्च संरचनाको औचित्य

नेपालको संविधानको पूर्ण कार्यान्वयन गर्दै समृद्धि र विकास प्रतिको जनआकांक्षालाई पूरा गर्न स्रोतको उच्चतम तथा दिगो प्रयोग र सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुन आवश्यक छ। सार्वजनिक स्रोतको समुचित विनियोजन तथा विनियोजित रकमको प्रभावकारी ढङ्गले उपयोग गर्नु सबै तहका सरकारहरूको पहिलो प्राथमिकताको विषयहरू हुन । यसको लागि सार्वजनिक स्रोतको विनियोजन गर्ने सम्बन्धमा सिमित स्रोतलाई मध्यनजर गरी उत्पादन तथा पुर्वाधार निर्माणसँग जोडिएका क्षेत्रलाई आवश्यकताको दृष्टिले पहिलो तथा दोश्रो श्रेणीमा राखी क्षेत्रगत र विषयगत रूपमा प्रयोग हुने गरी आदर्शतम प्रणालिको विकास गर्नु आवश्यक हुन्छ । साथै कार्यक्रम तथा आयोजनाको कार्यान्वयका लागि स्रोतको सुनिश्चितताको गर्नु पनि अति आवश्यक हुन्छ।

स्थानीय तहको प्रक्षेपित खर्च र स्रोतवीच सन्तुलन कायम गर्नु, वित्तीय अनुशासन कायम गर्नु, गैर–बजेटरी अभ्यासमा नियन्त्रण हुनु, कार्यक्रम तथा आयोजनाको लागि साधन र स्रोतको सुनिश्चितता हुनु, बजेट तर्जुमाको प्रकृया बैज्ञानिक तथा भरपर्दो र विश्वसनीय हुनु अपरिहार्य छ। त्यसैगरी बजेट विनियोजन र विनियोजित साधनको प्रयोगमा कुशलतामा अभिवृद्धि आई र स्थानीय गौरवका आयोजनाको लागि स्रोत विनियोजनमा सुनिश्चितता हुनु आवश्यक देखिन्छ । त्यसैगरी स्थानीय तहको बजेट, नीति तथा कार्यक्रमले संघीय सरकार, प्रदेश सरकार र स्थाीय तहको समेत आवधिक योजना सापेक्ष रहेर सवै लक्ष्यहरू हासिल गर्ने ध्येय राख्नु आवश्यक छ। त्यसैगरी नेपाल पक्ष भएका अन्तरराष्ट्रिय प्रतिवद्धता पुरा गर्ने दायित्व संघ, प्रदेश र स्थानीय तहमा निहित रहेको छ।

यस नगरपालिकाले आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यमैत्री हुने गरी रुपान्तरण गर्दै बजेटको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने छ । नगरपालिकामा मध्यमकालीन खर्च संरचना तर्जुमाको प्रक्रियादेखि नै कार्यक्रम र बजेटलाई दिगो विकास लक्ष्यसँग तादम्यता मिलाउदै लैजाने बिधि र पद्दतिको विकासले बजेटको कार्यान्वयन मार्फत दिगो विकासका लक्ष्यहरू समेत हासिल हुने अवस्थाको सिर्जना हुने विश्वास लिईएको छ। मध्यमकालीन खर्च संरचनाले नीतिगत प्राथमिकतालाई वार्षिक कार्यक्रममा रुपान्तरण गर्दै आयोजनाको प्राथमिकीकरण समेत गरी स्रोतको सुनिश्चितता गर्ने भएकाले सार्वजनिक बित्तको प्रभाबकारी अभ्यास हुने औजारको रूपमा यो दस्ताबेज रहने लिईएको छ। वित्तिय संघीयताको कार्यान्वयन र सार्वजनिक वित्तको अभ्यासमा स्थानीय तह नागरिकसँग सबैभन्दा बढी सन्निकट भई कार्य गर्ने सरकार हो। यो अर्थमा दिगो विकास लक्ष्यहरू र संघीय तथा प्रदेश सरकारका अन्य लक्ष्यहरूलाई मध्यमकालीन खर्च संरचना मार्फत बनेपा नगरपालिकाले कार्यक्रम तथा आयोजनामा आन्तरीकीकरण गराई कार्यान्वयनमा लैजाने अपेक्षा गरिएको छ।

दिगो विकासको अवधारणाले विकासका सामाजिक, आर्थिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकास जस्ता क्षेत्रलाई महत्व प्रदान गरेको छ। दिगो विकासका सुशासन तथा साझेदारी र सामाजिक क्षेत्रसम्बन्धी अधिकांश लक्ष्य तथा परिमाणात्मक सूचकहरू बजेटसँग नै सम्बन्धित रहेका छन्। स्थानीय सरकारले समेत आवधिक तथा वार्षिक लक्ष्य हासिल गर्ने विषयलाई दिगो विकासका लक्ष्यसँग आन्तरिकीकरण गरी तदनुरूपका रणनीति र सुचकहरूलाई सापेक्ष बनाउदै लैजानु आवश्यक छ। यो सन्दर्भमा स्थानीय सरकारले मुलुकले अन्तराष्ट्रियस्तर स्तरमा जाहेर दिगो

विकासका लक्ष्य हासिल गर्ने कार्यको प्रतिवद्धतामा परोक्ष योगदान पुग्ने किसिमले औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहने भएकाले यसको तर्जुमा गर्नु औचित्यपूर्ण छ। यसर्थ दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गर्ने ध्येयले उपक्षेत्रगत रूपमा समेत मध्यमकालीन नतिजा सुचक र लक्ष्यहरूलाई सम्भव भएसम्म दिगो विकासका लक्ष्य सूचकहरूसँग सन्निकट रहने गरी कायम गरिएको छ।

१.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

यस मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य नगरपालिकामा उपलव्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालिमा वित्तीय अनुशासन कायम गर्नु हो। साथै नगरपालिकाको सर्वाङ्गिंण, सन्तुलित, फराकिलो र दिगो विकासका लागि सार्वजनिक खर्चको व्यबस्थापनलाई उत्पादनमुखी, अनुसाशित र प्रभावकारी बनाउनु र वित्तीय स्रोतको उपलब्ध सीमा भित्रै बसेर प्राथमिकताको क्रम अनरूप वार्षिक योजना कार्यान्वयनको लागी स्रोतको सुनिश्चितता गर्दै समष्टिगत आर्थिक स्थायित्वलाई दिगो तथा भरपर्दो बनाउने प्रयास मध्यमकालीन खर्च संरचनाले गरेको छ। यस पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनाका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

(क) आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत–साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउदै आगामी दुई वर्षको बजेट खाका प्रक्षेपण गर्नु।

(ख) नगरपालिकाको कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(ग) नगरपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र अन्य स्रोतहरूको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

(घ) नगरपालिकाको सार्वजनिक खर्चको प्रभावकारी परिचालन गरी लक्षित प्रतिफल सुनिश्चित गर्नु,

(ङ) नगरपालिकाका वार्षिक बजेट अनुमानलाई उपलब्ध स्रोतहरू र खर्चको क्षमता दृष्टिले यथार्थपरक बनाउनु, र

(च) नगरपालिकाको सार्वजनिक खर्चलाई मितव्ययी, नतिजामुखी, जवाफदेहिता र आर्थिक अनुशासन कायम गर्दै समग्र वित्तीय व्यवस्थापनको कार्यलाई जोखिममुक्त बनाउनु।

१.४ मध्यमकालीन खर्च संरचनाका आधारहरू

नगरपालिकाको यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपालको संविधान र अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४, नेपाल सरकारको १६ औ योजनाको आधारपत्र र पन्ध्रौँ योजना दस्ताबेज, दिगो विकास लक्ष्यहरू, वाग्मती प्रदेशको पहिलो आवधिक योजनाको मार्गनिर्देशनहरू (दोस्रो योजना तर्जुमाको क्रममा रहेको), राष्ट्रिय योजना आयोगबाट तयार गरिएको संघ, प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गिकरण तथा बाँडफाँट मापदण्ड २०७६, वाग्मती प्रदेशका विभिन्न ऐन कानुन र निर्देशिका एवं योजना सम्वन्धि दस्तावेजहरूका अतिरिक्त नगरपालिकाका देहाय बमोजिमका दस्तावेज तथा कानुनहरूलाई आधार लिइएको छ।

१. बनेपा नगरपालिकाको आवधिक योजना – २०७८ (२०७९/८०–२०८३/८४),

२. बनेपा नगरपालिकाको विगतका अर्थ सम्वन्धि व्यवस्था गर्न बनेका आर्थिक ऐनहरू,

२. बनेपा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको आर्थिक कार्यविधि ऐनहरू,

३. बनेपा नगरपालिकाको विगतका विनियोजन ऐनहरूले लिएका सिद्धान्त, प्राथमिकता र प्रमुख नीति,

४. बनेपा नगरपालिकाका विगत वर्षका नीति तथा कार्यक्रमहरू,

५. बनेपा नगरपालिकाका जनप्रतिनिधीज्यूहरूसँग भएका छलफलहरू, र

५. बनेपा नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय, मध्यमकालीन खर्च संरचना कार्यदल र विषयगत योजना तर्जुमा समितिका निर्णयहरू आदि।

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यस मध्यमकालीन खर्च संरचना तर्जुमामा देहाय बमोजिमको विधि तथा प्रक्रिया अबलम्बन गरिएको छ:

चित्र १ : मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया



१.६.१ चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा

यो दस्ताबेज तर्जुमामा प्रयोजनका लागि विषयगत क्षेत्रगत उपलब्धि विवरण तयार गरी आवधिक योजनाका लक्ष्य, उद्देश्य र प्राथमिकता तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अवस्था समेतलाई विश्लेषण गरिएको छ । यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा उक्त समीक्षालाई आधार मानेर विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति विश्लेषण गरी आर्थिक खाका तयार गरिएको छ । आर्थिक खाकामा स्थानीय उत्पादन, पारिवारिक आय, उद्योग व्यापार एवं व्यवसाय, रोजगारी र आधारभूत खाद्य सुरक्षाको स्थितिको अनुपात समावेश गरिएको छ भने आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत र खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ ।

१.६.२ त्रि–वर्षीय खर्च प्रक्षपेण सहित कुल बजेटको आकार र स्रोतको आँकलन

यस दस्ताबेज तर्जुमामा प्रयोजनका लागि नगरपालिकाको आन्तरिक आयको प्रक्षेपण गर्दा राजस्व सुधार कार्ययोजना लाई मुख्य आधारको रूपमा लिइएको छ । साथै आन्तरिक आयलाई स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको प्रतिबेदन अनुसार प्रस्तुत गरिएको छ । आय तथा स्रोत अनुमानका आधारहरू सहित मध्यमकालीन बजेट खाका (परिच्छेद २ को २.६) मा उल्लेख गरिएको छ । साथै सङ्घ तथा प्रदेशबाट प्राप्त भएको अनुदान तथा राजस्व बाँडफाँटबाट रकमलाई पनि प्रक्षेपणमा समाबेश गरिएको छ । नेपाल सरकारबाट प्राप्त रोयल्टी रकमको प्रक्षेपण विगतका वर्षहरूमा प्राप्त रोयल्टीको प्रवृतिलाई आधार मानिएको छ । साथै विषयगत क्षेत्र/उपक्षेत्रगत खर्चको अनुमान तथा प्रक्षेपण आवधिक योजना कार्यान्वयन हुने गरी गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र तिनवर्षको खर्चको आवश्यकताको आधारमा गरिएको छ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आन्तरिक तथा बाह्य वित्तीय साधनको सम्भावना, राजस्व तथा व्ययको प्रक्षेपण र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको बजेटको आकार तथा थप २ आर्थिक वर्षको खर्च तथा स्रोतको आकार निर्धारण गरिएको छ ।

१.६.३ बजेट सीमा निर्धारण तथा बाँडफाँट

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी वर्षको कुल स्रोत तथा खर्चको प्रक्षेपणको आधारमा तीन वर्षको बजेट सीमा प्रक्षेपण गरिएको छ । साथै बजेट सीमा निर्धारण तथा स्रोतको बाँडफाँट गर्दा आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजनाको प्राथमिकता, लक्ष्य तथा उपलब्धिलाई आधार लिइएको छ । क्रमागत कार्यक्रम तथा आयोजनाहरूको सन्दर्भमा तिनको कार्यान्वयनको अवस्था र आयोजनाको पूर्व तयारीका कार्यहरू (सम्भाव्यता अध्ययन, लागत एकीन भैसकेको, वा विस्तृत आयोजना प्रतिवेदन तयार भैसकेको लगायत) सम्पन्न भैसकेको हकमा सो आयोजनालाई समेत बजेट बाँडफाँटमा संलग्न गरिएको छ ।

१.६.४ बजेट सीमा एवं मार्गनिर्देशनको स्वीकृति र विषयक्षेत्रगत मस्यौदा तयारी

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको अनुमान र प्रक्षेपण, विषय क्षेत्र/उपक्षेत्रगत बजेट सीमा र मार्गनिर्देशन (अनुसूची २) उपर कार्यपालिकामा छलफल गरी स्वीकृत

भएको छ । साथै, स्वीकृत बजेट सीमामा रहेर सम्बन्धित विषयगत महाशाखा/शाखाहरूबाट विषयक्षेत्रगत रूपमा समेत गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र चालु मध्यमकालीन खर्च संरचनाको आधारमा आगामी आर्थिक वर्ष (बजेट वर्ष) र थप २ आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण रहने गरी खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार भएको हो ।

१.६.५ प्रारम्भिक मस्यौदा तयारी

विषयक्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी सँगै नगरपालिकाको आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरूयोजनाको लक्ष्य र उपलब्धि सूचकका आधारमा विषय क्षेत्रगत मध्यमकालीन नतिजा खाका तयार गरिएको छ ।

आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरूयोजनामा समावेश भएका, वडा समितिबाट समेत प्राथमिकीकरण भएका र नगरपालिकाको समग्र विकासका लागि आवश्यक देखिएका कार्यक्रम तथा आयोजना एवं पर्ब तयारीका कार्यहरू सम्पन्न भैसकेका क्रमागत अथवा बहुबर्षीय आयोजनाहरू समेत समावेश गरी कार्यक्रम आयोजना विवरण तयार भएको छ ।

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी पश्चात कार्यक्रम तथा आयोजनाहरूको रणनीतिक स्तम्भ, प्राथमिकीकरण, दिगो विकास लक्ष्य, जलवायु संकेत एवम् लैंगिक संकेतको आधारमा सांकेतीकरण गरिएको छ । उल्लिखित विषयहरूका अतिरिक्त स्थानीय गौरवका आयोजना र विषय क्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण गरीएको छ । विषयगत महाशाखा/शाखाहरूले तयार गरेको विषयगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर कार्यदलमा छलफल समेत गरी सम्बन्धित विषयगत समितिमा पनि विषयगत छलफलका लागि प्रस्तुत गरिएको थियो ।

१.६.६ विषयगत समितिहरूमा छलफल

कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा र आगामी आर्थिक बर्षको बजेटमाथि सम्बन्धित विषयगत समितिमा छलफल गरिएको छ । छलफलमा मुलभूत रूपमा नेपालको संविधान प्रदत्त मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति एवं स्थानीय तहको अधिकार क्षेत्र, राष्ट्रिय दीर्घकालीन सोच, दिगो विकास लक्ष्य, राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना, यस नगरपालिकाको आवश्यकता एवं सम्भावनालाई मध्यनजर गरी कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका आधारहरूमा केन्द्रित भएको थियो ।

१.६.७ मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा

प्रस्त'त मध्यमकालीन खर्च संरचनामा आवधिक योजना तथा विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुग्ने गरी विगतको उपलब्धि, आय र खर्चको प्रवृत्तिको विश्लेषणको आधारमा आर्थिक खाका तयार गरिएको छ । आर्थिक खाका तयार गर्दा गत आर्थिक वर्षको यथार्थ अवस्था, चालु आर्थिक वर्षको अनुमानित उपलब्धिको आधारमा आगामी आर्थिक वर्षको लक्ष्य निर्धारण गरिएको छ । त्यसैगरी वाँकी २ वर्षको लक्ष्य निर्धारण गर्दा समेत आवधिक

योजनाको लक्ष्यलाई आधारको रूपमा लिइएको छ । नगरपालिकाको आवधिक योजनामा विषयगत क्षेत्र/उपक्षेत्रगत योजना नभएको सन्दर्भमा छलफलका आधारमा तय गरिएका लक्ष्य र उपलब्धि सूचक समेत समावेश गरी समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गरिएको छ । त्यसैगरी नगरपालिकाको आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण स्रोत पुस्तिकालाई आधार लिई खर्च तथा स्रोत अनुमान सहितको मध्यमकालीन बजेट खाका तर्जुमा गरिएको छ ।

विषयगत समितिमा छलफल पश्चात कार्यक्रम/आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहित तयार विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदाको तयार परामर्शकर्ताको सहजिकरणमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले गरेको थियो । बजेट तथा कार्यक्रम तर्जुमा समितिले विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन आर्थिक खाका, नतिजा खाका तथा बजेट खाका समावेश गरी मध्यमकालीन खर्च संरचनालाई अन्तिम रूप दिइएको छ ।

१.६.८ मध्यमकालीन खर्च संरचनाको स्वीकृति

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल गरी स्वीकृत पश्चात् अनुमोदनको निमित्त वार्षिक बजेट तथा कार्यक्रमको साथमा नगर सभामा पेश गरिएको छ ।

परिच्छेद २

मध्यमकालीन खर्च संरचना

२.१ पृष्ठभूमि

नेपालको संविधानले लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गर्दै नेपाललाई समाजवाद उन्मुख राज्यको रूपमा परिभाषित गरेको छ। यस जगमा उभिएर समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने विषयलाई राज्यको प्रमुख आर्थिक उद्देश्य बनाइएको छ। यो आर्थिक उद्देश्य हासिल गर्न नेपाल सरकारले राष्ट्रिय स्तरमा समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच अघि सारेको छ। नगरपालिकामा समेत त्यो सोच त्यतिबेला मात्र नतिजामा पुग्न सक्दछ जतिबेला नगरपालिकासँग अहिले रहेको, आगामी वर्ष र भविष्यमा प्राप्त हुने भनी सुनिश्चित भएका तथा भोलीका दिनमा परिचालित हुन सक्ने संभावित स्रोतको समुचित र प्रभावकारी ढङ्गले आँकलन, परिचालन र व्यबस्थापन हुने वातावरण बन्दछ। तसर्थ नगरपालिकाले निर्माण गर्ने योजना, बजेट तथा कार्यक्रमहरू प्रभावकारी रूपले कार्यान्वयन गर्नको लागि स्रोतको उच्चतम सदुपयोग गर्न सक्नु पर्दछ। यसको लागि मध्यमकालीन खर्च सरचनाले महत्वपूर्ण भुमिका खेल्दछ। किनभने मध्यमकालीन खर्च संरचनाले साधनको विनियोजनमा कुशलता र दक्षतापुर्वक गर्न सहयोग पु¥याउँछ। यसले योजना कार्यान्वयन र वित्तीय व्यबस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्ने प्रमुख औजारको रूपमा काम गर्दछ। यसै उपादेयतालाई मध्यनजर गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले तीनै तहका सरकारले आ-आफ्नो तहको व्यबस्थापिकामा आगामी वर्षको वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा अगामी तीन वर्षको खर्च संरचना समेत तर्जुमा गरी प्रस्तुत गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ। तसर्थ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ तथा १७ को प्रयोजनार्थ आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्चसंरचना तयार गरी नगर सभामा प्रस्तुत गरिएको छ।

प्रस्तुत पृष्ठभूमिमा पछिल्लो समय मुलुकको समग्र अर्थतन्त्रमा सिथिलता देखिएको सन्दर्भमा नगरको आर्थिक क्रियाकलापलाई गतिशील बनाउनको लागि नगर क्षेत्रमा पर्याप्त उद्योग व्यबसायको प्रवद्र्धन गर्ने, थला परेका उद्योग व्यबसायको पुनर्रुत्थान गर्ने, थप रोजगारी सिर्जना गर्न व्यबसायको नवप्रबर्दन गर्ने कार्यहरूले अपेक्षा अनुसार हुन सकेका छैनन्। यी समग्र आर्थिक चुनौतीहरूको समेत सम्बोधन गर्दै मध्यमकालीन खर्च संरचनाको खाका सहित आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तर्जुमा गर्नुपर्ने दायित्व नगर कार्यपालिकाको छ। नगरको अर्थतन्त्रको अवस्थालाई मध्यनजर गर्दै त्यसको थप असर तथा प्रभावलाई न्यूनीकरण गर्ने, रोजगारी, सुधार र पुनरुत्थान समेतका कार्यक्रममा जोड दिदै अपेक्षित दरमा आर्थिक वृद्धि हुनेगरी मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। यस पृष्ठभूमिमा नेपालको संविधानले परिकल्पना गरे बमोजिमको समाजवाद उन्नुख कल्याणकारी अर्थ व्यवस्था कायम गर्ने सोचलाई मनन गर्दै नगर सरकारको नीति तथा कार्यक्रममा उल्लिखित दीर्घकालीन लक्ष्य हासिल गर्न तथा नेपाल सरकारको सोच, लक्ष्य तथा प्राथमिकतासँग सामञ्जस्य हुने गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ।

२.२ चुनौती तथा अवसर

नेपालको संबिधानले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्नुका अतिरिक्त लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने लक्ष्य लिएको छ । संविधानले परिलक्षित गरेको सुशासन, विकास र समृद्धिको आकांक्षा त्यतिबेला मात्र पुरा हुन्छ जतिबेला स्थानीय सहित सवै तहका सरकारले जनताको आकांक्षासँग जोडिएका आर्थिक, सामाजिक एवं पूर्वाधार सम्बन्धी आवश्यकताहरूलाई तिनिहरूको सघनता र गहनता अनुसार प्राथमिकिकरण गरी उपलब्ध साधन र स्रोतको समुचित व्यवस्थापन, परिचालन र उपयोग गर्न सक्दछन् । तर सार्वजनिक स्रोतको विनियोजन गर्ने क्रममा स्रोतको सिमिततालाई ख्याल गरी प्राथमिकता एवं आवश्यकताको दृष्टिकोणले सम्बन्धित विषयमा मितव्ययी रूपले बजेट खर्च गर्ने प्रणालिको विकास गर्ने कार्य आज पनि स्थानीय लगायत सवै तहका सरकारहरूको लागि चुनौतीपूर्ण रहेको छ । सार्वजनिक स्रोतको समुचित विनियोजन गरी सो रकमको प्रभावकारी ढङ्गले उपयोग गर्न, कार्यक्रम तथा आयोजनाको स्रोत सुनिश्चित हुने परिपाटी स्थापित गर्न एवं सार्वजनिक वित्तको अभ्यास र व्यबस्थापनलाई उत्पादनमुखी बनाउन मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भुमिका रहने भएपनि यसको निर्दिष्ट सोच र उद्देश्यलाई वार्षिक विकास कार्यक्रम समेत तादम्यता गर्ने अभ्यास स्थापित हुन नसक्नु अर्को चुनौती देखिएको छ ।

त्यसैगरी स्थानीय तह भित्रका जीवन्त स्रोत र सम्भावनाहरूको पहिचान गरी तिनिहरूलाई प्रतिफल योग्य वनाउनु, विषय क्षेत्रगत रणनीतिको कार्यान्वयन गरी आम्दानीको वितरणलाई समतामुलक बनाउनु, चालु खर्चलाई मितव्ययी एवं पूँजीगत खर्चलाई नतिजापरक बनाउनु, जनसांख्यिकीय लाभका दृष्किोणले उमेर समुहका युवाशक्तिको समुचित परिचालनमार्फत स्थानीय विकासका कार्यमा तिव्रता दिनु, दिगो विकासको लक्ष्य एवं रणनीतिसँग तालमेल गरी स्रोत उपयोगको हक भविष्यका पुस्तामा हस्तान्तरण गर्नु, स्थानीय तह विशेषताका आधारमा परम्परागत विधिमा आधारीत उद्यमशिलताको संरक्षण तथा त्यसलाई परिस्कृत बनाउदै आर्थिक लाभलाई गुणात्मक बनाउनु, आधुनिक प्रविधिलाई उत्पादनमुखी कार्यसँग जोड्दै नवप्रवर्तनका कार्यहरूलाई समेत उत्पादकत्व वृद्धिको कार्ययोजनामा आवद्ध गराउनु र मध्यमकालीन खर्च संरचना अनुसारका विषयगत क्षेत्रगत सोच, लक्ष्य र रणनीति अनुसार संस्थागत क्षमता अभिवृद्धि गर्दै पूर्ण रूपमा वित्तिय संघीयताको अभ्यासमा स्थानीय तह सक्षम बनाउने कार्य चुनौतीपूर्ण छ ।

संविधानले नै कार्यक्षेत्र, अधिकार र जिम्मेवारीको स्पष्ट वाँडफाँट गरेकाले उपलव्ध स्रोतहरूको उच्चतम परिचालन र लगानी गर्दै प्रतिफल लिनसक्ने अवसर स्थानीय तहलाई प्राप्त छ । नेपालको वित्तिय संघीयताको अभ्यासमा तुलनात्मक रूपमा स्थानीय सरकारको प्रभावकारिता र कार्यक्षमता अन्य तहको भन्दा धेरै औचित्यपूर्ण देखिएको छ । स्थानीय सरकार जनताको दैनिकीसँग परोक्षरूपमा पहुच राख्ने भएकाले समेत सार्वजनिक वित्तको अभ्यासमा सहभागितामुक कार्यक्रम सञ्चालन गर्ने कार्यमा पनि स्थानीय तह तुलनात्मक रूपमा सक्षम देखिएका छन् । यस अर्थमा उपलव्ध स्रोतको परिचालन गरी आर्थिक, सामाजिक एवं पूर्वाधार विकास मार्फत समुन्नत र समृद्ध समाजको जग बसाउने र "समृद्ध नेपाल, सुखी नेपाली" को आधारस्तम्भहरू तयार गर्ने अवसर र जिम्मेवारी स्थानीय तहलाई प्राप्त छ । तसर्थ स्थानीय अर्थतन्त्रलाई समेत संविधानको लक्ष्य अनुसार मुलुकलाई समाजवाद उन्मुख, आत्मनिर्भर,

स्वतन्त्र तथा उन्नयनशील बनाउने र दिगो विकास लक्ष्य हासिल गरी समृद्धिको मार्गमा अग्रसर गराउने कार्यमा स्थानीय तहले समेत टेवा दिनु अपरिहार्य छ, जुन कार्यलाई अबसरको रूपमा उपयोग गर्नु आवश्यक छ।

बनेपा नगरपालिका क्षेत्र उच्च मात्रामा जीवन्त स्रोत र सम्भावनाहरू रहेको, पूँजीको उपयोग एवं नयाँ पूँजीको उत्सर्जन गर्ने कार्यमा सफल देखिएको, उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान हुने गरी औद्योगिक नगरका रूपमा रुपान्तरण हुने क्रममा रहेको, मुलुकको सेवा क्षेत्रमा उल्लेख्य योगदान गर्ने किसिमले पूर्वाधारहरू निर्माण भैरहेको, संघीय राजधानिको सन्निकटका कारण संघीय सरकारका आवश्यक सेवा एवं पूर्वाधारहरू परिपूर्ति गर्ने प्रकारका कतिपय ठुला परियोजनाहरू समेत सञ्चालन भैरहेको, संघीय राजधानिको सन्निकट एवं परोक्ष बजार पँहुचका कारण नीजि तथा वहुराष्ट्रिय लगानी समेत आकर्षित भइरहेको र कृषि, पर्यटन, व्यापार व्यवसाय र अन्य आयआर्जनको गतिविधिहरूमार्फत समावेशी रूपमा स्थानीय अर्थतन्त्रको विकास एवं गरिबी निवारण गर्ने कार्यमा सवै प्रकारका स्रोतहरू अवरोधमुक्त भई समुचित उपयोग गर्न परिस्थितिलाई समेत अवसरको रूपमा लिइएको छ।

२.३ सोच, उद्देश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपालको संविधान, नेपाल सरकारको दीर्घकालीन सोच: २१०० सहित १६ औ योजना, दिगो विकास लक्ष्य समेतका रणनीतिहरू, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४, राष्ट्रिय योजना आयोगबाट तयार गरिएको संघ, प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गिकरण तथा बाँडफाँट मापदण्ड २०७६, वाग्मती प्रदेश सरकारका चालु तथा विगत वर्षहरूका नीति तथा कार्यक्रम, वाग्मती प्रदेश सरकारको कार्य विभाजन नियमावली र प्रदेश सभामा प्रस्तुत विगतका विनियोजन ऐनले अबलम्बन गरेका सिद्धान्त तथा प्राथमिकता र नगरका समेत नीति तथा योजना लगायतका कुराहरूलाई आधार बनाइएको छ । उल्लिखित दस्तावेजहरूको आधारमा बनेपा नगरपालिकाको आवधिक योजना– २०७८ (२०७९/८०–२०८३/८४) मा समेटिएका आर्थिक, सामाजिक लगायत विषयगत एवं क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिलाई प्रतिबिम्वित गर्ने गरी यस मध्यमकालीन खर्च संरचनाको समग्र र क्षेत्रगत सोच, उद्देश्य तथा रणनीति निर्धारण गरिएको छ। मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, उद्देश्य तथा रणनीति देहाय बमोजिम छन्।

२.३.१ दीर्घकालीन सोच

“कृषि, पर्यटन र व्यापार, बनेपा नगर विकासको मूल आधार”

२.३.२ उद्देश्य

क. कृषि, पशुपालन र उद्योग व्यवसायको माध्यमद्धारा रोजगारी र आयमा वृद्धि गरी नगरपालिकाको समृद्धीको आधार निर्माण गर्नु।

ख. दिगो विकासका लक्ष्य तथा रणनीतिहरूसँग सापेक्ष हुने गरी प्राकृतिक स्रोत साधनहरूको उपयोग गर्दै आर्थिक र सामाजिक पुर्वाधारहरूको विकास गर्नु।

ग. आधारभूत स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षामा माध्यमबाट सामाजिक क्षेत्रको पुनरुत्थान गरी नगरपालिकाका नागरिकहरूको जीवनलाई परिष्कृत वनाउनु।

घ. विद्यमान सामाजिक र भौतिक पूर्वाधारहरूको सापेक्ष संरक्षण एवं पूर्वाधारहरूको विकासलाई समेत वातावरणमैत्री र दिगो बनाउनु।

ङ. सामाजिक न्याय सहितको जवाफदेही सार्वजनिक सेवा र संस्थागत सुशासन कायम गरी नगरपालिकाको सेवालाई प्रभाकारी बनाउनु।

च. संविधान प्रदत्त मौलिक हक अधिकारको पूर्ण कार्यान्वयन गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणको लागि टेवा पुर्याउनु।

२.३.३ रणनीति

बनेपा नगरपालिकाको आवधिक योजना– २०७८ (२०७९/८०–२०८३/८४) मुलत नेपाल सरकारको पन्ध्रौं योजनाका रणनीतिहरू र वाग्मती प्रदेश सरकारको पहिलो आवधिक योजना (२०७६/७७ –२०८०/८१) का आधारमा उक्त रणनीतिहरूसँग तादम्यता कायम हुने गरी तयार गरिएको थियो। यधपी नेपाल सरकारले १६ योजना तर्जुमा गरी कार्यान्यन गरको सन्दर्भमा यस मध्यमकालीन खर्च संरचनाले नगरपालिकाको आवधिक योजनाको रणनीतिहरूलाई नै ग्रहण गर्नुपर्ने हुन्छ। साथै सोहि रणनीतिमा आधारित भई मध्यमकालीन खर्च संरचनाले रणनीतिक रूपमा बजेट वाँडफाँट गर्ने र कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुपर्ने हुन्छ। तर यस नगरपालिकाको आवधिक योजनाले बुँदागत रूपमा २४ वटा रणनीति तथा कार्यनीति प्रस्तुत गरेको सन्दर्भमा मध्यमकालीन खर्च संरचनाले तिनै बुँदागत रणनीति तथा कार्यनीतिमा आधारीत भई ६ वटा प्रमुख रणनीतिहरू तय गरेको छ। तसर्थ यस नगरपालिकाको मध्यमकालीन रणनीतिहरू देहाय अनुसार निर्धारण गरिएको छ:

मध्यमकालीन रणनीति		आवधिक योजनाको रणनीति
(१) आर्थिक आत्मनिर्भरताको स्थिति निर्माण गर्न कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने	-	रणनीति १, २, ३, ४, ५, १०, २०, २१, २२, २३ सँग सम्वन्धित
(२) अनिवार्य, सर्वसुलभ एवं गुणस्तरीय शिक्षा र उद्यमशीलता उन्मुख शिक्षा पद्धतिको सुनिश्चतता गर्ने	-	रणनीति ६, ७ र १४ सँग सम्वन्धित
(३) अनिवार्य आधारभूत र गुणस्तरीय स्वास्थ्यको प्रत्याभूतिमार्फत नगरवासीको जीवन परिष्कृत वनाउने	-	रणनीति १२ सँग सम्वन्धित
(४) मानवपूँजी निर्माण र सशक्तिकरण सहित युवा, महिला र लक्षित वर्गसमुहहरूलाई आर्थिक तथा सामाजिक कार्यमा संलग्न गराउने	-	रणनीति ७, १२ र १५ सँग सम्वन्धित
(५) दिगो विकासका लक्ष्यहरूसँग तादम्यता गरी स्रोतहरूको संरक्षण र परिचालनमार्फत उत्पादनशीलताको विकास गर्ने	-	रणनीति ८, ९, १३, १४, १५, १९, २४ सँग सम्वन्धित
(६) सार्वजनिक सेवाको सुदृढीकरण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण र पूर्वाधारयुक्त नगर निर्माण गर्ने	-	रणनीति ११, १६, १७ र १८ सँग सम्वन्धित

उल्लिखित रणनीतिहरूका अतिरिक्त रोजगारी र सम्भाव्य रोजगारीको क्षेत्रका लागि आवश्यक सिपयुक्त जनशक्ति निर्माणमा लगानी गर्ने, आर्थिक सम्भावनाका आधारमा कृषि, पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

कृषि क्षेत्रका उद्योगहरूलाई विकासको सम्वाहक वनाउने, वन एवं वातावरण लगायत प्राकृतिक क्षेत्रको संरक्षण तथा व्यवस्थापन गरी दिगो उपयोग गर्ने, भूउपयोग योजना तर्जुमा गरी एकिकृत वस्ति विकास कार्यक्रम लागु गर्ने, सवै मूर्त एवं अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण गरी पर्यटकको आगमनलाई गुणात्मक वृद्धि गर्ने, क्षमता र सिपमा आधारीत स्थानीय एवं उद्यमशीलता प्रवद्र्धन गर्ने, लगानीका लागि सार्वजनिक, निजी, साझेदारीको सिद्धान्त अनुसार कार्यहरू सञ्चालन गर्ने र समग्र नागरिकहरूको जीवन रक्षा गर्ने जस्ता सहायक रणनीतिहरू समेत निर्धारण गरी कार्यान्वयन गरिनेछ।

साथै समग्र उद्देश्य, नीति तथा रणनीतिहरू कार्यान्वयनका आवश्यक कार्यक्रमको तर्जुमा र कार्यान्वयमा विशेष जोड दिने र संघीय सरकार एवं प्रदेश सरकारबाट समेत प्राप्त हुन सक्ने सबै किसिमका स्रोतहरू (राजस्व बाँडफाँट, समपुरक तथा विशेष अनुदान, राजश्व वाँडफाँट, साझेदारी र सहलगानी समेतका माध्यम) बढी भन्दा बढी प्राप्त गर्नको लागि आवश्यक आधार तयार गर्ने, आन्तरिक स्रोत परिचालन गर्ने सम्बन्धमा पहिलो प्राथमिकता नागरिकले पाउने, सेवा सुविधामा अभिवृद्धि गरी सेवाग्राहीले तिरेको कर तथा शुल्क समेत प्रभावकारी ढङ्गले उपयोग भएको छ भन्ने कुरामा विश्वास दिलाउने गरी कर र गैरकरका दायरा विस्तार गर्ने जस्ता अन्य सहायक रणनीतिहरूलाई समेत कार्यान्वयन गरिनेछ।

२.४ मध्यमकालीन आर्थिक खाका

नेपाल सरकारको दिर्घकालिन राष्ट्रिय सोच २१००: 'समृद्ध नेपाल, सुखी नेपाली, तथा प्रदेश सरकारको सोच ''सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश'' ले लिएका आर्थिक उद्देश्यहरू हासिल गर्नमा सहायक सिद्ध हुने गरी मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्यहरू तय गरिएको छ । यस नगरपालिकाको मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्यहरू निर्धारणका आधारहरू देहाय बमोजिम रहेकाछन्ः

१. नगरपालिका क्षेत्रमा समग्र आर्थिक गतिविधिहरू, उपलब्ध विविधतापूर्ण प्राकृतिक र अन्य स्रोतहरू,

२. उपलब्ध स्रोतको उपयोग गर्न सक्ने क्षमता एवं त्यसको समेत आधारहरू, उपलव्ध भौतिक तथा अन्य सामाजिक संरचनाहरू र मानविय जनशक्तिहरू,

३. काठमाडौं उपत्यका सन्निकटको नगरपालिका भएको र नगरपालिकाको समग्र आर्थिक गतिविधिहरू राजधानी केन्द्रित रहेकाले भौगोलिक सुगमता एवं अवसरहरू, र

४. नगरपालिकाको अन्य सवल एवं दुर्वल पक्ष र अवसर तथा चुनौतिहरू

उपरोक्त आधारहरूका अतिरिक्त यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० सम्मको उपलव्धि र आर्थिक वर्ष २०८०/८१ को अनुमानित उपलव्धिको विश्लेषण गरी आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख समष्टीगत आर्थिक लक्ष्यका रूपमा मध्यमकालीन आर्थिक खाका देहाय बमोजिम निर्धारण गरिएको छ। आर्थिक बर्ष २०८०/८१ को बागमती प्रदेशको उपलब्धि अनुमान समेत तुलनायोग्य रहेकोले तालिकामा एक साथ प्रस्तुत गरिएको छ।

तालिका १ : नगरपालिकाको मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)

क्र.सं.	सूचक/लक्ष्य	एकाई	२०७९/८० को यथार्थ	२०८०/८१ को अनुमान	नगरपालिकाको मध्यमकालीन लक्ष्य			२०८०/८१ को अनुमान (बागमती प्रदेश)
					२०८१/८२	२०८२/८३	२०८३/८४	
१	**बार्षिक उत्पादन/आय**	**रु.लाखमा**	७६,४४९	८७,६४७	९१,११८	९५,६७४	१००,४५७	२०,७४२,७००
क	कृषि क्षेत्रको उत्पादन/आय	रु.लाखमा	९,१७४	१०,५१८	१०,९३४	११,४८१	१२,०५५	२,४८९,१२४
ख	गैर कृषि (उद्योग, सेवा र सार्वजनिक क्षेत्रको_उत्पादन/आय)	रु.लाखमा	६६,८९५	७६,८६७	८०,१८४	८४,१९३	८८,४०३	१८,२५३,५७६
२	प्रतिव्यक्ति वार्षिक कूल गार्हस्थ्य उत्पादन	डलर	२,४३०	२,५३२	२,६३३	२,७३९	२,८४८	२,४८४
३	बेरोजगारी दर	प्रतिशत	७.००	६.३२	५.७१	५.१५	४.६५	५.८४

स्रोतः बनेपा नगरपालिकाको आवधिक योजना – २०७८ (२०७९/८०–२०८३/८४), मध्यमकालीन खर्च संरचना –२०८०, बागमती प्रदेश आर्थिक सर्बेक्षण २०८१, केन्द्रिय तथ्यांक विभागको आर्थिक सर्वेक्षण (२०१८) र अन्य दस्तावेजहरू ।

२.५ मध्यमकालीन नतिजा खाका

प्रस्तुत मध्यमकालीन समष्टिगत नतिजा खाका नेपाल सरकारको १६ औ योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी निर्धारण गरिएको छ । यस नगरपालिकाको मध्यमकालीन समष्टिगत नतिजा खाका निर्धारणका अन्य आधारहरू देहाय बमोजिम रहेकाछन्:

१. बनेपा नगरपालिकाको आवधिक योजना–२०७८ (२०७९/८०–२०८३/८४) योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धिहरू,
२. दिगो विकासका लक्ष्यलाई नगरपालिकामा आन्तरिकीकरण गर्ने ध्येय सहित सापेक्षिक रूपमा दिगो विकासका लक्ष्य सूचकहरूसँग सन्निकट रहने गरि आधार वर्ष आर्थिक बर्ष २०७९/८० सम्ममा प्राप्त विषय क्षेत्रगत सूचकहरू,
३. विगतका आर्थिक वर्षहरूको उपलब्धि र चालु वर्ष २०७९/८० को अनुमानित उपलब्धिको अवस्थाहरू ।

उल्लिखित आधारहरूलाई दृष्टिगत गरि आर्थिक बर्ष २०८०/८१ देखि २०८२/८३ सम्मको प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य देहाय बमोजिम प्रस्तुत गरिएको छ:

तालिका २ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

क्र.सं.	सूचक	एकाइ	०७९.८० को उपलब्धि	०८०.८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
					२०८१/८२	२०८२/८३	२०८३/८४
१	आर्थिक वृद्धिदर	प्रतिशत	४.६५	४.००	६.५	७.५	८
२	मानव विकास सूचकांक	अंक	०.६३६	०.६४	०.६३९	०.६४२	०.६४५
३	कृषि क्षेत्रको वृद्धिदर	प्रतिशत	४.६५	३.९६	५.००	५.००	६.००
४	सेवा क्षेत्रको वृद्धिदर	प्रतिशत	४.९१	४.३१	६.००	६.००	६.५०
५	कुल गार्हस्थ उत्पादनमा उद्योग व्यापार क्षेत्रको योगदान	प्रतिशत	१०.३	१०.३०	११.२	१२.१	१३
६	३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या	प्रतिशत	७२.५०	७६.८५	८१.४६	८६.३५	९१.५३
७	पक्कि सडक (कालोपत्रे)	कि.मि.	२६	२८.००	३०	४०	५०

क्र.सं.	सूचक	एकाइ	०७९.८० को उपलब्धि	०८०.८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
					२०८१/८२	२०८२/८३	२०८३/८४
८	साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	७९.११	८३.०७	८७.२२	९१.५८	९६.१६
९	महिला साक्षरता दर	प्रतिशत	७३.४६	७७.१३	८०.९९	८५.०४	८९.२९
१०	आधारभूत तहमा खुद भर्ना दर	प्रतिशत	९६.८०	९८	१००	१००	१००
११	बालिका खुद भर्ना दर (आधारभूत)	प्रतिशत	९५.९०	९७.९०	१००	१००	१००
१२	बालक खुद भर्ना दर (आधारभूत)	प्रतिशत	९६.४०	९८.४०	१००	१००	१००
१३	आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या	प्रतिशत	७८.३२	८५	९०	९३	९३
१४	पूर्ण खोप प्राप्त वालवालिका (१ वर्ष भन्दा कम)	प्रतिशत	९५.००	९९	१००	१००	१००
१५	सुरक्षित आवासमा बसोबास गर्ने (भवन संहिता पूर्ण पालना गर्ने)	प्रतिशत	८४.३८	८७.८८	९१.३८	९४.८८	९८.३८
१६	खाना पकाउन परम्परागत उर्जा काठ÷दाउरा प्रयोग गर्ने परिवार	प्रतिशत	१२.०१	११.०५	१०.१७	९.३५	८.६१
१७	नविकरणीय उर्जा (वायोग्यास) खाना पकाउन प्रयोग गर्ने परिवार	प्रतिशत	०.५५	१.६५	२.४८	३.०९	३.०९
१८	व्यवस्थित खानेपानी (धाराको पानी)को पहुँचमा आवद्ध परिवार	प्रतिशत	६४.९७	६९.९७	७४.९७	७९.९७	८४.९७
१९	व्यवस्थित ढलको पहुँचमा आवद्ध परिवार	प्रतिशत	४८.१६	५३.१६	५८.१६	६३.१६	६८.१६
२०	महिलाको स्वामित्वमा घर÷जग्गा वा कुनै एक रहेको अनुपात	प्रतिशत	२७.६४	२९.०२	३०.४७	३१.९९	३३.५९

स्रोतः बनेपा नगरपालिकाको आवधिक योजना – २०७८ (२०७९/८०–२०८३/८४), मध्यमकालीन खर्च संरचना –२०८०, बागमती प्रदेश आर्थिक सर्बेक्षण २०८१, केन्द्रिय तथ्यांक विभाग र अन्य दस्तावेजहरू ।

२.६ मध्यमकालीन बजेट खाका

➢ मध्यमकालीन बजेट खाकाको तयारीका लागि स्रोतको अनुमान तथा प्रक्षेपण गर्दा देहायका विषयहरूलाई आधार लिईएको छ ।

क) नेपालको संविधान तथा अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (अनुसुचि ३ समेत) अनुसार बनेपा नगरपालिकाले आधार तथा दर तोकेर परिचालन गरेको र आगामी दिनमा परिचालन हुन सक्ने कर तथा गैरकर समेतका राजस्व रकम,

ख) अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को व्यबस्था अनुसार नेपाल सरकारले संकलन गरी संघीय विभाज्य कोष मार्फत नगरपालिकालाई प्राप्त भएको र आगामी दिनमा प्राप्त हुने मुल्य अभिवृद्धि कर तथा वस्तु तथा सेवाको आन्तरिक कारोवारमा लागेको अन्तःशुल्क सहितको राजश्व बाँडफाँट वापतको रकम, र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ (अनुसुचि ४ समेत)को व्यबस्था अनुसार संघीय

सरकारबाट संकलित भई संघीय विभाज्य कोष मार्फत नगरपालिकालाई प्राप्त भएको र आगामी दिनमा प्राप्त हुने प्राकृतिक स्रोत वापतको रोयल्टी रकम,

ग) नेपालको संविधान तथा अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ दफा १ र २ को व्यबस्था अनुसार संघीय तथा प्रदेश सरकारवाट नगरपालिकालाई प्राप्त भएको तथा नेपाल सरकारबाट आगामी वर्षमा प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, समपुरक तथा विशेष अनुदान समेतका रकमहरू, र

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन (परिच्छेद ५) ले नगरपालिकाले बैदेशिक अनुदान तथा आन्तरिक ऋण समेत स्रोतको रूपमा उपयोग गर्न सक्ने व्यवस्था रहेपनि उक्त स्रोतहरू नेपाल सरकारको पूर्वस्विकृतिका अतिरिक्त आन्तरिक ऋण वित्त आयोगको समेत सिफारीसका आधारमा गर्नुपर्ने व्यवस्था रहेको तर बनेपा नगरपालिकाको आगामी तिन वर्षसम्म उल्लिखित स्रोतहरू उपयोग गर्ने कार्ययोजना नरहेकाले सोहि अनुसार सगम्र स्रोतको अनुमान तथा प्रक्षेपण गरिएको।

➢ बजेट खाकाको तयारीका लागि खर्चको प्रक्षेपण गर्दा देहायका विषयहरूलाई आधार लिईएको छ:

क) बनेपा नगरपालिकाको आवधिक योजना– २०७८ (२०७९/८०–२०८३/८४) को सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, विगतका वर्षहरूको वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य सहितका रणनीतिहरू, क्रमागत आयोजना तथा कार्यक्रमहरू, स्थानीय प्राथमिकता र स्रोत परिचालनको क्षमता,

ख) यस मध्यमकालीन खर्च संरचनामा उल्लिखित समष्टिगत आर्थिक एवं नतिजा खाका र विषयगत क्षेत्रगत कार्यक्रमका आयोजनाहरू कार्यान्वयन गर्न आवश्यक रकमहरू,

ग) दिगो विकासका निर्धारित लक्ष्य तथा रणनीतिहरूसँग तादम्यता हुने गरी कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन गर्न आवश्यक रकमहरू,

घ) नगर गौरवका आयोजनाहरू, पूर्वतयारी सम्पन्न भैसकेका (पूर्वसम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, डिपिआर, जग्गा विवाद निरूपण, वतावरणिय प्रभाव मूल्यांकन लगायत अन्य तयारी सम्पन्न भएका) आयोजनाहरू र तुलनात्मक रूपमा लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी स्रोत सुनिश्चित गरिएका आयोजना कार्यान्वयन गर्न आवश्यक रकमहरू, र

उल्लिखित आधारहरूका अतिरिक्त त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट देहाय बमोजिम रहेको छ।

तालिका ३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

क्र.सं.	विवरण	२०७९/८० को यथार्थ	२०८०/८१ को प्रस्तावित	मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु.हजारमा)			
				२०८१/८२	२०८२/८३	२०८३/८४	तीन वर्षको कुल
१.	**खर्च अनुमान**	**१,००२,१२५**	**१,३५४,९७२**	**१,२६४,५२६**	**१,३४९,२१८**	**१,४४७,२०८**	**४,०६०,९५२**
	चालु खर्च	५८९,९०५	६९७,९९६	७१०,७६५	७६३,८६९	८२१,००१	२,२९५,६३५
	पुँजीगत खर्च	३९९,७२०	६४४,४७६	५४१,२६१	५७२,८४९	६१३,७०७	१,७२७,८१७
	वित्तीय व्यवस्था	१२,५००	१२,५००	१२,५००	१२,५००	१२,५००	३७,५००

क्र.सं.	विवरण	२०७९/८० को यथार्थ	२०८०/८१ को प्रस्तावित	मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु.हजारमा)			
				२०८१/८२	२०८२/८३	२०८३/८४	तीन वर्षको कुल
२	**आय अनुमान**	**८७६,३४५**	**१,३५४,९७२**	**१,२६४,५२६**	**१,३४९,२१८**	**१,४४७,२०८**	**४,०६०,९५२**
२.१	**आन्तरिक आय**	**७८,७०६**	**११३,१६९**	**१३५,२२२**	**२०७,८२१**	**२३२,५८३**	**५७५,६२६**
२.२	**राजस्व बाँडफाँटबाट प्राप्त रकम**	**२४२,४५८**	**३२७,१०८**	**३५७,३०४**	**३९५,१४७**	**४३४,६६२**	**१,१८७,११३**
२.३	**रोयल्टी बाँडफाँट**	-	-	-	-	-	-
२.४	**नेपाल सरकार वित्तीय हस्तान्तरण**	**५०२,६५६**	**५४५,९००**	**५८५,१००**	**६५२,३५५**	**६८०,९७३**	**१,९१८,४२८**
	क. वित्तीय समानीकरण अनुदान	१७०,१०८	१५९,२००	१६३,०००	१७१,१५०	१७९,७०८	५१३,८५८
	ख. सशर्त अनुदान	३१२,७४८	३६०,२००	३८२,१००	४०१,२०५	४२१,२६५	१,२०४,५७०
	ग. समपूरक अनुदान	७,७३९	६,५००	१०,०००	५०,०००	५०,०००	११०,०००
	घ. विशेष अनुदान	१२,०६२	२०,०००	३०,०००	३०,०००	३०,०००	९०,०००
२.५	**प्रदेश सरकार वित्तीय हस्तान्तरण**	**३९,३२१**	**६६,४९५**	**७६,९००**	**७८,८९५**	**८३,९९०**	**२३९,७८५**
	क. वित्तीय समानीकरण अनुदान	१८,११९	१७,०६९	१६,९६३	१७,८११	१८,७०२	५३,४७६
	ख. सशर्त अनुदान	६,६५०	१९,४२६	२२,९३७	२४,०८४	२५,२८८	७२,३०९
	ग. समपूरक अनुदान	१४,०५२	३०,०००	७,०००	७,०००	१०,०००	२४,०००
	घ. विशेष अनुदान	५००	-	३०,०००	३०,०००	३०,०००	९०,०००
२.६	**आन्तरिक ऋण**	-	-		-	-	-
२.७	**अन्य अनुदान सहभागिता**	**१३,२०४**	**२०,०००**	**१०,०००**	**१५,०००**	**१५,०००**	**४०,०००**
२.८	**अन्तर स्थानीय तह साझेदारी**	-	-	-	-	-	-
२.९	मौज्दात रकम#	**१२५,७८०**	२८२,३००	१००,०००	-	-	**१००,०००**
२.१०	**बचत (-) न्यून (+)**	**१,००२,१२५**	**१,३५४,९७२**	**१,२६४,५२६**	**१,३४९,२१८**	**१,४४७,२०८**	**४,०६०,९५२**

माथि प्रस्तुत तालिका २.३ अनुसार तीन वर्षको कुल बजेट रु.४ अर्ब ६ करोड ९ लाख ५२ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु. २ अर्व २९ करोड ५६ लाख ३५ हजार (५६.५३ प्रतिशत), पूँजीगत खर्च रु. १ अर्व ७२ करोड ७८ लाख १७ हजार (४२.५५ प्रतिशत) र वित्तिय व्यवस्थातर्फ ३ करोड ७५ लाख (०.९२ प्रतिशत) रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु.५७ करोड ५६ लाख २६ हजार (१४.५७ प्रतिशत), राजस्व बाँडफाँटबाट रु.१ अर्ब १८ करोड ७१ लाख १३ हजार (२९.२३ प्रतिशत), नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु.१ अर्ब ९१ करोड ८४ लाख २८ हजार (४७.२४ प्रतिशत), प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु.२३ करोड ९७ लाख ८५ हजार (५.९० प्रतिशत) र अन्यमा १४ करोड (३.४५) हुने अनुमान तथा प्रक्षेपण गरिएको छ।

नगरपालिकाको बिगत ३ आर्थिक बर्ष (२०७७/७८ देखि २०७९/८० सम्म) को यथार्थ आय, चालु बर्ष २०८०/८१ को अनुमानित, र आगामी ३ आर्थिक बर्ष (२०८१/८२ देखि २०८३/८४ सम्म) को अनुमान तथा प्रक्षेपित बजेटको स्रोतको स्थिति चित्र यस मध्यमकालीन खर्च संचरनाको कभर पृष्ठमा प्रस्तुत गरिएको छ।

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम छ।

क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा बजेट वाँडफाँड गर्दा नगरपालिकाको आवधिक योजनामा उल्लिखित रणनीतिहरूको आधारमा बजेट वाँडफाँट गर्नुपर्ने हुन्छ। यस नगरपालिकाको आवधिक योजनाले बुँदागत रूपमा २४ वटा रणनीति तथा कार्यनीति प्रस्तुत गरेको सन्दर्भमा मध्यमकालीन खर्च संरचनाले तिनै बुँदागत रणनीति तथा कार्यनीतिमा आधारीत भई ६ वटा प्रमुख रणनीतिहरू तय गरेको र रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र

प्रक्षेपण गर्दा यर्थाथपरक र सान्दर्भिकता हुने गरी तीनै ६ वटा प्रमुख रणनीतिहरूलाई आधार लिइएको छ । रणनीतिक स्तम्भको आधारमा आगामी ३ बर्षको खर्च अनुमान र अनुपात तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)

क्र.सं.	रणनीतिक स्तम्भ	संख्या	२०८१/८२ को प्रस्तावित		२०८२/८३ को प्रस्तावित		२०८३/८४ को प्रस्तावित	
			रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	उत्पादन र उत्पादकत्वमा वृद्धि	३	५८,२२५	४.६०	६१,१६८	४.५३	६४,२२६	४.४४
२	अनिवार्य, सर्वसुलभ एवं गुणस्तरीय र उद्यमशीलता उन्मुख शिक्षा	३	३२६,६५१	२५.८३	३४६,२५०	२५.६६	३६७,०२६	२५.३६
३	अनिवार्य आधारभूत र गुणस्तरीय स्वास्थ्य प्रत्याभूति	५	११०,०४८	८.७०	११६,६५१	८.६५	१२३,६४९	८.५४
४	मानवपूँजी निर्माण, सशक्तीकरण सहित युवा, महिला र लक्षित वर्गसमुहलाई आर्थिक तथा सामाजिक कार्यमा संलग्न गराउने	७	३७,४३२	२.९६	३८,७३९	२.८७	४०,९९६	२.८३
५	स्रोतहरूको संरक्षण परिचालन मार्फत उत्पादनशीलता विकास	७	३२,०००	२.५३	३४,६१०	२.५७	३६,३७१	२.५१
६	सार्वजनिक सेवाको सुदृढीकरण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण र पूर्वाधारयुक्त नगरको विकास	१०	७००,१७०	५५.३७	७५१,८०१	५५.७२	८१४,९३९	५६.३१
जम्मा		३५	१,२६४,५२६	१००	१,३४९,२१९	१००	१,४४७,२०७	१००

ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका ५ मा प्रस्तुत गरिएको छ ।

तालिका ५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

क्र.सं.	प्राथमिकताक्रम	संख्या	२०८१/८२ को प्रस्तावित		२०८२/८३ को प्रस्तावित		२०८३/८४ को प्रस्तावित	
			रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	पहिलो (P1)	२५	८६२,३९०	६८.२०	९१९,८७२	६८.१८	९८९,४५५	६८.३७
२	दोस्रो (P2)	१०	४९२,५८२	३१.८०	५९०,०५१	३१.८२	६५३,२२८	३१.६३
	जम्मा	**३५**	**१,२६४,५२६**	**१००**	**१,३४९,२१९**	**१००**	**१,४४७,२०७**	**१००**

ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका ६ मा प्रस्तुत गरिएको छ ।

तालिका ६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

सङ्केत नम्बर	दिगो विकास लक्ष्य	संख्या	२०८१/८२ को प्रस्तावित		२०८२/८३ को प्रस्तावित		२०८३/८४ को प्रस्तावित	
			रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
SDG1	गरिबीको अन्त्य	२	८,६८२	०.६९	९,०९५	०.६७	९,५५०	०.६६
SDG2	शून्य भोकमरी	३	५८,२५५	४.६१	६१,१६८	४.५३	६४,२२६	४.४४
SDG3	स्वस्थ जीवन	३	८९,०४८	७.०४	९४,३९१	७.००	१००,०५४	६.९१
SDG4	गुणस्तरीय शिक्षा	३	३२६,६५१	२५.८३	३४६,२५०	२५.६६	३६७,०२६	२५.३६
SDG5	लैङ्गिक समानता	२	१३,१७०	१.०४	१३,९६१	१.०३	१४,७९७	१.०२

SDG6	स्वच्छ पानी र सरसफाइ	३	२२,०००	१.७४	२३,३१०	१.७३	२४,६९८	१.७१
SDG7	आधुनिक ऊर्जामा पहुँच	१		-	१,०००	०.०७	१,०७०	०.०७
SDG8	समावेशी आर्थिक वृद्धि र मर्यादित काम	२	१५,१००	१.१९	१५,१५८	१.१२	१६,०६७	१.११
SDG9	उद्योग नविन खोज र पूर्वाधार	१	५००	०.०४	५२५	०.०४	५५१	०.०४
SDG11	दिगो शहर र बस्ती	८	४५२,२२८	३५.७६	४७७,७१५	३५.४१	५११,९९९	३५.३८
SDG13	जलवायु परिवर्तन अनुकुलन	१	१,४००	०.११	१,४७०	०.११	१,५४४	०.११
SDG16	शान्ति, न्याय र सबल संस्था	४	२७५,९९२	२१.८३	३०३,५९१	२२.५०	३३३,९५०	२३.०८
SDG17	दिगो विकासको लागि साझेदारी	२	१,५००	०.१२	१,५८५	०.१२	१,६७५	०.१२
कुल जम्मा		**३५**	**१,२६४,५२६**	**१००**	**१,३४९,२१९**	**१००**	**१,४४७,२०७**	**१००**

घ. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका ७ मा छ ।

तालिका ७ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

सङ्केत नम्बर	लैङ्गिक सङ्केत	संख्या	२०८१/८२ को प्रस्तावित		२०८२/८३ को प्रस्तावित		२०८३/८४ को प्रस्तावित	
			रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
०१	निर्दिष्ट	६	४९५६८	३.९२	५२३८९	३.८८	५५३६९	३.८३
०२	सहयोगी	१९	५१४८१८	४०.७१	५४५०२९	४०.४०	५७६८६९	३९.८६
०३	तटस्थ	१०	७००,१४०	५५.३७	७५१,८०१	५५.७२	८१५,९६९	५६.३१
कुल जम्मा		**३५**	**१,२६४,५२६**	**१००**	**१,३४९,२१९**	**१००**	**१,४४७,२०७**	**१००**

ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका ८ मा प्रस्तुत छ ।

तालिका ८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

सङ्केत नम्बर	सङ्केत	संख्या	२०८१/८२ को प्रस्तावित		२०८२/८३ को प्रस्तावित		२०८३/८४ को प्रस्तावित	
			रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
०१	निर्दिष्ट	१३	१९०,३३१	१५.१	२०१,९४८	१४.९७	२१३,२३१	१४.७३
०२	सहयोगी	५	७३,३९२	५.८	७६,७६७	५.६९	८०,३३५	५.५५
०३	तटस्थ	१७	१,०००,८०३	७९.१	१,०७०,५०४	७९.३४	१,१५३,६४१	७९.७२
कुल जम्मा		**३५**	**१,२६४,५२६**	**१००**	**१,३४९,२१९**	**१००**	**१,४४७,२०७**	**१००**

२.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रूपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ।

तालिका ९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु.हजारमा)

क्र.स.	विषय क्षेत्र	२०८१/८२ को खर्च प्रक्षेपण				२०८२/८३ को खर्च प्रक्षेपण				२०८३/८४ को खर्च प्रक्षेपण			
		कूल	चालु	पूँजीगत	वित्तिय व्यवस्था	कूल	चालु	पूँजीगत	वित्तिय व्यवस्था	कूल	चालु	पूँजीगत	वित्तिय व्यवस्था
१. आर्थिक क्षेत्र		**९६,५१७**	**३५,९६७**	**६०,५५०**	**–**	**१०१,३४३**	**३७,७६५**	**६३,५७८**	**–**	**१०६,४१०**	**३९,६५४**	**६६,७५६**	**–**
१	कृषि तथा खाद्य सुरक्षा र सिंचाई	४३,८५७	११,४५७	३२,४००	–	४६,०५०	१२,०३०	३४,०२०	–	४८,३५२	१२,६३१	३५,७२१	
२	पशुपंछि विकास	१४,३९८	११,९४८	२,४५०	–	१५,११८	१२,५४५	२,५७३	–	१५,८७४	१३,१७३	२,७०१	
३	उद्योग, व्यापार र आपूर्ती	५००	३५०	१५०		५२५	३६८	१५८	–	५५१	३८६	१६५	
४	पर्यटन तथा सँस्कृति	२८,१००	३,०००	२५,१००		२९,५०५	३,१५०	२६,३५५	–	३०,९८०	३,३०८	२७,६७३	–
५	भूमी, सहकारी र वित्त व्यवस्था	१,०००	७००	३००		१,०५०	७३५	३१५		१,१०३	७७२	३३१	–
६	श्रम, रोजगार र गरिवी निवारण	८,६६२	८,५१२	१५०		९,०९५	८,९३८	१५८	–	९,५५०	९,३८४	१६५	–
२. सामाजिक क्षेत्र		**४६४,९६९**	**४०८,२३३**	**५६,७३६**	**–**	**४९२,०१९**	**४३२,३३६**	**५९,६८३**	**–**	**५२१,५४०**	**४५८,२७६**	**६३,२६४**	**–**
८	शिक्षा, कला, भाषा र साहित्य	३२६,६५१	३१०,१३१	१६,५२१	–	३४६,२५०	३२८,७३८	१७,५१२	–	३६७,०२५	३४८,४६३	१८,५६३	–
९	जनस्वास्थ्य र पोषण	८९,०४८	७९,३३३	९,७१५	–	९४,३९०	८४,३९०	१०,०००		१००,०५४	८९,४५४	१०,६००	–
१०	खानेपानी र सरसफाई	२१,०००	५,०००	१६,०००	–	२२,२६०	५,३००	१६,९६०	–	२३,५९६	५,६१८	१७,९७८	–
११	महिला, बालबालिका र सामाजिक समावेशीकरण	१३,१७०	९,७६०	३,४१०	–	१३,९६०	१०,३४६	३,६१५	–	१४,७९८	१०,९६६	३,८३१	–
१२	युवा, खेलकुद तथा नवप्रवर्तन	१४,३००	३,३६०	१०,९४०	–	१४,३१०	२,८७३	११,४३७	–	१५,१६९	३,०४५	१२,१२४	–
१३	सामाजिक सुरक्षा र पञ्जिकरण	८००	६५०	१५०	–	८४८	६८९	१५९	–	८९९	७३०	१६९	–
३. पुर्वाधार क्षेत्र		**३४७,२६३**	**४,५००**	**३३०,२६३**	**१२,५००**	**३६३,५९१**	**५,३१५**	**३४५,७७६**	**१२,५००**	**३८७,६४९**	**५,६८७**	**३६९,४६२**	**१२,५००**
१४	भवन, आवास, वस्ति/शहरी विकास	२९,०३५	–	१६,५३५	१२,५००	३०,१९२	–	१७,६९२	१२,५००	३१,४३१	–	१८,९३१	१२,५००
१५	सडक, पुल तथा यातायात	३१७,७२८	४,०००	३१३,७२८	–	३३१,८६३	४,२८०	३२७,५८३	–	३५४,५७६	४,५८०	३४९,९९६	–
१६	विद्युत र स्वच्छ उर्जा	–	–	–	–	१,०००	५००	५००	–	१,०७०	५३५	५३५	–
१७	सूचना र संचार प्रविधि	५००	५००	–	–	५३५	५३५	–	–	५७२	५७२	–	–

क्र.स.	विषय क्षेत्र	२०८१/८२ को खर्च प्रक्षेपण				२०८२/८३ को खर्च प्रक्षेपण				२०८३/८४ को खर्च प्रक्षेपण			
		कूल	चालु	पूँजीगत	वित्तिय व्यवस्था	कूल	चालु	पूँजीगत	वित्तिय व्यवस्था	कूल	चालु	पूँजीगत	वित्तिय व्यवस्था
४. वन, वातावरण र विपद् व्यवस्थापन		**३७,७८५**	**३,३२५**	**३४,४६०**	**-**	**३९,६७४**	**३,४९१**	**३६,१८३**	**-**	**४१,६५८**	**३,६६६**	**३७,९९२**	**-**
१८	वन, भूसंरक्षण तथा जैविक विविधता	३५,३८५	१,७२५	३३,६६०	-	३७,१५४	१,८११	३५,३४३	-	३९,०१२	१,९०२	३७,११०	-
१९	वातावरण तथा फोहोर व्यवस्थापन	१,०००	७००	३००	-	१,०५०	७३५	३१५	-	१,१०३	७७२	३३१	-
२०	विपद् जोखिम व्यवस्थापन तथा जलवायु	१,४००	९००	५००	-	१,४७०	९४५	५२५	-	१,५४४	९९२	५५१	-
५. संस्थागत विकास तथा सुशासन		**२७५,९९२**	**२५३,५३०**	**२२,४६२**	**-**	**३०३,५९१**	**२७८,८८३**	**२४,७०८**	**-**	**३३३,९५०**	**३०६,७७१**	**२७,१७९**	**-**
२१	नीति, कानुन, न्याय र सुशासन	३,०००	२,४००	६००	-	३,३००	२,६४०	६६०	-	३,६३०	२,९०४	७२६	-
२२	सङ्गठन/क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह	२६८,४९२	२४७,३८०	२१,११२	-	२९५,३४१	२७२,११८	२३,२२३	-	३२४,८७५	२९९,३३०	२५,५४६	-
२३	राजस्व र स्रोत परिचालन	२,३००	१,७००	६००	-	२,५३०	१,८७०	६६०	-	२,७८३	२,०५७	७२६	-
२४	तथ्याङ्क प्रणालि र योजना/विकास व्यवस्थापन	२,२००	२,०५०	१५०	-	२,४२०	२,२५५	१६५	-	२,६६२	२,४८१	१८२	-
६. वडास्तरीय (वडा आफैले संचालन गर्ने)		**४२,०००**	**५,२१०**	**३६,७९०**	**-**	**४९,०००**	**६,०७८**	**४२,९२२**	**-**	**५६,०००**	**६,९४७**	**४९,०५३**	**-**
कूल जम्मा		**१,२६४,५२६**	**७१०,७६५**	**५४१,२६१**	**१२,५००**	**१,३४९,२१८**	**७६३,८६९**	**५७२,८४९**	**१२,५००**	**१,४४७,२०८**	**८२१,००१**	**६१३,७०७**	**१२,५००**

आर्थिक वर्ष २०८१/८२ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ।

परिच्छेद ३

आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि, सिँचाई, पशुपन्छी विकास, उद्योग व्यापार तथा आपूर्ति, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम, रोजगार एवं गरिवी निवारण गरी ७ वटा उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र जोखिम पक्ष तथा अनुमानहरू समावेश गरिएको छ।

३.१ कृषि, खाद्य सुरक्षा र सिँचाई

३.१.१ पृष्ठभूमि

कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मुल आधार हो। उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुर्‍याउने क्षेत्र भएकाले यसको वैज्ञानिक ढङ्गले सुधार तथा रुपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गनुपर्ने हुन्छ। यस नगरपालिका क्षेत्र कृषिका दृष्टिकोणले उर्वर भूमि रहेको र खाद्य सुरक्षाको लागि समेत प्रसस्त मात्रामा प्रमुख खाद्यान्न सहित फलफूल र तरकारी उत्पादन गर्नसक्ने क्षेत्र हो। कृषि विकास रणनीति (सन् २०१५–०३५) र दिगो विकासका लक्ष्यलाई समेत मार्गनिर्देशनको रूपमा लिएर कृषिजन्य उत्पादनको व्यवसायिकरण, यान्त्रिकीकरण र विविधिकरण समेत गरी नगरपालिका क्षेत्रलाई कृषि उत्पादनमा प्रतिस्पर्धी वनाउने प्रसस्त सम्भावनाहरू रहेको देखिन्छ। दिगो विकासका लक्ष्यहरू शून्य भोकमरी, गरिवीको अन्त्य गर्ने, समावेशी आर्थिक वृद्धि र दिगो उपभोग एवं उत्पादन गर्ने जस्ता विषयहरू परोक्ष कृषिको विकाससँग अन्तर्निहित छन्। तसर्थ कृषि क्षेत्रको उन्नयनमार्फत उत्पादन तथा उत्पादकत्वको वृद्धिसँगै रोजगारी सिर्जना, आयआर्जनको सुनिश्चितता, गरिवी निवारण गरी आयात प्रतिस्थापन मार्फत राष्ट्रिय आयमा समेत टेवा पुग्ने गरी नगरपालिकाको उपलव्ध स्रोतलाई कृषि क्षेत्रको विकासमा परिचालन गर्न आवश्यक देखिएको छ।

कृषियोग्य भूमिको उत्पादकत्व बढाउन सिँचाइको दिगो व्यवस्था गर्नु आवश्यक छ। काभ्रेपलाञ्चोक जिल्लाको कृषि प्रोफाईल तथा तथ्याङ्क पुस्तिका, २०७०/७१ अनुसार यस नगरपालिका क्षेत्रको कुल ४२६५.७१ हेक्टर कृषियोग्य जमिन मध्ये १२९६.५ हेक्टरमा सिँचाइ सुविधा पुगेको छ। उक्त तथ्याङ्क अनुसार करीब ३०.३९ प्रतिशत कृषियोग्य जमिनमा सिँचाइ सुविधा रहेकोमा हाल ४० प्रतिशत भन्दा बढी भएको अनुमान छ। परम्परागत सिँचाइ प्रणालिको मर्मत–सम्भार र नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालिको माध्यमबाट कृषि क्षेत्रमा सिँचाइको विस्तार भइरहेको छ। सिँचाइ पूर्वाधार निर्माणमा रणनीतिक महत्वका साना सिँचाइ स्थानीय तहबाट लगानी परिचालन गर्ने र सिँचाइ प्रणालिको निर्माण पछिको मर्मत–सम्भार, व्यवस्थापन एवं सञ्चालनमा उपभोक्ता समुदायको सक्रिय सहभागिता थप सुदृढ गर्नुपर्ने विद्यमान आवश्यकता रहेको छ। सिँचाइको थप पूर्वाधार विकास र सम्पन्न सिँचाइ प्रणालिको सुदृढीकरण गरी व्यवस्थित बनाउन लगानी वृद्धि गर्नु पनि आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालिको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन कार्यहरू स्थानीय तहले नै व्यवस्थापन गर्नुपर्ने भएकाले सो सम्वन्धी आवश्यक नीति तथा कार्यक्रमहरू तय गरी अवलम्बन गर्न जरुरी छ।

३.१.२ समस्या तथा चुनौती

यस नगरपालिका क्षेत्र कृषि र खाद्य सुरक्षाका दृष्टिकोणले उर्वर र प्रमुख खाद्यान्न सहित फलफूल र तरकारी उत्पादन गर्न सक्ने क्षेत्रको रूपमा रहेपनि परम्परागत तथा निर्वाहमुखी कृषि प्रणालि, खेतियोग्य जमिनको तिव्र खण्डिकरण, सार्वजनिक भुमिको पहिचान एवं अभिलेखन गरी तिनको उचित व्यवस्थापन र संरक्षण नहुनु मुख्य समस्याको रूपमा रहेको देखिन्छ । उर्वराशक्ति वढाउने किसिमले वैज्ञानिक रूपमा भूमि र माटोको परिक्षण नहुनु र कृषिको विकासमा सन्तुलित दृष्टिकोण नपुग्नु थप समस्याको रूपमा चित्रण गर्न सकिन्छ । कृषि योग्य जमिनमा आवश्यक सिँचाइको भरपर्दो सेवा पुर्याउन सक्ने स्रोत नहुनु, निर्माण सम्पन्न भइसकेका सिँचाइको आवश्यक मर्मत सम्भार समयमा नहुनु, सिँचाइ सुविधा पुगेको वा पुग्न सक्ने भूमिमा समेत खण्डीकरण र अव्यवस्थित शहरीकरण हुनु, सिँचाइ पूर्वाधारको क्षेत्रमा सिमित स्रोत एवं बजेट सुनिश्चित हुनु र प्रविधिमा आधारित सिँचाइ आयोजनाको विस्तारमा कृषकको चासो नसक्नु यो क्षेत्र सम्वद्ध समस्याहरू हुन् ।

कृषिका महत्वपूर्ण विषयहरू सिँचाइ, प्रविधि विकास तथ यान्त्रिकीकरण मार्फत कृषिको व्यवसायिकरण गर्नु र विद्यमान समयमा कृषिलाई प्रतिस्पर्धी एवं सम्मानित पेशाको रूपमा स्थापित गर्नु मुख्य चुनौतीको रूपमा रहेको छ । कृषि क्षेत्रमा देखिएका विभिन्न प्रकोपहरू नियन्त्रण हुन नसक्नु र समन्यायिक ढङ्गले भुमिको व्यवस्थापन भई बाँझो जमिन उपयोग हुने गरी भुमिको व्यवस्थापन गर्नु चुनौतीको रूपमा रहेको छ ।

३.१.३ सोच

खाद्य, पोषण सुरक्षा तथा खाद्य सम्प्रभुता सुनिश्चितता

३.१.४ उद्देश्य

- कृषि उत्पादन तथा उत्पादकत्वको वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु ।
- व्यवसायिक कृषिको माध्यमवाट रोजगार एवं आयमा वृद्धि गरी समग्र नगरपालिकाको आर्थिक उन्नयनमा योगदान गर्नु ।
- कृषि क्षेत्रलाई नाफामुलक, गुणस्तरीय, दिगो एवं व्यवसायिक प्रणालिमा रुपान्तरण गर्नु ।
- बहुउद्देश्यीय आयोजनाको विकास गरी कृषियोग्य भूमिमा वर्षभरी भरपर्दो सिँचाइ सुविधा उपलव्ध गराउनु ।

३.२.५ रणनीति

- उपयुक्त प्रविधिमा आधारीत सिँचाइ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार गर्ने र विद्यमान सवै प्रकारका सिँचाइका कार्यलाई निरन्तर सुधार तथा विस्तार गर्ने ।
- व्यवसायिक कृषिको प्रवद्र्धन गर्ने र कृषि उत्पादनलाई मूल्य श्रृखलामा आवद्ध गर्ने ।
- स्थानीय विशिष्टिकृत उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने ।

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ:

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
आलु उत्पादन	मे.टन	१२०	१५०	१६०	१७०	१९०
मकै उत्पादन	मे.टन	१५०	१५०	१६०	१७०	१७५
धान उत्पादन	मे.टन	१३०	१३२	१३५	१४०	१५०
तरकारी व्यवसायिक उत्पादन	मे.टन	११५	१२०	१२५	१३०	१३५
व्यवसायिक तरकारी उत्पादनमा संलग्न कृषक	प्रतिशत	८	८	१५	२०	२०
फलफूल उत्पादन	मे.टन	१२०	१३०	१३२	१३५	१५०
सक्रिय व्यवसायिक कृषि समुह	संख्या	४०	४५	५५	६०	८०
कृषि उपज संकलन केन्द्र	संख्या	२	४	४	५	१०

३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण
२०८१/८२	४३,८५७	११,४५७	३२,४००		४३,८५७	१०,०००	३१,३५७	२,५००	
२०८२/८३	४६,०५०	१२,०३०	३४,०२०		४६,०५०	१०,१६१	३३,२३८	२,६५०	
२०८३/८४	४८,३५२	१२,६३१	३५,७२१		४८,३५२	१०,९७५	३४,५६८	२,८०९	

३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	कोल्ड स्टोर निर्माण	कृषकको उत्पादन संकलन भण्डारण गर्नु	२०८०/८१ – २०८३/८४	९५,०००	कोल्ड स्टोर निर्माण भएको हुने ।
२	कृषि तथा खाद्य सुरक्षा सम्वद्ध सालबसाली	कृषि सम्वद्ध चालु कार्यक्रमहरूको निरन्तरता दिनु	सालबसाली	४३,२५९	कृषि सम्वद्ध कार्यक्रमहरूको निरन्तरता भएको हुने

३.१.९ जोखिम पक्ष तथा अनुमान

नगरपालिका भित्र सञ्चालित कृषि सम्वद्ध विकास आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतको कार्यको लागि पर्याप्त दक्ष, विज्ञ तथा कर्मचारीहरूको प्राप्ति हुने र अन्तर सरकार समन्वय भई समग्र कार्यक्रमको उपलब्धिका रूपमा लक्षित उपलब्धिहरू हासिल हुने अनुमान गरिएको छ। पर्याप्त साधन स्रोत तथा क्षमता एवम् प्रविधिको प्रभावकारी परिचालन हुन नसकेमा र समन्वयात्मक रूपमा उपलव्ध स्रोतहरूको परिचालन हुन नसकेको अवस्थामा निर्धारित उद्देश्यहरू पूरा नहुने जोखिम रहेको छ।

३.२ पशुपन्छी विकास

३.२.१ पृष्ठभूमि

नेपालको कृषि प्रणालिमा पशुपंक्षीपालन व्यवसायको महत्व अनादिकालदेखि आजसम्म रहि आएको छ। पशुपालन व्यबसायलाई विविधिकरण, व्यबसायीकरण, आयमुलक तथा सम्मानित पेशाको रूपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुर्‍याई आर्थिक विकासमा टेवा दिनु आवश्यक छ। कृषि विकास रणनीति (सन् २०१५–०३५) र दिगो विकासका लक्ष्यलाई समेत मार्गनिर्देशनको रूपमा लिएर पशुजन्य उत्पादनको व्यवसायिकरण, यान्त्रिकीकरण र विविधिकरण समेत गरी नगरपालिका क्षेत्रलाई दुग्धजन्य र मासुजन्य उत्पादनमा प्रतिस्पर्धी वनाउने प्रसस्त आधारहरू तयार छन्। दिगो विकासका लक्ष्यहरू शून्य भोकमरी, गरिवीको अन्त्य गर्ने, समावेशी आर्थिक वृद्धि र दिगो उपभोग एवं उत्पादन गर्ने जस्ता विषयहरू परोक्ष कृषिसँगै पशुपन्छीको विकाससँग अन्तर्निहित छन्। स्थानीय ग्रामीण अर्थतन्त्रलाई टेवा पु¥याउन र आर्थिक सन्तुलन कायम गर्न, गरीब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका वर्ग र महिला वर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन, कृषक परिवारको प्रमुख आयस्रोतको रूपमा विकास गरी वातावरण संरक्षण तथा सन्तुलन कायम गर्न, पशुपंछी उत्पादन क्षेत्र सम्बद्ध उद्योगका साथै व्यापारलाई समेत प्रोत्साहन गर्न यो क्षेत्रलाई विशेष महत्व दिन आवश्यक छ। तसर्थ पशुपन्छीको उत्पादन वृद्धि गरी कृषि क्षेत्रको उन्नयनमार्फत समग्र उत्पादकत्वको वृद्धिसँगै रोजगारी सिर्जना, आयआर्जनको सुनिश्चितता, गरिवी निवारण गरी आयात प्रतिस्थापन मार्फत राष्ट्रिय आयमा समेत टेवा पुग्ने गरी नगरपालिकाको उपलव्ध स्रोतलाई यस क्षेत्रको विकासमा उपयोग गर्नुपर्ने छ।

३.२.२ समस्या तथा चुनौती

पशुपन्छीको उत्पादन र उत्पादकत्वमा वृद्धिसँगै आवश्यक मात्रामा बजार केन्द्रित पूर्वाधारको विकास, व्यवस्थापन र संरक्षण नहुनु जस्तै नेपालको पहिलो दुग्ध चिस्यान केन्द्र समेत भग्नावशेषको रूपमा परिणत हुनु, पशुजन्य रोग एवं महामारी तथा प्रकोपहरू नियन्त्रणका लागि आवश्यक व्यवस्थापन नहुनु र छाडा कुकुरको नियन्त्रण तथा चौपायाको व्यवस्थापन नहुनु यस क्षेत्रका समस्याहरू हुन्।

सार्वजनिक नीजि साझेदारीको माध्यमवाट रोजगारी समेत वृद्धि हुने गरी उल्लेख्य लगानी परिचालन गर्नु, मासुजन्य उत्पादनमा आत्मनिर्भर हुने अवसरको सहि ढङ्गले उपयोग गर्नु, व्यवासायिक पशुपालनमा आकर्षण गरी युवालाई समावेश गर्नु र पशुपन्छी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यवसायिक र प्रतिस्पर्धी बनाउने कार्यहरू आफैमा चुनौतीपूर्ण छन्।

३.२.३ सोच

"आत्मनिर्भर र प्रतिस्पर्धी व्यवसायको रूपमा पशुपन्छी क्षेत्रको विकास"

३.२.४ उद्देश्य

- पशुपन्छी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यवसायिक र प्रतिस्पर्धी बनाउनु।

- पशुपन्छी व्यवसायलाई उत्पादनमा आत्मनिर्भर बनाई नगर क्षेत्रबाट पशुजन्य पदार्थको निकासी प्रवद्र्धन र आयातको समेत प्रतिस्थापन गर्नु।

३.२.५ रणनीति

- व्यवसायीक पशुपन्छी पालन कार्यको प्रवद्र्धन गर्ने।
- पशुजन्य कृषि उत्पादनलाई मूल्य श्रृखलामा आवद्ध गर्ने।

३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
पशु खोप संख्या (FMD+PPR+लम्पी)	संख्या		३३८००	४००००	४५०००	५००००
दुग्ध चिस्यान केन्द्र	संख्या	१	४	५	६	७
व्यवसायिक पशु फार्म (सक्रिय)	संख्या		३७	४०	४५	५०
कृतिम गर्भाधान	संख्या		९७६३	१००००	११०००	१२०००
एग्रोभेट (सक्रिय)	संख्या	२१	२२	२५	२८	३०

३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण
२०८१/८२	१४,३९८	११,९४८	२,४५०		१४,३९८	११,५००	७९७	२,१०१	
२०८२/८३	१५,११८	१२,५४५	२,५७३		१५,११८	१२,०४६	८४५	२,२२७	
२०८३/८४	१५,८७४	१३,१७३	२,७०१		१५,८७४	१२,६१८	८९६	२,३६१	

३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	क्र.स.
१	पशुपंछि विकास सम्वद्ध सालबसाली कार्यक्रम	पशुपन्छी विकास सम्वद्ध कार्यक्रमहरू व्यवस्थापन गर्नु	सालवसाली	४५,३९०	सवै प्रकारका कार्यक्रमहरूको व्यवस्थापन भएको हुने

३.२.९ जोखिम पक्ष तथा अनुमान

नगरपालिका क्षेत्र भित्र सञ्चालित पशुविकास सम्वद्ध आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतको कार्य नियमित रूपमा हुने र आवधिक एवं रणनीतिक योजनाले समेत निर्दिष्ट गरेका नीति,

उद्देश्य र रणनीतिको तादम्यता भई अपेक्षित नतिजा हासिल हुन अनुमान गरिएको छ । आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको लागि पर्याप्त साधन स्रोत, क्षमता, प्रविधि र प्रणालिको प्रभावकारी परिचालन र विकास हुन नसकेमा उद्देश्यहरू प्राप्ति नहुने जोखिम रहेको छ ।

३.३ उद्योग, व्यापार र आपुर्ती व्यवस्था

३.३.१ पृष्ठभूमि

उद्योग तथा व्यापार क्षेत्र आर्थिक विकासको प्रमुख आधार स्तम्भको रूपमा रहन्छ । अर्थतन्त्रको विकासका लागि उद्योग क्षेत्रलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकुल व्यवस्थापन गर्ने, निर्यातको सम्भावना रहेको क्षेत्रमा थप वैदेशिक पुँजी स्रोत–साधनको संरक्षण र प्रवद्र्धन गर्ने, नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई आकर्षित गर्ने, औद्योगिक पूर्वाधार विकासमा लगानी प्रोत्साहन र परिचालन गर्ने र औद्योगिक नीतिहरूलाई सापेक्ष प्रभावकारी वनाउने कार्यहरू उद्योग तथा व्यापार क्षेत्रको विकासका निर्धारक शर्तहरू हुन् । यस नगरपालिकाले समेत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा दिगो एवम् बृहत आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पु¥याउने लक्ष्य लिएको छ । औद्योगीकीकरणका लागि स्थानीय श्रम, सिप र कच्चा पदार्थमा आधारित साना उद्योगको संरक्षण गर्ने नेपाल सरकारको अभिप्राय अनुसार नगरपालिकाले समेत उल्लिखीत निर्धारक शर्तहरूलाई अवसरको रूपमा उपयोग गर्ने नीति लिएको छ । साथै, अन्तरप्रदेश र संघबीच समन्वय स्थापित गरी उपलव्ध स्रोतहरूको दिगो उपयोगको अवस्था सिर्जना गरी नयाँ प्रविधि मार्फत उत्पादन लागत कम गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र रोजगारिका अबसर सिर्जना गर्ने कार्यमा नगरपालिकाले थप गृहकार्यहरू गर्नुपर्ने देखिन्छ । श्रमिक, रोजगारदाता र सरकारबीचको सम्बन्ध सहज बनाउँदै उद्योग धन्दाको संरक्षणका साथै स्वदेशी तथा विदेशी लगानी वृद्धिको सम्वाहकको रूपमा यस क्षेत्रको विकासको माध्यमबाट कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान अभिवृद्धि गर्नुपर्नेछ । आर्थिक औद्योगीकीकरणलाई निर्यात प्रवद्र्धन, रोजगार, आयात प्रतिस्थापन, गरिबी न्यूनीकरणमा समेत जोडेर समष्टिगत आर्थिक विकासमा योगदान दिने अवस्था सिर्जना गर्नु अपरिहार्य छ । साथै नागरिहरूको दैनिक जीवनयापनलाई आवश्यक वस्तु तथा सेवाको सहज आपूर्ति गरी उपभोक्ता हकको समेत सुनिश्चितता गर्ने र औद्योगिक उत्पादनको बजारीकरणसँगै उपभोक्ताका सामु गुणस्तरीय वस्तु तथा सेवाको पहुँच वृद्धि गर्न नियमित रूपमा अनुगमन र बजार अनियमितताको नियन्त्रण समेत कायम गर्नुपर्ने हुन्छ ।

३.३.२ समस्या तथा चुनौती

विद्यमान औद्योगिक उत्पादनहरूको मुल्य श्रृंखला प्रणालिको विकासमा निजी क्षेत्र आकर्षित नहुनु, औद्योगिक क्षेत्रले पु¥याएको वातावरणीय असरको समुचित रूपमा सम्वोधन नहुनु, परम्परागत सिप, दक्षता र कलामा आधारीत उद्योगहरूको संरक्षणका प्रयासको विचमा पनि तिनिहरू पलायन हुदै जानु, औद्योगिक उत्पादन लागत प्रतिस्पर्धी नहुनु र उत्पादनशील क्षेत्रमा कम पूजी परिचालन हुनु यस क्षेत्रका समस्याहरू हुन् ।

उद्योगका प्राथमिक क्षेत्रहरू कृषि, वन, खानीजन्य क्षेत्रसँग एकिकृत समन्वय गरी स्रोतको दिगो उपयोग गर्ने अवस्था बनाउनु, उत्पादन क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी सोहि अनुरूप पूर्वाधारको विकासमा समेत निजी क्षेत्र

आकर्षित गर्नु, युवा शक्तिलाई स्थानीय उद्यमशीलतामा आवद्द गराउनु र वातावरण अनुकुलन नीति अनुरूप उद्योग सञ्चालन गर्ने सुनिश्चितता गर्नु जस्ता कार्यहरू चुनौतीपुर्ण रहेकाछन् ।

३.३.३ सोच

उद्योग र वाणिज्य क्षेत्रको विकाससँगै आपूर्तीमा सहजता

३.३.४ उद्देश्य

- उद्योगको क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसरहरू सृजना गरी कुल गार्हस्थ उत्पादनमा योगदान बढाउनु (उद्योग) ।
- वाणिज्य क्षेत्रलाई नगरको अर्थतन्त्रको महत्वपूर्ण अवयवको रूपमा विकास गर्नु (वाणिज्य) ।
- गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजजिक निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित तथा नियमन गर्नु (आपूर्ती) ।

३.३.५ रणनीति

- उद्यमशीलताको प्रवद्र्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने (उद्योग) ।
- व्यापार व्यवसायको विकास तथा विस्तार गर्ने (वाणिज्य) ।
- आयातजन्य वस्तुहरूको आपूर्ती विस्थापन गरी आन्तरीक उत्पादनको खपत गर्ने (आपूर्ती) ।

३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
लघु तथा घरलु उद्योगहरू	संख्या	१२०	१५०	१७०	१९०	२२०

३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	५००	३५०	१५०		५००	५००			
२०८२/८३	५२५	३६८	१५८		५२५	५२५			
२०८३/८४	५५१	३८६	१६५		५५१	५५१			

३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	उद्यम, व्यापार व्यवसाय सम्बद्ध कार्यक्रम	उद्योग, व्यवसाय र आपूर्ति सम्वद्ध कार्यक्रम व्यवस्थापन गर्नु	सालवसाली	१५७६	उद्योग, व्यवसाय र आपूर्ति सम्वद्ध कार्यक्रमहरूको समुचित व्यवस्थापन भएको हुने

३.३.९ जोखिम पक्ष तथा अनुमान

स्थानीय उत्पादनमा आधारीत उद्योगहरूको स्थापनाका लागि निजी क्षेत्रको समेत उत्साहजनक लगानी प्राप्त हुने र स्थानीय प्राकृतिक तथा प्राथमिक क्षेत्रका स्रोतहरूको दिगो परिचालन गर्न सकिने अनुमान गरीएको छ। साथै स्थानीय उत्पादन र उत्पादकत्व समेत वृद्धि हुने गरी उत्पादनको बजारीकरण र ब्राण्डिङ भई बजारको विस्तारसँगै नगरपालिकाको समेत स्रोत वढ्ने अनुमान गरिएको छ।

असल औद्योगिक श्रम सम्बन्ध विकास हुन नसकेको अवस्था र लगानीमैत्री वातावरणको सिर्जना हुन नसकेको अवस्थामा उद्देश्यहरू प्राप्ति नहुने जोखिम रहेको छ।

४ पर्यटन तथा संस्कृति

३.४.१ पृष्ठभूमि

बनेपा नगरपालिका आफैमा विविधतापूर्ण नगर हो र संघीय राजधानीको सन्निकटताका कारण छोटो दुरीको आन्तरीक पर्यटकिय गन्तव्यको रूपमा समेत परिचीत छ। बनेपा नगर प्राकृतिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, वातावरणिय अनुकुता र पर्यावरणिय विशेषताका कारणले गर्दा यो क्षेत्र पर्यटन उद्योगको सम्भावना व्यापक रहेको छ। नगरको आर्थिक विकास र समृद्धिका लागि पर्यटन उद्योगले विशेष महत्व राख्ने र आन्तरिक अर्थतन्त्रमा पर्यटनको योगदानलाई ठुलो आकार दिलाउने सम्भावना रहेको देखिन्छ। नगरको अर्थतन्त्रमा पर्यटनको प्रवद्र्धनमार्फत कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, वचत र रोजगारीको दर लगायतका आयामहरूलाई सकारात्मक प्रभाव दिन सकिन्छ। पर्यटन उधोगको परिधिभित्र समेटिने सेवामुलक व्यापारका क्षेत्रहरूले यसको अहिले पनि नगरभित्र मनग्य आम्दानि गरिरहेको अवस्था छ। पर्यटन उद्योगले आयको समुचित वितरणको योगदान गर्ने भएकाले पर्यटन पूर्वाधारहरूको समुचित विकास गरी आय आर्जनका कार्यहरूलाई अभिप्रेरित गर्नु अपरिहार्य छ। नेपालको पर्यटन नीति २०६५ ले विशेषत पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा स्वरोजगारको सिर्जना गर्ने, पर्यावरणिय पर्यटन र ग्रामीण पर्यटनलाई गरिवी निवारणसँग आवद्ध गरी जनताको जीवनस्तरमा सुधार गर्ने लगायतका रणनीति अवलम्वन गर्ने उद्देश्य राखेको छ। पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा वातावरण संरक्षण गर्दै त्यस्ता स्रोत र साधनको दिगो रूपमा उपयोग गर्ने विषयलाई नीतिले जोड दिएको छ। साथै मावन जगतको प्रेरणाको स्रोतका रूपमा रहेका मूर्त एवं जीवन्त सांस्कृतिक सम्पदा (जात्रा, पर्व लगायतका अमूर्त सम्पदा) को संरक्षण गरी र स्थानीय समुदायका जीवन्त संस्कृतीलाई मानवताको मूल्य र मान्यतासँग जोडेर तिनको समुचित व्यवस्थापन गर्नु अपरिहार्य छ। साथै स्थानीय मूर्त एवं अमूर्त सांस्कृतिक सम्पदाहरूको उपयोगलाई नागरिकहरूको जीवनसँग जोड्ने र आयआर्जन हुने क्रियाकलापसँग समेत तादम्यता गर्न आवश्यक छ।

३.४.२ समस्या तथा चुनौती

स्थानीय जीवन्त संस्कृतीसँग आवद्द हुने गरी पर्यटनको विकासका क्रियाकलापहरू अगाडि वढाउने र निजी क्षेत्रमार्फत पर्यटकीय पूर्वाधारहरूको विकासमा लगानी जुटाउने कार्य चुनौतीपुर्ण रहको छ। पर्यटकीय गन्तव्यहरूको

विविधिकरण एवं विकास र प्रवद्र्धन गर्ने ध्येयले गुरुयोजना निर्माण नहुनु, पर्यटकीय पूर्वाधार तथा सवै प्रकारका मूर्त अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षणमा समुदायको चासो नहुनु एवं पूर्वाधारको लागि आवश्यक लगानीको जोहो नहुनु यस क्षेत्र सम्वद्ध समस्याहरू हुन्।

३.४.३ सोच

नगर विकासको आधार, पर्यटनको दिगो विकास

३.४.४ उद्देश्य

- सुरक्षित र गुणस्तरीय एवं पर्यटनमैत्री आकर्षक पर्यटन क्षेत्रको रूपमा विकास गर्नु।
- पर्यटकीय क्षेत्रवाट प्राप्त लाभलाई समन्यायिक रूपले जनस्तरसम्म पु¥याउनु।
- पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबिच सघन सहकार्य स्थापित गर्नु।

३.४.५ रणनीति

- नगर क्षेत्रभित्र आवश्यक पर्यटन पूर्वाधार निर्माण गर्ने।
- मौलिक कला तथा सांस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने।
- विशिष्ट पहिचान सहितको कृषि उत्पादन प्रवद्र्धनका कार्यहरूलाई पर्यटकीय गतिविधिसँग आवद्ध गर्ने।

३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ:

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
स्थानीय स्तरका पर्यटकीय होटल	संख्या	-	-	४५	५५	६५
होमस्टे सञ्चालन	संख्या	-	-	५	१०	१५
पर्यटकीय स्थल विकास	संख्या	-	-	७	९	१०
पर्यटक सूचना केन्द्र	संख्या	-	-	२	४	४
नयाँ पदमार्ग निर्माण	किमि	-	-	५	७	१०

३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	२८,१००	३,०००	२५,१००		२८,१००	७,५००	२०,६००		
२०८२/८३	२९,५०५	३,१५०	२६,३५५		२९,५०५	७,६६९	२१,८३६		
२०८३/८४	३०,९८०	३,३०८	२७,६७३		३०,९८०	८,२८०	२२,७००		

३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	सम्पदा संरक्षण तथा पुनर्निर्माण कार्यक्रमहरु	पर्यटकिय महत्वका स्थलहरूको संरक्षण गरी पर्यटन विकासमा ठोस योगदान गर्नु	सालवसाली	६६,२००	पर्यटकिय महत्वका स्थलहरूको संरक्षण र पुनर्निर्माण भएको हुने
२	पर्यटन तथा सँस्कृति विकास सम्वद्ध सालबसाली	पर्यटन सम्वद्ध कार्यक्रमहरूको व्यवस्थापन गर्नु	सालवसाली	२२,३८५	सम्वद्ध कार्यक्रमहरूको सहज व्यवस्थापन भएको हुने

३.४.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकारी समन्वय भई समग्र पर्यटकीय गन्तव्यहरूको विविधिकरण एवं विकास र प्रवद्र्धन गर्ने कार्यमा निजी क्षेत्रको लगानी वृद्धि हुदै जाने अनुमान गरिएको छ । साथै पर्यटकीय पूर्वाधार तथा सवै प्रकारका मूर्त अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षणमा स्थानीय समुदायको समेत सहभागिता कायम हुने र मूर्त एवं अमूर्त सांस्कृतिक सम्पदाहरू मानव जगतको प्रणाको रूपमा स्थापित हुनेछ भन्ने अनुमान गरिएको छ ।

साथै, पर्यटनको विकासमा सम्वद्ध सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्य र पूर्वाधारको विकासमा वित्तिय लगानीको अनुमान अनुसार प्राप्त हुन नसकेमा उद्देश्य प्राप्ति नहुने जोखिम रहन्छ ।

३.५ भूमि व्यवस्था, सहकारी र वित्तिय संस्था

३.५.१ पृष्ठभूमि

उत्पादन तथा उत्पादकत्वको वृद्धिका लागि भुमिको पहिचान, व्यवस्थित अभिलेखन र वर्गिकरण गरी सोको आधारमा सहि प्रकारले उपयोग हुनु आवश्यक छ । साथै सार्वजनिक एवं पर्ति जग्गाको संरक्षण गर्ने, गुठीको सहि उपयोग गर्ने र वाँझो जग्गालाई अनिवार्य उत्पादनशील कार्यमा उपयोग गर्ने कार्यलाई जोड दिनु आवश्यक छ। त्यसैगरी आर्थिक समृ्द्धि र विकासका लागि आवश्यक वित्तिय लगानी एवं स्रोतहरूको समुचित व्यवस्थापन र परिचालन आवश्यक हुन्छ । वैंक, वित्तिय संस्था एवं सहकारी संस्थाहरूले छरिएर रहेको पूँजीलाई संकलन गरी एकिकृत रूपमा ठुलो मात्रामा लगानी परिचालन गर्ने कार्य गर्दछन्, जुन कार्य आर्थिक, सामाजिक र पूर्वाधारको विकासमा महत्वपुर्ण हुन्छ । साथै घरेलु तथा साना उद्योग देखि ठुला आयोजनाहरूका लागि समेत पूँजीको जोहो गर्ने र सुलभ रूपमा वित्तिय सहकार्य गर्ने, स्थानीय स्तरमा लगानी अभिवृद्धि गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने, स्थानीय कच्चा पर्दाथको उपयोग गरी त्यस मार्फत आयआर्जन गर्ने, एकिकृत रूपमा स्थानीय कृषकहरूलाई आवश्यक वित्तिय सुविधा दिने लगायतका कार्यहरूका लागि वैंक तथा वित्तिय संस्था एवं सहकारीले नगर क्षेत्रको विकासमा उल्लेख्य योगदान दिन सक्छन् । गरिवी निवारणका लागि समेत विभिन्न लघु वित्त संस्थाहरूले स्थानीय लक्षित कार्यक्रमहरू सञ्चालन गरिरहेको सन्दर्भमा तिनिहरूको कार्यलाई नगरपालिकाले प्रोत्साहन गरी साझेदारी समेत गर्दै जानु आवश्यक हुन्छ ।

३.५.२ समस्या तथा चुनौती

भुमिको उपयोगको आधारहरू पहिचान नहुनु, उपयोगका आधारमा वर्गिकरण भएका जग्गाहरूको सोहि अनुरूप अनिवार्य प्रयोग नहुनु, स्थानीयको न्युन वित्तिय साक्षरता, वैंक तथा वित्तिय संस्थाहरूको झन्झटिलो लगानी प्रक्रिया, सिमान्तकृत समुदायमा कमजोर वित्तिय पहुँच, सहकारीहरूको उच्च व्याजदर एवं सहकारी क्षेत्रभित्रको संस्थागत सुशासनको अभाव लगायतका विषयहरू यो क्षेत्र सम्वद्ध समस्याहरू हुन् ।

त्यसैगरी वैंक तथा वित्तिय क्षेत्रको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, सहकारी संस्थाहरूलाई समेत उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रेरित गर्नु, सहकारी क्षेत्रका क्रियाकलापहरूलाई प्रतिस्पर्धात्मक बनाउनु र सहकारीको अधिकार क्षेत्र स्पष्ट गरी नियमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउनु चुनौतीको रूपमा रहेको देखिन्छ ।

३.५.३ सोच

सहकारीको सहलियत लगानी, उद्यमशीलता र आम्दानी

३.५.४ उद्देश्य

- भुमि व्यवस्थापन र सेवा सम्बन्धी कार्यलाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु (भूमि व्यवस्था)।
- सहकारी क्षेत्रलाई सवल, प्रतिस्पर्धात्मक एवं व्यवसायिक वनाउदै वित्तिय र वैकिङ्ग सेवाको पँहुच वृद्धि गर्नु (सहकारी तथा वित्तिय संस्था) ।
- सहकारीको मुल्य र सिद्धान्तको अनुसरण तथा पारस्परिकता र स्वाबलम्वनको संस्कार विकास र सुशासन कायम गर्नु (सहकारी तथा वित्तिय संस्था) ।
- सहकारी संघसंस्थाहरूलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउन ती संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु (सहकारी तथा वित्तिय संस्था) ।

३.५.५ रणनीति

- भुमिको व्यवस्थित उपयोग र संरक्षण गर्ने (भूमि व्यवस्था) ।
- सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशिल तुल्याउने (सहकारी तथा वित्तिय संस्था) ।
- सहकारी तथा सम्वद्ध वित्तिय क्षेत्रको क्षमता अभिवृद्धि, विकास र विस्तार गर्ने (सहकारी / वित्तिय संस्था) ।
- सहकारी तथा वित्तिय क्षेत्रमा अनुशासन कायम गर्ने (सहकारी तथा वित्तिय संस्था) ।

३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
सार्वजनिक जमिन संरक्षण	प्रतिशत			५०	६५	८०
वैक तथा वित्तिय संस्थामा खाता भएका परिवार	प्रतिशत			७५	७८	८०

३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यसउप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण
२०८१/८२	१,०००	७००	३००		१,०००	१,०००			
२०८२/८३	१,०५०	७३५	३१५		१,०५०	१,०५०			
२०८३/८४	१,१०३	७७२	३३१		१,१०३	१,१०३			

३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	भूमी, सहकारी, वैंक तथा वित्तिय सेवा प्रवर्द्धन कार्यक्रम	सहकारी संस्थाहरूको क्षमता वृद्धि, सर्वसाधारणको वित्तिय पँहुचमा वृद्धि र सहकारी सम्वद्ध विवरण अद्यावधिक गरी नियमन र व्यवस्थापन गर्नु	सालवसाली	३,१५३	क्षमता विकास सहित सहकारी संस्थाहरूको वार्षिक रूपमा तथ्यांक संकलन तथा अद्यावधिक भएको हुने

३.५.९ जोखिम पक्ष तथा अनुमान

भूउपयोग योजनामा अन्तर सरकार समन्वय भई कार्य अगाडी वढ्ने, नगरपालिकाको उद्देश्य र रणनीति अनुसार निजी क्षेत्रका वैंक, वित्तिय संस्था एवं सहकारी क्षेत्र समेत व्यवसायिक मुनाफामा सिमित नभई प्रतिस्पर्धात्मक एवं औचित्यपुर्ण हुने गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न आकर्षित र र समान एवं समतामुलक ढङ्गले लगानी वितरण गर्ने अनुमान गरिएको छ।

सार्वजनिक, पर्ति र गुठी जग्गाको दुरूपयोग गर्ने प्रवृती तत्काल नियन्त्रण गर्न नसकेमा भूमीको अतिक्रमण झन् तिव्र हुने अवस्था रहन्छ । त्यसैगरी सहकारी सम्बन्धी आवश्यक नीति, कानुन, कार्यविधि तथा मापदण्डहरू तर्जुमा गरी संस्थाहरूको नियमन एवं सुपरिवेक्षण गर्ने र संस्थागत सुशासन कायम गर्ने गराउने कार्य नहुने हो भने वित्तिय जोखिम भित्रिने अवस्था सिर्जना हुनसक्छ ।

३.६ श्रम, रोजगार तथा गरिवी निवारण

३.६.१ पृष्ठभूमि

श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि सिपयुक्त आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन, बालश्रम निवारण लगायतका कार्यहरू नगरपालिकाले यथोचित रूपमा सम्पादन गर्नुपर्ने हुन्छ । साथै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र

व्यवस्थित बनाउने, वैदेशिक रोजगारबाट आर्जित सिप, प्रविधि र पुँजीको उपयोगबाट थप आन्तरिक रोजगारी प्रवद्र्धन गर्ने, जनसांख्यिक लाभांशको फाईदा लिदै विद्यमान श्रम तथा रोजगार सम्बन्धी कानुनलाई सापेक्ष बनाउदै असल श्रम र औद्योगिक सम्बन्ध विकास गर्नु पनि अपरिहार्य छ । श्रमशक्तिको उचित उपयोग गरी उत्पादकत्वमा आवद्द गर्ने र आर्थिक रूपमा सक्रिय जनशक्तिको समुचित व्यवस्थापन मार्फत गरिवी निवारण गर्ने कार्यलाई तदारुकताका साथ लागू गर्न आवश्यक देखिन्छ । साथै राष्ट्रिय अर्थतन्त्रमा समेत ठुलो भुमिका रहेको विप्रेषणको आयलाई लगानीमा परिणत गरि श्रमिकहरूको जीवनलाई स्तरोन्नती गर्ने र पूर्वाधार विकासमा समेत अनावश्यक लगानी जोहो गर्ने ध्येय नगरपालिकाले लिनु आवश्यक छ ।

३.६.२ समस्या तथा चनौति

श्रम शक्ति र रोजगार आपूर्तीको विचमा सन्तुलन नहुनु, स्थानीय सिप एवं दक्षताको विकासमा युवा शक्तिलाई समाहित गर्न नसक्नु र जनसांख्यिक लाभांशको फाईदा लिने गरी श्रमशक्ति परिचालनका लागि ठुलो मात्रामा लगानीहरू आकर्षित गर्न नसक्नु यो क्षेत्रका विद्यमान समस्याहरू हुन् ।

आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा नै रोजगारीको अवसरहरू दिलाउनु, उत्कृष्ठ अन्तराष्ट्रिय श्रम बजारको पहिचान गर्नु, अन्तराष्ट्रिय श्रम शक्ति मुलुकहरूसँग द्धिपक्षिय सम्झौता गरी श्रमिक र उत्कृष्ठ श्रमका लागि सहजीकरण गर्नु, दक्ष जनशक्ति उत्पादन गरी तिनिहरूको मात्र श्रम आप्रवासनलाई स्विकृत गराउनु र श्रमिकको आयलाई लगानीमा रुपान्तरण गरी स्थानीय स्तरको उत्पादन र उत्पादकत्व वृद्धि गरी गरिवी निवारण गर्नु चुनौतीपूर्ण कार्यहरू हुन् ।

३.६.३ सोच

दक्ष जनशक्ति विकास तथा मर्यादिन र उत्पादनशील रोजगारीका अवसरको उपलव्धता

३.६.४ उद्देश्य

- बेरोजगार तथा अर्धवेरोजगारलाई रोजगारीका अवसरहरू विस्तार गर्नु ।
- सवै प्रकारका श्रमको शोषण अन्त्य गरी असर श्रम – औद्योगिक सम्बन्ध विकास गर्नु ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नु ।

३.६.५ रणनीति

- श्रमिकको हक र अधिकारको कानुनी तथा आर्थिक आधार तयार गर्ने ।
- लगानीमैत्री वातावरण सिर्जना गरी निजी / सामुदायिक/ सहकारीको माध्यमद्धारा रोजगारीका आसर निर्माण गर्ने ।
- वैदेशिक रोजगारलाई कम खर्चिलो, सुरक्षित र लाभप्रद बनाउने र विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्ने ।

३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
वैदेशिक रोजगारमा गएका युवा अनुपात	प्रतिशत	२८.६	२८	२६	२५	२४
न्युनतम १ जना औपचारीक क्षेत्रको रोजगारी आवद्ध घरपरिवार	प्रतिशत	२०	२२	२४	२६	२७

३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण
२०८१/८२	८,६६२	८,५१२	१५०		८,६६२	५००	८,१६२		
२०८२/८३	९,०९५	८,९३८	१५८	-	९,०९५	४४३	८,६५२	-	-
२०८३/८४	९,५५०	९,३८४	१६५	-	९,५५०	३७९	९,१७१	-	-

३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	प्रधानमन्त्री रोजगार कार्यक्रम	युवाहरूलाई रोगजारी उपलव्धता गराउनु	सालवसाली	९,१००	युवा क्षमता विकास सहित रोजगारीका कार्यक्रम सञ्चालन भएको हुने
२	युवा रोजगार र गरिवी निवारण सम्वद्ध कार्यक्रम	व्यवसायिक तथा सिपमुलक कार्यक्रम	सालवसाली	१८,२०७	गरिवीको रेखामुनि रहेका परिवारको अनुपात २ प्रतिशत भन्दा वढिले सुधार भएको हुने

३.७.९ जोखिम पक्ष तथा अनुमान

रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा अन्तर सरबारी समन्वय प्रभावकारी हुने, विद्यमान रोजगार सम्बन्धी कानुनहरूको प्रभाकारी कार्यान्वयन हुने, सामाजिक सम्वादको माध्यमवाट असर श्रम–औद्योगिक सम्बन्ध विकास हुने, रोजगारी सिर्जनाका लागि विभिन्न प्रकृतिका लघु घरेलुउद्यममा लगानी विस्तार हुने अनुमान गरीएको छ । वैदेशिक रोजगारलाई कम खर्चिलो, सुरक्षित र लाभप्रद बनाउने कार्यका लागि संघीय सरकारको समन्वयमा कुटनीतिक नियोग तथा अन्य माध्यमहरू प्रयोग गर्नुपर्ने र विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा प्रोत्साहनका लागि संघीय सरकारले नै वित्तिय तथा मौद्रिक व्यवस्थापनका उपकरणहरूको उपयोग गर्नुपर्ने भएकाले सो कार्यमा सहजीकरण हुन नसकेमा उद्देश्य प्राप्तिमा जोखिम रहन्छ ।

परिच्छेद ४

सामाजिक क्षेत्र

यस परिच्छेद अन्तर्गत शिक्षा, कला, भाषा र साहित्य खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

४.१ शिक्षा, कला, भाषा र साहित्य

४.१.१ पृष्ठभूमि

शिक्षा विकास एवं परिष्कृत र मर्यादित जीवन तथा सम्मानित रोजगारीका साथै उद्यम विकासको आधार समेत हो। ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रूपमा स्वीकार गरिंदै आएको छ। नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने गरेको छ। अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ। साथै, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा, राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ।

बनेपा नगरपालिकामा शैक्षिक संस्थाहरूमा सामुदायिक विद्यालय ४३ वटा (६०.५६ प्रतिशत) र संस्थागत विद्यालय २८ वटा (३९.४४ प्रतिशत) गरी कुल ७१ वटा विद्यालयहरू सञ्चालनमा छन्। बनेपा नगरपालिका साक्षार नगर घोषणा भैसकेको छ भने नगरपालिकामा क्षेत्रमा कृषि प्राविधिक, स्टाफ नर्स, सिभिल ओभरसियर / सूचना प्रविधि/ इलेक्ट्रिकल इन्जिनियरिङ, सि.एम.ए. र अनमी, ४ वर्षे नर्सिङ कार्यक्रम, भेटेरीनरी जेटीए पठनपाठन हुने प्राविधिक शिक्षालयहरू ६ वटा सञ्चालनमा रहेका छन्। यसका अतिरिक्त विशेष शिक्षा, बौद्धिक अपाङ्गता, बहिराहरूको पठनपाठन गर्न ४ वटा शिक्षण संस्थाहरू सञ्चालित छन्।

बनेपा नगरपालिका भाषाको दृष्टिकोणले बहुभाषिक क्षेत्र हो र मातृभाषाको हिसाबले ५७.०० प्रतिशत जनसंख्याले नेपाली बोल्ने गर्दछ भने अन्यहरूमा नेवारी (३०.६२ प्रतिशत), तामाङ (९.६२ प्रतिशत), मैथिली (०.६१ प्रतिशत), भोजपुरी (०.५७ प्रतिशत) र अन्य भाषा (१.५७ प्रतिशत) बोल्ने गरेका छन्। यस अर्थमा मातृभाषाको संरक्षणका लागि स्थानीय स्तरमा पाठ्यक्रमको विकास सहित कार्ययोजना वनाउनु आवश्यक देखिन्छ। त्यसैगरी बनेपा आफैमा ऐतिहासिक शहर भएकोले यहाँको प्राचीन र अनुपम कला एवं वास्तुकलाको संरक्षण गर्नु आवश्यक छ। तत्कालीन समाजको स्वरूप झल्काउने कलाका अवशेषहरूलाई संरक्षण गरी र आधुनिक कला एवं साहित्यको पनि उत्थान गर्नु अपरिहार्य हुन्छ।

४.१.२ समस्या तथा चुनौती

शिक्षाको विकासका लागि सरकारको स्रोत र निजी लगानी समेतलाई समन्यायिक ढङ्गले वितरण गर्न नसक्नु, र गणस्तरीय शिक्षामा समान पँहुच स्थापित गर्न साझा कार्यक्रमको विकास गर्न निजी, सरकारी, सामुदाय सवै क्षेत्रको समान प्राथमिकता नहुनु र निशुल्क एवं अनिवार्य आधारभूत तथा माध्यमिक शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन नहुनु शिक्षा क्षेत्रको समस्याको रूपमा चित्रण गर्न सकिन्छ ।

समावेशी तथा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चिचता दिने, विद्यमान अवस्थामा दक्ष, सिपमूलक एवं गुणस्तरीय, अनुसन्धानमुलक र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने, भिन्न क्षमताका व्यक्तिहरूको हकमा समेत सोहि अनुरूपको शिक्षा पद्दतिको विकास गरी शिक्षाको हक सुनिश्चित गर्ने र मौलिक भाषा विज्ञको अभावमा स्थानीय पाठ्यक्रमको समेत विकास गरी भाषाको संरक्षण गर्ने, मौलिक कला र साहित्यको उत्थानका लागि सवैमा जागरुकता ल्याउने कार्यहरू चुनौतीको रूपमा रहेका छन् ।

४.१.३ सोच

सामाजिक र आर्थिक रुपान्तरणको लागि मानव संसाधनको विकास

४.१.४ उद्देश्य

- शिक्षामा पँहुच र गुणस्तर अधिवृद्धि गरी उच्च शिक्षासम्मलाई प्रतिस्पर्धी, बैज्ञानिक, नवप्रवर्तनात्मक र अनुसन्धानात्मक बनाउनु ।
- शिक्षा प्रविधिमैत्रि र रोजगारमुलक बनाउदै उन्नत ज्ञानमा आधारित समाज र अर्थतन्त्रको निर्माण गर्नु ।

४.१.५ रणनीति

- आधारभुत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने ।
- शिक्षामा समातामूलक पँहुच स्थापित गर्ने ।
- शिक्षण सिकाई दर बढाउने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तारा गर्ने ।

४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
प्राविधिक शिक्षालय	संख्या	६	६	६	७	७
शिक्षक तालिम कार्यक्रम	प्रतिशत			३०	३३	३६
दरवन्दि अनुसार शिक्षक पदपूर्तिको अवस्था	प्रतिशत	९०	९५	१००	१००	१००
विद्यालयमा रहने औसत अवधि	प्रतिशत	७.४९	८	९	१०	१२
नगरको ऐतिहासिक कला, संस्कृति,	प्रतिशत	८०	९०	१००	१००	१००

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
जात्रा, चाडपर्व, मूर्त सम्पदाहरू, ऐतिहासिक धरोहरहरूको अध्ययन, अनुसन्धान र अभिलेखिकरण (कार्य सम्पन्न अनुपात)						

४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	३२६,६५१	३१०,१३१	१६,५२१		३२६,६५१	३१,७३५	२९३,७८०	१,१३६	
२०८२/८३	३४६,२५०	३२८,७३८	१७,५१२		३४६,२५०	२१,८८८	३२३,१५८	१,२०४	
२०८३/८४	३६७,०२५	३४८,४६३	१८,५६३		३६७,०२५	२६,४३३	३३९,३१६	१,२७६	

४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	प्रदेश सरकारको शिक्षातर्फको शशर्त कार्यक्रम	प्रदेश सरकारको लक्ष्य अनुरुप शिक्षा अध्ययनलाई अनिवार्य, सहज र सर्वसुलभ वनाउनु	सालवसाली	४,५०५	आधारभूत तहको विद्यालय भर्नादर ९९ प्रतिशत पुगेको हुने र प्रदेश सरकारको लक्ष्य अनुरुप कार्यक्रम सन्चालन भएको हुने
२	संघिय सरकारको शिक्षातर्फको शशर्त कार्यक्रम	संघीय सरकारको लक्ष्य अनुरुप शिक्षा अध्ययनलाई अनिवार्य, सहज र सर्वसुलभ वनाउनु	सालवसाली	८८४,९६१	माध्यमिक तहको विद्यालय भर्नादर ९५ प्रतिशत पुगेको हुने र सरकारको लक्ष्य अनुरुप कार्यक्रम सन्चालन भएको हुने
३	शिक्षा, कला, भाषा र साहित्य सम्वद्ध सालबसाली कार्यक्रम	शिक्षाको समग्र विकास र सम्वद्ध कार्यक्रमहरूको व्यवस्थापन गर्नु	सालवसाली	१५०,४६१	शिक्षाको समग्र विकास र सम्वद्ध कार्यक्रमहरू समुचित व्यवस्थापन भएको हुने

४.१.९ अनुमान तथा जोखिम

शिक्षण प्रणालि आधुनिकिकरण गर्नका लागि सामुदायिक, संस्थागत एवं निजी क्षेत्र समेतले समुचित स्रोत र लगानीको प्रभावकारी व्यवस्थापन गर्ने, बहुप्राविधिक विद्यालयहरूमा निजी क्षेत्रको समेत लगानी वढ्ने, साक्षरता वृद्धि गर्ने र भिन्न क्षमता भएका व्यक्तिहरूको समेत शिक्षाको हक सुनिश्चित गर्ने कार्यमा गैरसरकारी संस्थाहरूको समेत सहकार्य रहने र स्थानीय भाषा, कला र साहित्यको समेत संरक्षणमा सवैको चासो वृद्धि हुने अनुमान गरीएको छ ।

सरकारी, गैरसरकारी, एवं निजी क्षेत्र शिक्षामा गरेको स्रोत र लगानीको समुचित व्यवस्थापनका सम्बन्धमा आयश्यक नियमन र अनुगमन, भिन्न क्षमता भएका व्यक्तिहरूको शिक्षाका लागि थप लगानीको थप लगानीको सुनिश्चित, विद्यालयहरूको आवश्यकताका आधारमा शिक्षालाई प्रतिस्पर्धी, बैज्ञानिक, नवप्रवतैनात्मक र अनुसन्धानात्मक बनाउनका लागि पूर्वाधार र शैक्षिक सामाग्रिमा पर्याप्त सहयोग जस्ता कार्यहरू हुन नसकेको अवस्थामा उद्देश्य प्राप्ति नहुने जोखिम रहन्छ।

४.२ जनस्वास्थ्य तथा पोषण

४.२.१ पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्दै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि स्थानीय तहलाई समेत जिम्मेवार बनाएको छ। राष्ट्रिय स्वास्थ्य नीति, रणनीति तथा स्वास्थ्य बीमा ऐन अनुसार सबै क्षेत्र, वर्ग तथा समुदायका नागरिकलाई भरपर्दो तथा दिगो वित्तीय व्यवस्थापनमार्फत् गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा ल्याउनु सरकारको दायित्व हो। स्वास्थ्य सेवा प्रवाहमा आम जनताको पहुँच स्थापित गरी स्वास्थ्य सेवाको गुणस्तरमा समेत वृद्धि गर्नु आजको पनि आवश्यकता हो। साथै नेपालले विभिन्न समयमा पक्ष राष्ट्र भई गरेका अन्तराष्ट्रिय प्रतिवद्धता, दिगो विकासका लक्ष्य अन्तर्गत गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता एवं विद्यमान स्वास्थ्य नीतिहरूको पूर्ण कार्यान्वयन गरी नागरिकहरूको जीवनलाई परिस्कृत बनाउनु पर्ने दायित्व नगरपालिकाको हो। त्यसैगरी गुणस्तरीय र परिस्कृत जीवनका लागि खाद्य सचेतना सहित खाद्य व्यवहार र उमेर समुह अनुसार आवश्यक एवं उपयुक्त पोषणको समुचित व्यवस्थापन हुने सुनिश्चितता गर्नु आवश्यक छ। हाल बनेपा नगरपालिकामा रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरूमा ८ वटा सरकारी तथा २२ गैरसरकारी गरी कुल ३० वटा स्वास्थ्य संस्थाहरू रहेका छन् जसमध्ये ५ सरकारी प्राथमिक स्वास्थ्य चौकी, २ सरकारी शहरी स्वास्थ्य केन्द्र र १ सरकारी अस्पताल छन्।

४.२.२ समस्या तथा चुनौती

विपन्न, सीमान्तकृत र जोखिमपूर्ण अवस्थामा रहेका वर्ग, क्षेत्र तथा समुदायलाई गुणस्तरिय स्वास्थ्य सेवाको पहुँचमा ल्याउन नसक्नु, अति संक्रामक रोग वा नयाँ देखापर्न सक्ने महामारीजन्य रोगहरूको यथोचित नियन्त्रण नहुनु, नियन्त्रण गर्न सकिने प्रकृतिका संक्रामक रोगहरू विशेषज्ञता एवं स्रोतको क्षमताका कारण पूर्ण रूपमा नियन्त्रण गर्न नसक्नु, नसर्ने प्रकृतिका रोगहरूको बढ्दो प्रकोपलाई व्यवस्थापन गर्दै प्राकृतिक विपद वा दुर्घटना र चोटपटकबाट हुने बढ्दो मृत्यु तथा अपाङ्गताको प्रतिरोध गर्न नसक्नु, सर्वसुलभ तथा गुणस्तरीय विशेषज्ञ सेवा उपलव्ध गराउन नसक्नु, निःशुल्क गुणस्तरीय औषधिको सुर्वसुलभ पहुँच नहुनु र मागबमोजिमको अत्यावश्यक औषधि र आधुनिक स्वास्थ्य उपकरणको व्यवस्थापन गर्न नसक्नु स्वास्थ्य क्षेत्रका समस्याहरू हुन्।

आधारभुत स्वास्थ्य सेवालाई सवैको पहुँचमा ल्याउनु, निशुल्क रूपमा आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु, स्वास्थ्य संस्थामा दक्ष जनशक्ति र पूर्वाधारहरूको विकास गर्नु, सवै प्रकारका मातृ मत्युदर एवं शिशु मृत्यूदरमा कमी ल्याई सवै उमेर समूहका बालबालिका र महिलामा हुने न्यून पोषणको समस्या प्रतिरोधका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गर्नु चुनौतीको रूपमा रहेको छ।

४.२.३ सोच

स्वास्थ नागरिक, गुणस्तरीय जीवनयापन

४.२.४ उद्देश्य

- गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषणलाई सवैको पँहुचमा पु¥याउनु ।
- आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता हुने गरी पूर्वाधार, लगानी र जनशक्तिको समुचित व्यवस्थापन गर्नु ।

४.२.५ रणनीति

- आधारभूत स्वास्थ्यमा समतामुलक पहुँच सुनिश्चित गर्ने ।
- रिफरल स्वास्थ्य सेवाको पँहुचलाई सहज बनाउने ।
- वैकल्पिक स्वास्थ्य सेवाको प्रवद्र्धन गर्ने ।
- स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गर्ने ।

४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
पूर्ण खोप लिने वालवालिका	प्रतिशत	८०	८५	९०	९५	१००
विरामि पर्दा स्वास्थ्य संस्था जाने व्यक्ति दर	प्रतिशत	७२	७५	८०	८५	९०
भिटामिन ए प्राप्त गर्ने वालवालिका दर	प्रतिशत	९४	९५	९६	९८	१००
स्वास्थ्य संस्थामा प्रसूति हुने दर	प्रतिशत	८०	९०	९५	१००	१००
स्वास्थ्य विमा गर्ने परिवार अनुपात	प्रतिशत		३०	३५	४०	५०
वाल कुपोषण दर	प्रतिशत	-	१.६	१.५	१.३	१

४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ:

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण /अन्य
२०८१/८२	८९,०४८	७९,३३३	९,७१५		८९,०४८	४३,०००	४०,९०८	५,१४०	
२०८२/८३	९४,३९०	८४,३९०	१०,०००	-	९४,३९०	४३,९४४	४४,९९८	५,४४८	
२०८३/८४	१००,०५४	८९,४५४	१०,६००	-	१००,०५४	४७,०३०	४७,२४८	५,७७५	

४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	प्रदेश	प्रदेश सरकारको लक्ष्य	सालवसाली	१८,१४०	प्रदेश सरकारको लक्ष्य

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
	सरकारको श्वास्थ्यतर्फको शशर्त कार्यक्रम	अनुरुप स्वास्थ्यको उपलव्धतालाई अनिवार्य, सहज र सर्वसुलभ वनाउनु			अनुरुप स्वास्थ्यको सेवाको गुणस्तर र उपलव्धतालाई सर्वसुलभ भएको हुने
२	संघिय सरकारको श्वास्थ्य तर्फको शशर्त कार्यक्रम	संघीय सरकारको लक्ष्य अनुरुप लक्ष्य अनुरुपका कार्यक्रममार्फत स्वास्थ्यको सेवाको उपलव्धतालाई अनिवार्य, सहज र सर्वसुलभ वनाउनु	सालवसाली	१२०,६०७	स्वास्थ्यको सेवाको उपलव्धतालाई अनिवार्य, सहज र सर्वसुलभ भएको हुने
३	जनस्वास्थ्य र पोषण सम्वद्ध सालबसाली कार्यक्रम	स्वास्थ्य सम्वद्ध कार्यक्रमहरू सहज व्यवस्थापन गर्नु	सालवसाली	१४४,७४५	नियमित स्वास्थ्य कार्यक्रमहरूको व्यवस्थापन सहित थप पूर्वाधार, लगानी र जनशक्तिको समुचित व्यवस्थापन भएको हुने

४.२.९ जोखिम पक्ष तथा अनुमान

खोप, पोषण, महामारीको नियन्त्रण, प्रसूति जस्ता बहुपक्षिय सरोकारको विषयका संयन्त्रहरू प्रभावकारी रूपमा परिचालन हुने, नगरपालिकाको स्वास्थ्य नीति तर्जुमा भई कार्यान्वयन हुने, स्वास्थ्य पूर्वाधारहरूको विकासमा संघीय तथा प्रदेश सरकारवाट समन्वय भई उल्लेखनीय स्रोतहरू प्राप्त हुने र कृषिविकासका लक्षित कार्यक्रमहरू मार्फत अर्गानिक उत्पादनमा वृद्धि भई सवै उमेर समुहका लागि आवश्यक पोषण सुनिश्चितता हुने अनुमान गरिएको छ।

विश्वव्यापी रूपमा फैलिरहेको कोभिड १९ जस्तै प्रकृतिका महामारीहरू समयमा नै प्रतिरोध गर्ने गरी आवश्यक स्रोत, साधन र संरचनाहरू तयारी अवस्थामा राख्न नसकेमा, विपन्न वर्गको आधारभूत स्वास्थ्य सेवालाइ सुनिश्चित हुने कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन नसकेमा, स्वास्थ्य सेवाका अतिरिक्त अन्तर्सम्वन्धित पूर्वाधारहरू जस्तै सडकको पँहुच, दुरत एम्वुलेन्स, यातायात सेवाहरू लगायतको समुचित व्यवस्थापन हुन नसकेमा जोखिम यथावत रहने देखिन्छ।

४.३ खानेपानी तथा सरसफाई

४.३.१ पृष्ठभूमि

खानेपानी तथथा सरसफाई सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकालाई स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर निर्धारण, वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन; सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको संकलन र व्यवस्थापन, फोहोरको पुनःउपयोग, प्रशोधन, विसर्जन र सो सेवाको शुल्क निर्धारण र नियमन, निष्कासित फोहरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारि क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी गर्ने लगायतको अधिकार प्रदान गरेको छ । साथै खानेपानीको सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको र अन्तर्राष्ट्रिय रूपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाई सम्बन्धी स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ । तसर्थ स्वस्थ खानेपानीको पँहुच विस्तार गरी नियमित सरसफाई मार्फत विभिन्न प्रकारका प्रकोपको समेत प्रतिरोध गर्ने क्षमता विस्तार गर्नु, सामाजिक रहनसहन

र जीवनलाई परिस्कृत वनाउनु, स्वस्थ खानेपानी र सरसफाईको माध्यमवाट समग्र स्वास्थ्य क्षेत्रको सेवा तथा सूचकहरूमा समेत प्रभावकारिता ल्याउनु अहिलेको आवश्यकता हो।

विद्यमान परिस्थितिमा बनेपा नगरपालिकामा खानेपानीको मुख्य स्रोत पाइपलाईन तथा धारा (८१.३५ प्रतिशत) रहेको छ भने ट्युबवेल÷हातेपम्पको पानी प्रयोग गर्ने (१.१६ प्रतिशत), ढाकिएको ईनार÷कुवाको पानी प्रयोग गर्ने (६.२८ प्रतिशत), खुल्ला ईनार÷कुवाको पानी प्रयोग गर्ने (१.७८ प्रतिशत), मुलको पानी प्रयोग गर्ने (९.११ प्रतिशत) र अन्य स्रोतको पानी प्रयोग गर्ने परिवार (०.२४ प्रतिशत) रहेको छ । त्यसैगरी ढलमा जोडिएको फ्लस शौचालय भएको परिवार ३३.१५ प्रतिशत,सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस शौचालय भएको परिवार ४४.९३ प्रतिशत र साधारण स्तरको शौचालय रहेको परिवार २५.१८ प्रतिशत छ। खानेपानी तथा सरसफाईतर्फ बनेपा नगरपालिकाले एक घर एक धारा अभियान, स्थानीय पानीका स्रोतहरूको संरक्षण एवम् व्यवस्थित प्रयोग, नगर क्षेत्रभित्रका मूल संरक्षण गर्ने, खानेपानी तथा जनचेतनामूलक कार्यलाई प्रभावकारी बनाउने नीतिहरू लिएको छ।

४.३.२ समस्या तथा चुनौती

प्राकृतिक एवम् मानवजन्य कारणले पानीका स्रोत तथा मुहानहरूमा ह्रास आएको, भूकम्पको कारण खानेपानी तथा सरसफाईका संरचनाहरू क्षतिग्रस्त हुनु र सरसफाई सम्बन्धी जनचेतनामा कमि एवं व्यक्तिगत तथा सामुदायिक सरसफाईको अभ्यास कमजोर हुुनु यस क्षेत्र सम्वद्ध समस्याहरू हुन्।

सरकारी एवं गैर सरकारी प्रयासका विचमा पनि एक घर एक धाराको प्रभावकारी कार्यान्वयन नहुनु, स्वच्छ पानीको मुहान संरक्षण गर्नु र समुचित वितरणको व्यवस्था गर्नु, परम्परागत खानेपानी प्रणालिको दीगो व्यवस्थापन गर्नु, क्षतिग्रस्त संरचनाहरूको पूनर्निर्माण र पूनस्थापना गर्नु एवं सामुदायिक स्तरमा नै फोहोरको व्यवस्थापन हुने गरी सोहि बमोजिम सरसफाईको अभ्यास बढाउनु चुनौतीको रूपमा रहेको देखिन्छ।

४.३.३ सोच

"सबैको लागि स्वच्छ खानेपानी र सरसफाई"

४.३.४ उद्देश्य

- प्रत्येक घरधुरिमा स्वच्छ खानेपानीको पँहुच स्थापित गर्नु।
- नियमित रूपमा सरसफाई र सामुदायिक स्तरमा नै फोहोरको व्यवस्थापन गर्नु।

४.३.५ रणनीति

- एक घर एक धारा अवधारणा अनुसार स्वच्छ खानेपानीको उपलव्ध गराउनु।
- सवै घरमा पक्कि शौचालयको व्यवस्था गर्नुका साथै नियमित सरसफाईको अभ्यास वढाउने।
- घर र समुदाय स्तरमा व्यवस्थापन गर्न सकिने प्रकृतिको फोहोरलाई सोहि आधारमा व्यवस्थापन गर्ने/गराउने।

४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
सरसफाई सम्बन्धी जनशक्ति तालिम	संख्या	-	-	२०	३०	३५
खानेपानी स्रोतको संरक्षण र सरसफाई	प्रतिशत	-	-	५०	७५	८०
मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय	प्रतिशत	-	१	३	४	५
सरसफाई जनचेतना कार्यक्रम	संख्या	-	-	५	५	५

४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	२१,०००	५,०००	१६,०००		२१,०००	५,५००	८,५००	७,०००	
२०८२/८३	२२,२६०	५,३००	१६,९६०	-	२२,२६०	५,८३०	९,०१०	७,४२०	
२०८३/८४	२३,५९६	५,६१८	१७,९७८	-	२३,५९६	६,३६०	९,३७०	७,८६५	

४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	सरसफाई कार्यक्रम सालबसाली	पुर्ण सरसफाई सम्वन्धी सामाजिक अभियान सञ्चालन गर्नु	सालवसाली	४४५०	सरसफाई प्रवर्द्धन सहित समुदायमा नै फाहोर व्यवस्थापन भएको हुने
२	खानेपानी योजना सालवसाली	जीर्ण खानेपानी योजनाको मर्मत सम्भार, दिगो व्यवस्थापन र खानेपानीको सुविधा सुनिश्चित गर्नु	सालवसाली	६२,४०६	खानेपानी योजना मर्मत, संरक्षण र व्यवस्थापन भएको हुने

४.३.९ जोखिम पक्ष तथा अनुमान

स्रोतको अपर्याप्तता भएका क्षेत्रहरूमा डिप बोरिङ र आकासे पानीको पानीको सङ्कलनको व्यवस्था मार्फत प्रविधिको प्रयोग गरी खानेपानी व्यवस्थापन गर्न सकिने, काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनालाई यथाशिघ्र सम्पन्न हुने, जलाधार क्षेत्र/इनार/कुवाको संरक्षण र प्रवद्र्धनका लागि सरोकारवाला निकायहरूको सहयोग प्राप्त हुने र फोहोर व्यवस्थापन तथा सरसफाईमा समेत समुदायको सहकार्य हुने अनुमान गरिएको छ। विभिन्न प्रकारमा खानेपानी सम्वद्ध आयोजनाहरू जस्तै काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना समयमा नै सम्पन्न नहुने, खानेपानीको मुहान संरक्षण र व्यवस्थापनमा समुदायको सहयोग नहुने र पूर्ण सरसफाईयुक्त नगर निर्माणको कार्यमा सम्वद्ध सवै

सरोकारवालाहरूको हातेमाले नहुने हो भने लक्षित कार्यक्रमहरूको कार्यान्वयनको प्रभावकारीता जोखिममा पर्ने देखिन्छ।

४.४ महिला, बालबालिका र सामाजिक समावेशीकरण

४.४.१ पृष्ठभूमि

देशका कुनै पनि नागरिक राज्यबाट पाउने सेवासुविधाका लागि कोही पनि छुट्न र छुटाउनु हुँदैन भन्ने मान्यतामा आधारीत भई नेपालको संविधानको प्रस्तावनामा आधारित समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्नु अपरिहार्य छ। साथै समाजमा देखिएका सामाजिक कुरिति, जातिय, लैङ्गिक, भाषिक, धार्मिक, विभेद अन्य गर्नु पर्दछ। त्यसका लागि नगरपालिकाले आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैङ्गिक समानता कायम गर्ने, लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गर्ने, महिला तथा वञ्चितिमा परेका वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु एवं समता र सामाजिक समावेशीकरण युक्त समाज स्थापना नगरपालिकाको मुख्य ध्येय रहेको छ।

बनेपा नगरपालिकामा महिलाको जनसंख्या ५०.९१ प्रतिशत रहेको छ। नगरपालिकामा महिला जनप्रतिनिधि ४४ प्रतिशत रहेको छ भने कार्यपालिकामा ३२ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित भएको छ। नगरपालिका क्षेत्रभित्र महिलाको स्वामित्वमा भएको जमिन तथा घरमा क्रमक २३.७८ प्रतिशत र १४.११ प्रतिशत स्वामित्व रहेको छ भने महिला घरमुलि भएको परिवार प्रतिशत २०.१४ रहेको छ। साथै नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कुल कर्मचारीमा २६.५ प्रतिशत महिला रहेका छन्। त्यसैगरी नगरपालिकामा कुल जनसंख्याको एक चौथाई (२५.९५ प्रतिशत) बालबालिका तथा किशोरकिशोरीहरूको जनसंख्या रहेको भने ५ वर्ष मुनिको बालकको जनसंख्या २,०२७ तथा ५ वर्ष मुनिको बालिकाको जनसंख्या १,७२२ रहेको छ। यस नगरपालिकामा ५ वर्ष मुनिको लैङ्गिक अनुपात ११७.७१ रहेको छ जुन समग्र बागमती प्रदेशमा ५ वर्ष मुनि बढी लैंङ्गिक अनुपात भएका स्थानीय तहहरूमा तेश्रो स्थानमा रहेको छ। बनेपामा ज्येष्ठ नागरिक (७० वा सो भन्दा माथिको उमेर समूह) को जनसंख्या ३.५३ प्रतिशत रहेको छ भने कुल अपाङ्गता १.१२ प्रतिशत रहेका छन्। नगरपालिकामा दलित समुदायको जनसंख्या २,६२५ रहेको छ जुन कुल जनसंख्याको ४.७२ प्रतिशत हो।

४.४.२ समस्या तथा चुनौती

समानता तथा समाजिक समावेशीकरणको सम्बन्धमा भएका कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा देखिएका जटिलता, सिमान्तकृत, जनजाती लगायत समाजमा देखिएका सामाजिक कुरिति, जातिय, लैङ्गिक, भाषिक, धार्मिक, विभेद अन्त्य गर्ने कार्य व्यवहारीक रूपमा पूर्ण कार्यान्वयन नहुनु, महिलामाथि हुने विभेद तथा हिंसाजन्य घटनाहरू बढ्नु, परम्परागत सामाजिक संरचनालाई विस्थापन गर्न नसक्नु, यौनजन्य हिंसा विद्यमान हुनु, महिलाको भुमिका औपचारिकमा कम र घरायसी काममा बढी केन्द्रित हुनु, महिला लक्षित कार्यक्रमको कमी, महिला, अपाङ्गता तथा वाल मैत्री पूर्वाधारको कमी लगायतका विषयहरू नगरपलिकाको प्रमुख समस्याहरू हुन्।

राज्यका सबै तह र निकायहरूमा समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहिकरण गर्न ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गर्नु, अन्तर निकाय र समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु यसक्षेत्रका प्रमुख चुनौती हुन्।

४.४.३ सोच

समता र सामाजिक समावेशीकरण युक्त नगर

४.४.४ उद्देश्य

- समता र सामाजिक समावेशीकरण स्थापना तथा विस्तार गर्नु।
- बञ्चितीकरणमा परेका समुहहरूको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नु।
- भेदभावमा परेका समुहहरूको राजनीतिक, आर्थिक र सामाजिक पँहुच सुनिश्चित गर्नु।

४.४.५ रणनीति

- समनता र सामाजिक समावेशीकरणलाई संरक्षण गर्ने।
- महिला, लक्षित वर्ग र सिमान्तकृत समुदायको सशक्तिकरण र समावेशीकरणको विकासमा जोड दिने।
- दलित, जनजाति, विपन्न वर्ग र सिमान्तिकृत समुदायको सशक्तिकरण र विकास गर्ने।

४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
लक्षित तथा पिछडिएका वर्गलाई क्षमता विकास तालिम	प्रतिशत	८५	१०५	१००	११०	१२०
अपाङ्ग वालवालिकालाई विशेष शिक्षा तालिम	संख्या	३०	४५	४५	५०	५०
तालिम प्राप्त अपाङ्ग भएका व्यक्ति	संख्या	५०	९५	१००	१००	१००
वाल क्लव	संख्या	१५	१५	१५	२०	२०

४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	१३,१७०	९,७६०	३,४१०		१३,१७०	११,७००	५७०	९००	
२०८२/८३	१३,९६०	१०,३४६	३,६१५	–	१३,९६०	१२,४०२	६०४	९५४	
२०८३/८४	१४,७९८	१०,९६६	३,८३१	–	१४,७९८	१३,१४६	६४०	१,०११	

४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	महिला विकास कार्यक्रम	महिलाहरूको आर्थिक सामाजिक अवस्था सुधार ल्याई अवसरहरूमा पहुँच स्थापित गर्नु	सालवसाली	२२,२७०	महिलाहरूका लागि सिपमुलक तथा व्यवसायिक तालिम संचालन भएको हुने
२	महिला, बालबालिका र सामाजिक समावेशीकरण सम्वद्ध सालबसाली कार्यक्रम	कानुती हक, हैसियत, पद, पारिवारीक सम्वन्ध, महिला हिंशा, भेदभाव, आर्थिक तथा सामाजिक अवस्थामा सुधार, सम्पत्ति लगायतका विषयमा कार्यक्रमहरू संचालन हुने	सालवसाली	१९,६५८	कानुती हक, हैसियत, पद, पारिवारीक सम्वन्ध, महिला हिंशा, भेदभाव, आर्थिक तथा सामाजिक अवस्थामा सुधार, सम्पत्ति लगायतका विषयमा ६ वटा विभिन्न कार्यक्रम संचालन भएको हुने

४.४.९ जोखिम पक्ष तथा अनुमान

समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति र योजना तथा कार्यक्रम तयार भई कार्यान्वयन भएको हुने, विभेद सम्वन्धि आवश्यक सवै प्रकारका कानुन निर्माण भई कार्यान्वयनमा आउने, लक्षित वर्गको कार्यक्रमको नियमित अनुगमन हुने, एकिकृत रूपमा सामाजिक समावेशीकरण लक्षित कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन हुने अनुमान गरिएको छ।

४.५ युवा तथा खेलकुद

४.५.१ पृष्ठभूमि

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरूको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, दिगो विकास लक्ष्य र युवा भिजन–२०२५ ले युवाको विकास र सहभागितामा जोड दिएको छ । यसका लागि एकीकृत कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ । बनेपा नगरपालिकाको कुल जनसंख्याको ४७.९४ प्रतिशत युवा (१५ देखि ३९ वर्ष) रहेको जनसांख्यिक लाभको अवसरलाई पुँजीकृत गरी आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्नु जरुरी छ।

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भुमिका रहन्छ। खेलकुद राष्ट्रिय एता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान स्थापित गर्ने प्रमुख माध्यमको रूपमा रहिआएको छ। विश्वव्यापी मूल्य मान्यता र प्रविधिको संयोजनबाट नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी "सबैका लागि खेलकुद" अभियानलाई सार्थकता दिन आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार खेलकुद सम्बन्धी बनेपा नगरपालिकाको कर्तव्य र अधिकारमा स्थानीयस्तरको खेलकुदको संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकासः स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वय; खेलकुदको विकास

र प्रवर्द्धन, खेलकुद प्रतियोगिता आयोजना र सहभागिता; खेलकुद सम्बन्धी पूर्वाधारको विकास गर्ने रहेको छ। बनेपा नगरपालिकाले खेलकुदतर्फ एक वडा एक खेल मैदानको योजनालाई निरन्तरता दिने, नगरस्तरीय व्यवस्थित खेलकुद मैदान बनाउन उपयुक्त स्थानको पहिचान गरी पूर्वाधार तयारीका लागि योजना बनाउने, बनेपा नगरपालिका वडा नं. ६ मा रहेको कवर्डहललाई सुविधा सम्पन्न बनाउने र राष्ट्रिय स्तरमा सञ्चालित खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्दै मेयर कप फुटबल प्रतियोगितालाई निरन्तरता दिने जस्ता नीतिहरू अवलम्बन गरेको छ।

४.५.२ समस्या तथा चुनौती

सर्वपक्षिय सहयोग र सहकार्यको वातावरण निर्माण भैरहेको सन्दर्भमा समेत खेलकुदको पर्याप्त विकास र प्रवद्र्धन हुन नसक्नु, खेलकुदको विकासका लागि पूर्वाधारमा लगानीको अभाव रहनु, युवा परिषद् गठन हुन नसक्नु र युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु यस क्षेत्रको समस्याहरू हुन्।

युवा विशेषको क्षमताको पहिचान गरी विकास गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवामा सकारात्मक प्ररणा र सोचको विकास गर्नु, युवाहरूलाई स्थानीय स्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा आकर्षित गराउनु र खेलकुद पूर्वाधारको तिव्र निर्माण गरी नियमित र व्यावसायिक खेलकुदको विकास गर्नु चुनौतीको रूपमा रहेको देखिन्छ।

४.५.३ सोच

स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद

४.५.४ उद्देश्य

- खेलकुद विकासको माध्यमबाट नगरपालिकाको समृद्धिमा युवाशक्तिको योगदान पूँजीकृत गर्नु।
- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु।

४.५.५ रणनीति

- युवाहरूको क्षमता विकास गरी उत्पादनमूलक कार्यमा आकर्षित गर्ने।
- रोजगारीको अभिवृद्धि गर्ने।
- आवश्यक खेलकुद पूर्वाधारको विकास गर्ने।

४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
युवा सञ्जाल	संख्या			१२	१५	१५
स्थानीय स्तरको खेलकुद मैदान	संख्या			९	१०	१२
कभर्ड हल	संख्या			५	५	५
माध्यमिक विद्यालयमा खेलकुद शिक्षक र सामाग्री	प्रतिशत			७०	८०	१००

४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	१४,३००	३,३६०	१०,९४०		१४,३००	१०,३००	४,०००		
२०८२/८३	१५,१५८	३,५६२	११,५९६	–	१५,१५८	१०,९१८	४,२४०	–	–
२०८३/८४	१६,०६७	३,७७५	१२,२९२	–	१६,०६७	११,६१५	४,४५२	–	–

४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	युवासम्वद्ध कार्यक्रम र खेल मैदान तथा कभर्ड हल	युवा सम्वद्ध गतिविधिको समुचित व्यवस्थापन गर्नु र खेल मैदान तथा खेलकुद व्यवस्थापन	सालवसाली	४३,७७९	नगरस्तरीय युवा सम्वद्ध गतिविधिहरू व्यवस्थापन भएको हुने, नगरस्तरीय खेलकुद गतिविधिहरूको व्यवस्थापन भएको हुने

४.५.९ जोखिम पक्ष तथा अनुमान

खेलकुद पूर्वाधार विकास गर्न स्थानहरू उपलब्ध हुने, स्थानीय खेल प्रतिभाहरूको विकासमा सर्वपक्षिय सहकार्य हुने, खेलकुदको विकास गरी युवा क्षमताको विकास हुने, स्थानीय युवायुवतीहरूको खेलकुदमा समेत स्वस्थ्य र स्फूर्तिका लागि आर्कषण वृद्धि हुने, स्थानीय स्तरमा खेलकुदको नियमित कार्यक्रम मार्फत स्थानीय खेल प्रतिभाहरूको पहिचान र विकास हुने अनुमान गरिएको छ।

जनसांख्यिक लाभको उचित अवसरलाई पुँजीकृत गरी युवाहरूको योगदानलाई आर्थिक समृद्धिमा रुपान्तरण गर्ने कार्यका लागि अन्तर सरकारी समन्वय र सर्वपक्षिय सहयोग नभएको अवस्थामा जोखिम रहने देखिन्छ ।

४.६ सामाजिक सुरक्षा तथा पञ्जिकरण

४.६.१ पृष्ठभूमि

मानिस सामान्य अवस्थामा बाहेक जेष्ठ, असक्त वा अन्य कारणले आधारभूत मानवीय आवश्यकताबाट बन्चित हुने अवस्था भएमा ती प्रकारका आवश्यकताहरू पूरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो । सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकारले समेत सुरक्षा भत्तामार्फत जेष्ठ, असक्त वा अन्य कारणले आधारभूत मानवीय आवश्यकताबाट बन्चित हुने नागरिकहरूलाई नगद उपलव्ध गराउने कार्य गरिरहेको छ । लाभग्राहीले यस्तो भत्ता रकम बुझेकोमा कुनै पनि दायित्व बहन गर्नु नपर्ने भएकाले यो निःशर्त अनुदानको रूपमा रहेको हुन्छ । यस किसिमबाट प्रदान गरिंदै आएको सामाजिक सुरक्षा भत्ता देशैभरिका विभिन्न वर्गका लाभग्राही समूहहरूलाई धनी–गरीब, विशेष क्षेत्र

आदिमा लक्षित नगरी समान रूपमा लागु भएको छ । त्यसैगरी नगरपालिकाले समेत आधारभूत आवश्यकताबाट बञ्चित हुने प्रकृतिका उच्च जोखिममा रहेका बालवालिका, गरिब लक्षित, अपाङ्ग, लोपोन्मुख लगायतलाई प्रत्यक्ष लाभान्वित हुने गरी आवश्यक कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ । राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरूलाई आधिकारिक रूपमा रेकर्ड राख्नु र त्यो कार्यका लागि घटनादर्ताको सर्वमान्य सिद्धान्तअनुसार यसलाई स्थायी, अविच्छिन्न तथा अनिवार्य कार्यको रूपमा निरन्तरता दिनुपर्ने हुन्छ । तसर्थ जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्धविच्छेद गरी पाँच किसिमका घटनाहरूलाई दर्ता गर्ने आधिकारीक रूपमा नगरपालिकाले गर्नुपर्ने हुनाले त्यसका लागि आवश्यक रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरणसम्बन्धी कार्यहरू सँगसँगै गर्नुपर्दछ ।

४.६.२ समस्या तथा चुनौती

लाभग्राही व्यक्तिको सचेतना र जानकारीवाट बञ्चित भई सुविधाबाट विमुख हुने एवं अति आवश्यक परेपछि मात्र जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्धविच्छेदका घटनादर्ता गर्ने परिपाटिले यर्थाथ विवरण अभिलेखनमा समस्या भैरहेको देखिन्छ ।

निरक्षर लाभग्राही व्यक्तिलाई समेत वैंकिङ्ग प्रणालीबाट भुक्तानि भैरहेको सामाजिक सुरक्षा भत्तालाई आवश्यक सहजीकरण गरी प्रभावकारी वितरणको व्यवस्थापन गर्नु चुनौती रहेको छ ।

४.६.३ सोच

सामाजिक सुरक्षाको सुनिस्चितता सहित सबै नागरिकको पूर्ण अभिलेख

४.६.४ उद्देश्य

- सवै प्रकारका आधारभूत हक एवं आवश्यकताबाट बञ्चित नागरिकहरूलाई सामाजिक सुरक्षाको समुचित व्यवस्थापन गर्नु ।
- समयमा नै सवै प्रकारका घटनादर्ता गरी विवरण अद्यावधिक गर्नु ।

४.६.५ रणनीति

- आधारभूत आवश्यकताबाट बञ्चित उच्च जोखिममा रहेका नागरिकको सम्मान र संरक्षण गर्ने ।
- घटनादर्ता प्रक्रियालाई सरल, सहज र प्रभावकारी बनाउने ।

४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ:

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
लक्षित वर्गका सुमदायहरूको सामाजिक सुरक्षामा आवद्ध अनुपात	प्रतिशत	-	-	८०	९०	१००
तोकिएको समय ३५ दिन भित्र नै घटना दर्ता र पञ्जिकरण गर्ने	प्रतिशत	-	-	८०	९०	१००

४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	८००	६५०	१५०		८००	८००	–	–	–
२०८२/८३	८४८	६८९	१५९	–	८४८	८४८	–	–	–
२०८३/८४	८९९	७३०	१६९	–	८९९	८९९	–	–	–

४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	सामाजिक सुरक्षा र पञ्जिकरण सम्वद्ध कार्यक्रम	सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्वन्धमा जनचेतना वृद्धि गर्नु	सालवसाली	२,५४७	सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सम्वन्धमा, पटक अभिमुखीकरण, कार्यक्रम व्यवस्थापन भएको हुने

४.६.९ जोखिम पक्ष तथा अनुमान

सवै प्रकारका आधारभूत आवश्यकताबाट बञ्चित हुने एवं उच्च जोखिममा रहेका बालवालिका, गरिब लक्षित, अपाङ्ग, लोपोन्मुख, लगायतलाई प्रत्यक्ष लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गर्दा सर्वपक्षिय सहयोग प्राप्त हुनेछ भन्ने अनुमान गरिएको छ। वास्तविक लाभग्राहि पहिचान नभई अनुचित रूपमा परोक्ष लाभ लिने अवस्थाको नियन्त्रण र सापेक्ष एवं सहि विवरण सहितको घटनादर्ता एवं विवरण अद्यावधिकको प्रक्रियामा नागरिकहरू सचेत नभएमा जोखिम समेत निम्तिने देखिन्छ।

परिच्छेद ५

पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

५.१ आवास, भवन तथा शहरी विकास

५.१.१ पृष्ठभूमि

बनेपा नगरपालिकामा बढ्दो जनसंख्या र तिब्र शहरीकरणसँगै व्यवस्थित आवास र वस्ती विकास निक्कै जटिल र चुनौतीपूर्ण हुदै गैरहेको छ। नीजि आवास परिवार आफैले जग्गा खरिद गरी क्रमिक रूपमा निर्माण गर्ने र बाटो, यसको स्तर र अन्य सुविधाहरू क्रमशः थप्दै जाने गरेको देखिन्छ। यस्ता आवासहरूमा शहरी योजना तथा भवन सम्बन्धी मापदण्ड र संहितामा व्यापक कमी हुने गरेको देखिन्छ। जसले गर्दा यसरी आफुखुसी विकास गरिएका आवास र वस्तीहरू जोखिमयुक्त र अव्यवस्थित हुने गरेका छन्। नगरपालिकाको शहरी क्षेत्रमा घर, जग्गा तथा बजार विकासको क्रम अव्यवस्थित छ । विक्रेता र खरिदकर्ता दुवैले घरजग्गा सम्बन्धी सूचना र खरीद बिक्रीका लागि मध्यस्तकर्ताहरूको सहयोग लिनुपर्ने वाध्यता छ। नगरपालिकाका कृषि योग्य फाँटहरू प्लटिङ गरी घडेरी विक्री गर्ने क्रम बढेको छ जसले गर्दा नगरपालिकामा व्यवस्थित आवास र वस्ती विकास अझ चुनौतीपूर्ण र जटिल बन्दै गैरहेको छ।

नगरपालिका अधिकांश आवास पर्खालले घेरेका समुदाय (गेटेड कम्युनिटी) को रूपमा विकास भएका छन् । औपचारिक आवास अन्तर्गत पर्ने अपार्टमेन्ट र सामुहिक आवास नगरपालिकामा विकसित हुन सकेको छैन। मुख्य बजार क्षेत्रमा वहालयुक्त आवासको प्रयोग बढ्दो छ। नगरपालिका भित्रका पुराना र परम्परागत वस्तीहरू भने सघन, साँघुरो र एकिकृत रूपमा रहेका छन्। बजारका क्षेत्रमा धेरै व्यक्तिहरूले एउटै कोठा÷घरमा वहाल लिएर भिडभाडमा बसेको समेत पाईन्छ। यस्ता परम्परागत र पुराना वस्तीहरू साघुँरा र गल्लीहरूमा रहेकोले शहरी पूर्वाधारको पहुँच समेत चुनौतीपूर्ण रहेको छ । भूकम्पीय जोखिममा रहेका यस्ता टोल र वस्तीहरूले गुणस्तरिय आवास र वस्ती विकासमा ठूलो महत्व राख्ने गर्दछन्। नगरपालिकाका ३०–५५ प्रतिशत यस्ता घरधुरीहरू सवलीकरण नगरिएका गारोको घरहरूमा (ढुङ्गा वा ईटामा माटोको जोडाई भएको) बस्छन्।

५.१.२ समस्या तथा चुनौती

जनसंख्याको तिव्र वृद्धि र अव्यवस्थित शहरीकरण भैरहनु, व्यवस्थित वस्ती विकास नहुनु, एकीकृत तथा योजनावद्ध वस्ती विकासमा पर्याप्त सहजीकरण नहुनु, असुरक्षित वस्ती र कमजोर आवास संरचनाको कारण जोखिम बढ्नु र व्यक्तिगत प्रयासबाट आवास निर्माण गर्ने परम्परा खर्चिलो र धान्न नसक्ने हुँदै जानु एवं पराम्परागत निर्माण सामाग्री तथा प्रविधिको प्रयोगको अवस्था साँघुरिदै जानु समस्याको रूपमा चित्रण गर्न सकिन्छ।

जोखिमयुक्त असुरक्षित स्थानमा छरिएर रहेका वस्तीलाई वैज्ञानिक भू–उपयोगमा आधारित रही एकीकृत बस्ती विकास गर्नु, स्थानीय निर्माण सामाग्रीको प्रयोग गरी सुरक्षित तथा कम लागतका आवास निर्माण गर्नु, न्यून आय,

सीमान्तकृत तथा विपद् जोखिममा रहेका वर्ग र शहरी गरीबका लागि आवास सुविधा उपलब्ध गराउनु, भवन संहिता पूर्ण रूपमा लागु गर्नु, व्यवस्थित आवास र बस्ती विकासमा जग्गा प्राप्तिको कार्य जटिल हुँदै जानु चुनौतीको रूपमा रहेको छ।

५.१.३ सोच

सुरक्षित जीवनयापनका लागि व्यवस्थित आवास तथा वस्ती विकास

५.१.४ उद्देश्य

- आवासमा सबैको पहुँच सुनिश्चित गर्नु।
- व्यवस्थित, सुरक्षित र किफायती भवन निर्माण गर्नु।

५.१.५ रणनीति

- रणनीति आवास बस्ती विकास र भवन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने।
- सुरक्षित र व्यवस्थित वस्ती विकास र सूचना प्रणालिलाई प्रवद्र्धन गर्ने।

५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
न्युनतम आवश्यक पूर्वाधार सुविधा भएका घरधुरी	प्रतिशत	-	७०	७५	८०	९० -
मुख्य बजार र शहरी वस्ति क्षेत्रमा ढल निकास व्यवस्थापन भएको क्षेत्र	प्रतिशत	५०	६०	७०	८०	८५

५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	२९,०३५	-	१६,५३५	१२,५००	२९,०३५	१६,६००	१२,४३५		
२०८२/८३	३०,१९२	-	१७,६९२	१२,५००	३०,१९२	१७,१३६	१३,०५७	-	
२०८३/८४	३१,४३१	-	१८,९३१	१२,५००	३१,४३१	१७,९३१	१३,५००	-	

५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	ऋण साँवा तथा	वित्तिय व्यवस्थापनलाई	सालवसाली	३७,५००	समयमानै ऋण

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
	व्याज फिर्ता	प्रभावकाली बनाउनु			साँवा तथा व्याज फिर्ता भएको हुने
२	भवन, आवास, शहरी विकास सम्वद्ध सालबसाली कार्यक्रम	अव्यवस्थित सहरीकरण र मापदण्ड पालना नगरी बनाईएका भवन निर्माण निरुत्साहन गरि व्यवस्थित नगर निर्माण गर्नु	सालवसाली	५३,१५८	सहरी वस्ति विकास योजना प्रतिवेदन निर्माण तथा कार्यान्वयन भएको हुने

५.१.९ जोखिम पक्ष तथा अनुमान

योजनाबद्ध रूपमा जग्गा विकासको आयोजना सञ्चालन गरी आधुनिक, सुरक्षित र सुविधा सम्पन्न शहरी पूर्वाधारयुक्त आवास र वस्तीहरू विकास गर्न सकिने, नियमित अनुगमन र नियमन मार्फत भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन गर्ने सकिने, आवास, वस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरू तर्जुमा भई कार्यान्वयमा जाने, भू–उपयोग नीति अनुसार प्रदेश सरकार र नीजि क्षेत्रसमेतको सहकार्यमा आवास तथा वस्ती विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन हुने अनुमान गरिएको छ।

पेशागत विविधतामा आएको परिवर्तन र विप्रेषणको लगायतका कारणले तिब्र शहरीकरणको वृद्धि भैरहेको सन्दर्भमा अपार्टमेन्ट तथा संयुक्त आवास क्षेत्र जस्ता औचपारिक आवासहरूको विकास गर्ने, नीजि क्षेत्रबाट भइरहेको घडेरी तथा आवास विकास कार्यलाई उचित मापदण्डका आधारमा नियमन गर्ने एवं न्यून आय हुने वर्गका लागि सुलभ आवासको व्यवस्था गर्न नीजि क्षेत्रसँग सहकार्य गर्ने जस्ता कार्ययोजनाहरू प्रभावकारी बन्न नसक्ने अवस्थालाई जोखिमको रूपमा लिइएको छ।

५.२ सडक, पुल तथा यातायात

५.२.१ पृष्ठभूमि

स्थानीय तहहरूको सामाजिक, आर्थिक र भौतिक विकासमा सडक पूर्वाधार तथा यातायातको महत्वपूर्ण भूमिका हुने गर्दछ। सडक र यातायताको बिकाससँगै स्थानीय उत्पादनहरूले बजारसम्मको सहज पहुँच पाउछन् भने वरीपरीका अन्य बजार केन्द्र, शहर र पालिकाहरूसँग समेत गाढा सामाजिक आर्थिक अन्तरसम्बन्ध स्थापित हुन्छ। त्यसैले सडक र यातायात जस्ता भौतिक पूर्वाधारहरूलाई शहरी प्रणालीबाट अलग्याएर हेर्न सकिदैन। शहरी प्रणालीलाई वेवास्था गरेर बनाईने पूर्वाधारको उपयोगिता रहदैन भने गुणस्तरिय सडक र यातायात प्रणाली बिना शहरी प्रणाली र जनविजन पनि सहज र सबल हुँदैन। सडक तथा यातायात प्रणालीमा गरिने लगानीले शहरीकरणलाई समेत सहयोग पुयाईरहेको हुन्छ। तुलनात्मक रूपमा बनेपा नगरपालिकामा सडक पूर्वाधार तथा यातायातको राम्रो प्रवन्ध रहेको छ। राजधानी काठमाडौंबाट नजिकै रहेको यस नगरपालिकालाई मित्र राष्ट्र चिन जोडने अरनिको राजमार्गले बिचबाट चिरेर गएको छ भने राजधानीलाई देशका पूर्वी जिल्लाहरू जोडने बिपि राजमार्ग (बनेपा–बर्दिबास) को मुख्य प्रस्थान बिन्दु समेत यसै नगरपालिका रहेको छ।

५.२.२ समस्या तथा चुनौती

कमसल र साँघुरो सडक, अव्यवस्थित शहरीकरण, कमजोर यातायात प्रणाली र पूर्वाधार, नीजि सवारी साधनको बढ्दो संख्या, यातायात र ट्राफिक व्यवस्थापनमा प्रविधिको न्यून प्रयोग, अन्तर सरकार समन्वय र कमजोर अनुगमन, बढ्दो सवारी दुर्घटनाको निन्यत्रण नहुनु, ट्राफिक नियमको बढ्दो उल्लघन एवं कमजोर सडक सुरक्षा सूचना प्रणाली यस क्षेत्रका समस्याहरू हुन्।

सवारी साधनको संख्यामा अत्याधिक वृद्धि, दीर्घकालीन यातायात व्यवस्थापन तथा सडक सुरक्षा रणनीति मार्फत सडक दुर्घटनाको न्यूनीकरण, शहरी क्षेत्रमा बढ्दो निजी सवारी साधनको वैज्ञानिक व्यवस्थापन, वायु तथा ध्वनि प्रदुषण नियन्त्रण एवं सडक सुरक्षा लगायत नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउँदै सर्वसुलभ र सुरक्षित सार्वजनिक यातायात सेवा प्रदान गर्नु जस्ता कार्यहरू चुनौतीपूर्ण बन्दै गएको छ।

५.२.३ सोच

"सुरक्षित र वातावरणमैत्री सडक सञ्जाल तथा यातायात प्रणालीको विकास"

५.२.४ उद्देश्य

- नगरपालिकाको सडक तथा यातायात सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्नु।
- बजार केन्द्र र वस्तीहरूमा गुणस्तरीय सडक तथा यातयात पूर्वाधारको विकास एवं पहुँच अभिवृद्धि गर्नु।

५.२.५ रणनीति

- सडक तथा यातायातको पँहुच र गतिशीलतामा सुधार गर्ने।
- सडक सञ्जाल सुधार गर्ने।
- सडक संरचनाहरूलाई व्यवसायिक सिद्धान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने।
- सडक र यातायात प्रणालीलाई व्यवस्थित गर्ने।

५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
पक्कि पुल	संख्या	४	४	४	५	५
रणनीतिक सडक सञ्जालमा जोडिएका टोल /वस्ति अनुपात	प्रतिशत	६५	७०	७५	८०	८५

५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त ववरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण /अन्य
२०८१/८२	३१७,७२८	४,०००	३१३,७२८		३१७,७२८	१६४,८३७	११४,३९२	३८,५००	
२०८२/८३	३३१,८६३	४,२८०	३२७,५८३	–	३३१,८६३	१५५,४०८	१३८,२५७	३८,१९८	
२०८३/८४	३५४,५७६	४,५८०	३४९,९९६	–	३५४,५७६	१७२,७७७	१४०,९४०	४०,८६०	

५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छः

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	नाला नगरकोट सडक (बहुवर्षिय)	नाला देखि नगरकोट सडक सम्पन्न गर्नु	२०८०।८१ देखि २०८३।८४	६०,०००	नाला देखि नगरकोट सडक सम्पन्न भई आवातजावत सहज भएको हुने
२	नगर स्तरीय सडक सडक बाटो योजना	नगरका सडक स्तरोन्नती र यातायात व्यवस्था सहज गर्नु	सालवसाली	९४४,१६८	नगरका सडकको आवश्यक भौतिक पूर्वाधार निर्माण भएको हुने

५.२.९ जोखिम पक्ष तथा अनुमान

सडक तथा यातायात पूर्वाधार बिकासले नगरवासीको आवगमनलाई सहज तुल्याउने र सडक विकासको माध्यमबाट सामाजिक अन्तरसम्बन्ध समेत सघन हुने, सडकका कारण नगरपालिकाको वाणिज्य र व्यापारको आन्तरिक, अन्तर प्रादेशिक र अन्तराष्ट्रिय कारोबारलाई बृद्धि गर्नुका साथै भौतिक संरचना र मानवीय संसाधनलाई पनि टेवा पुग्ने भएकाले र त्यसको लागि अन्तर सरकारी समन्वय रहने अनुमान गरिएको छ।

यातायात व्यवस्थापनलाई सहन र सुलभ बनाउन प्रविधिको प्रयोग गर्ने, सार्वजनिक यातायात सेवामा निजी क्षेत्रको लगानी आकर्षित गर्ने र सडक सुधारका आयोजनाहरूको लागत एवं गुणस्तरको समेत अनुगमन गरी समयमा नै कार्य सम्पन्न गर्ने प्रणालिको विकास गर्ने जस्ता गर्नु आवश्यक छ, अन्यथा उद्देश्य अनुसारको प्रतिफल हासिल नहुने जोखिम उच्च रहन्छ।

५.३ विद्युत तथा स्वच्छ उर्जा

५.३.१ पृष्ठभूमि

बनेपा नगरपालिका क्षेत्रमा तिव्र शहरीकरण भइरहेको र विभिन्न प्रकारका घरेलु लगायत ठूलो उद्योगहरू समेत रहेकोले उर्जाको खपत ज्यादै बढेको छ। विद्युत प्रमुख उर्जाको रूपमा रहेको छ भने सम्पुर्ण वडाहरूमा विद्युतको पहुँच स्थापित भइसकेक छ। देशमा नीजि क्षेत्रहरूबाट समेत विद्युत उप्पादन भइरहेको र नेपाल विद्युत प्राधिकरणले समेत विद्युतको खपतलाई प्रोत्साहन गरिरहेको सन्दर्भमा नगरपालिकाले समेत विद्युत खपतलाई प्रोत्साहन गरी विद्युत वितरण नपुगेका वस्ती र टोलहरूसम्म विद्युत वितरण लाईनको निर्माण गर्न आवयश्क कार्य एवं सहजीकरण गर्न आवश्यक देखिन्छ। साथै नगरपालिमा रहेका उद्योग व्यवसायहरूबाट स्थानीय सरकारलाई राजस्व समेत प्राप्त हुने हुनाले उर्जाको वितरणलाई सुलभ बनाई यसको प्रयोगलाई नगरपालिकाले प्रोत्साहन गर्नुपर्ने छ।

बनेपा नगरपालिकामा उर्जाको मुख्य स्रोत विद्युत हो भने ९७.३२ प्रतिशत घरधुरीहरूले आफ्नो घरमा बत्ति बाल्न विद्युतको प्रयोग गरेको देखिन्छ। अन्य स्रोतहरूमा मट्टितेल, बायोग्यास, सोलारहरू देखिएका छन् जसको हिस्सा अत्यन्त न्यून रहेको छ। त्यसैगरी एलपी ग्यास र काठ÷दाउरा खाना पकाउन प्रयोग गरिने ईन्धनका मुख्य स्रोतहरू हुन जस अन्तर्गत ५३.२१ प्रतिशत घरधुरीले एलपी ग्यास र ४३.१४ प्रतिशतले काठ÷दाउरा प्रयोग गरिरहेका छन्। हाल खाना पकाउन काठ/ दाउराको प्रयोग गर्ने घरधुरीहरू क्रमश घट्दै गैरहेका छन् भने एलपी ग्यासको प्रयोग क्रमश बढदै गएको छ।

५.३.२ समस्या तथा चुनौती

कमजोर विद्युत वितरण प्रणाली, विद्युत आपूर्तीमा अनियमितता, विद्युतलाई यातायात प्रणाली र अन्य प्रयोजनमा जोड्न नसक्नु र नवीकरणीय उर्जाको उत्पादन तथा उपयोगमा सर्वसाधारणको चासो नहुनु, नविकरणीय उर्जा

उत्पादनमा प्राविधिकको अभाव एवं खोला तथा पर्याप्त पानीको स्रोत भएर पनि यसको उपयोग गर्नमा वाह्य लगानी आकर्षित हुन नसक्नु यस क्षेत्रका समस्याहरू हुन् ।

इन्धनको स्रोतको रूपमा दाउराको प्रयोगलाई निरुत्साहित गर्नु, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउनु, स्थानीय स्तरमा नै जलविद्युतको विकास गरी बिजुलीको खपत बढाउनु र सरोकारवाला निकायबीच समन्वय गरी लगानीको वृद्धि गरी नविकरणीय उर्जाको उपयोगमा अग्रसर गराउने जस्ता कार्यहरू चुनौतीको रूपमा रहेको छ।

५.३.३ सोच

"विद्युत तथा वैकल्पिक उर्जाको विकासमार्फत नगर समृद्धिमा योगदान"

५.३.४ उद्देश्य

- नगरपालिकाका सवै घरधुरीमा विद्युतको पहुँच विस्तार गर्नु ।
- उत्पादनशील क्षेत्रमा विद्युतको खपत विस्तार गर्नु ।
- विद्युत उत्पादनमा वृद्धि गर्दै श्वच्छ उर्जाको उपलव्धता र उपयोग सुनिश्चित गर्नु ।

५.३.५ रणनीति

- नगरपालिकाका सवै वडा क्षेत्रभित्र विद्युतिय उर्जालाई भरपर्दो र सुलभ बनाउने ।
- उर्जाको वृहद प्रयोगमा जोड दिने ।
- नगरपालिका क्षेत्रभित्र विद्युतिय सवारीसाधनलाई प्रोत्साहन गर्ने ।

५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
खानापकाउन काठ दाउराको प्रयोग	प्रतिशत			३५	३०	२५

५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण /अन्य
२०८१/८२	-				-	-			
२०८२/८३	१,०००	५००	५००		१,०००	१,०००			
२०८३/८४	१,०७०	५३५	५३५		१,०७०	१,०७०			

५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	विद्युत तथा स्च्छ उर्जा प्रवर्द्धन कार्यक्रम	विद्युत वितरण प्रणालीलाई व्यवस्थित बनाई विद्युत खपत वढाउनु र श्वच्छ उर्जा प्रवर्द्धन गर्नु	सालवसाली	२,०७०	१०० प्रतिशत घरधुरीमा विद्युत वितरण भई खपतलाई दोव्वर भएको हुने र निश्चित संख्यामा वायोग्यासलाई अनुदान प्रदान हुने

६.३.९ जोखिम पक्ष तथा अनूमान

विद्युत उत्पादनको परियोजनाका लागि जग्गा सहित विद्यमान जलस्रोतको उपलब्धता रहने, औद्योगीकीकरण एवम् आर्थिक गतिशीलता र कृषि क्षेत्रको आधुनिकीकरणले जलविद्युत क्षेत्र आर्थिक सम्वाहकको रूपमा स्थापित हुने, लघु तथा घरेलु उद्योगहरूको प्रवर्द्धनबाट विद्युत खपत बढ्ने, कृषिमा विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढ्ने र वैकल्पिक उर्जालाई समेत प्रवद्र्धन भई वनमा वा अन्य आयतित उर्जाको खपतमा कमी ल्याउन सकिने अनुमान गरीएको छ।

सहज, सुलभ र भरपर्दो वितरण प्रणाली विस्तार एवं सुदृढीकरण नहुने, विद्युत आयोजनाहरूको लागि आवश्यक स्रोत र लगानीको व्यवस्थापन नहुने र परम्परागत उर्जा उपयोगको विस्थापनका लागि समुचित मात्रामा उपकरणहरूको वितरण र व्यवस्थापन गर्न नसकिएमा जोखिम रहने देखिन्छ।

५.४ सूचना तथा सञ्चार

५.४.१ पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधिमा भएको विकासले गर्दा आधुनिक विश्व नै एक ठाँउमा रुपान्तरण भएको छ । हालका बर्षहरूमा दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्बन गरिएका रणनीतिहरूको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहदै आएको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत प्राप्त हुने अन्य लाभका अतिरिक्त यो प्रविधिको प्रयोगबाट नगरपालिकामा सुशासनको प्रत्याभूत गर्नुका साथै बढि पारदर्शी एवम् प्रभावकारी सार्वजनिक व्यवस्थापनको लागि यथेष्ठ पूर्वधार निर्माण गर्न सकिन्छ । साथै सूचना प्रविधि र सूचना प्रविधिमा आधारित विभिन्न सेवाहरू लगायत अन्य उद्योग एवम् सेवाजन्य व्यवसायको वृद्धिद्वारा नगरपालिकाको मात्र नभएर बृहत्तर राष्ट्रिय लक्ष्यहरू हासिल गर्नमा समेत यो प्रविधि सहायक हुने देखिन्छ ।

सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको दृष्टिले बनेपा नगरपालिका सबल छ । नगरपालिकाका सबै वडाहरूमा ल्याण्डलाईन टेलिफोन, मोबाईल सेवा र ईन्टरनेटको पूर्वधार पुगेको छ। नेपाल टेलिकम र एनसेल दुई प्रमुख टेलिफोन सेवा प्रदायक सहित संघीय राजधानी काठमाडौं रहेका सबै ईन्टरनेट सेवा प्रदायकहरूको सेवा यस नगरपालिका उपलव्ध छ । काठमाडौंबाट प्रकाशित हुने प्राय सबै पत्रपत्रिका बनेपा नगरपालिकामा उपलब्ध हुने गरेका छन् भने नगरपालिकामा समेत केहि पत्रपत्रिकाहरू प्रकाशित हुने गरेका छन्। बनेपा नगरपालिकामा ८४.६ प्रतिशत घरधुरीमा मोबाईल फोन, ८३.६ प्रतिशत घरधुरीमा टेलिभिजन र ४१.६ प्रतिशत घरधुरीमा केवल नेटवर्क पुगेको देखिन्छ। त्यस्तै १७.१ प्रतिशत घरधुरीमा टेलिफोन, ७.१ प्रतिशत घरधुरीमा ईन्टरनेट र २१.३ प्रतिशत घरधुरीमा कम्प्युटरको पहुँच रहेको देखिन्छ।

५.४.२ समस्या तथा चूनौती

सवै प्रकारका सञ्चार सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून उपयोग हुनु, सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्थापनको कमी हुनु,

आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव हुनु, सञ्चार माध्यम पूर्ण रूपमा मर्यादित, जिम्मेवार, जवाफदेही, उत्तरदायी र विश्वसनीय हुन नसक्नु र नियमनका सन्दर्भमा आवश्यक कानुन र नीतिगत व्यवस्थाको अभाव यस क्षेत्रका समस्याहरू हुन्।

सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग नियन्त्रण गर्ने, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समयसापेक्ष प्रयोग गर्ने, सञ्चार माध्यममा प्रसारित समाचार मर्यादित र विश्वसनीय बनाउने, बढ्दो साइबर अपराधको सामना गर्ने र सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर सरकारी समन्वय गर्नु चुनौतीको रूपमा देखापरेका छन्।

५.४.३ सोच

सूचना प्रविधियुक्त नगर

५.४.४ उद्देश्य

- नगरपालिकाको सवै क्षेत्रमा सञ्चार तथा सूचना प्रविधि पूर्वाधार सुनिश्चित गर्नु।
- आम सञ्चारका माध्यमलाई निष्पक्ष, विश्वसनीय र व्यवसायिक बनाउनु।

५.४.५ रणनीति

- नगरपालिका क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि सेवाहरूलाई सफल र सुलभ तुल्याउने।
- नगरपालिकाको सेवा प्रवाह प्रभावकारी बनाउन विद्युतिय सेवाको विकास र क्षमता विस्तार गर्ने।

५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
डिजिटल सूचना प्रविधिको प्रयोग गर्ने घरघूरी	प्रतिशत			४०	५०	६०

५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण/ अन्य
२०८१/८२	५००	५००	–		५००	५००			
२०८२/८३	५३५	५३५	–		५३५	५३५			
२०८३/८४	५७२	५७२	–		५७२	५७२			

५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	सूचना तथा सञ्चाल प्रविधि प्रवर्द्धन कार्यक्रम (इन्टरनेट सेवा वितरण, डिजिटलाईसेन लगायतका पूर्वाधार समेत)	भरपर्दो दुरसञ्चार सेवा सर्वसुलभ गराउनु	सालवसाली	१,६०७	सेवाको विस्तार भएको हुने

५.४.९ जोखिम पक्ष तथा अनुमान

सूचना प्रविधि उद्योगको समेत रोजगारी सिर्जना गर्ने मुलधारको व्यवसायका रूपमा विकास हुने, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवाको विकासमा समेत सञ्चार तथा सूचना प्रविधि प्रयोगको विस्तार हुने, सूचना प्रविधिमा निजी क्षेत्रको लगानी समेत आकर्षित हुने र सेवा प्रवाह समेत प्रभावकारी भई सार्वजनिक सेवामा नागरिकको पहुँच वृद्धि हुने अपेक्षा गरिएको छ।

सूचना प्रविधि, प्रविधिमा आधारीत उद्योग एवं समग्र सञ्चार जगतको नियमनलाई प्रभावकारी बनाउने र सो प्रयोजनका लागि आवश्यक नीति, कार्यविधि तथा कानुनको निर्माण नहुने हो भने जोखिमको पनि सम्भावना यो क्षेत्रमा उच्च हुनसक्दछ।

परिच्छेद ६

वन, वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन, भूसंरक्षण तथा जैविक विविधता,वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद्जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र जोखिम पक्ष तथा अनुमान समावेश गरिएको छ।

६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

६.१.१ पृष्ठभूमि

नेपालको परम्परादेखि नै वनले धेरै महत्वपूर्ण आवश्यकता (खाना, दाउरा, घाँस, घर बनाउनको लागि सामग्री, औषधी आदि) परिपुर्ति गरिरहेको र मानव स्वास्थमा समेत यसको महत्व अवर्णनीय रहेको छ। वनले हावा, पानीलाई सहित प्राकृतिक प्रकोपको समेत रोकथाम गर्ने र माटो एवं पर्यावरणलाई समेत उब्जाऊशील बनाउँने कार्य गर्दछ। मानविय आवश्यकताका अतिरिक्त वातावरणको स्वच्छता जोगाई राख्न र प्राकृतिक स्रोतको दिगो उपयोगको दृष्टिले समेत वन एवं वातावरणको संरक्षण र बुद्धिमतापूर्ण प्रयोग जरुरी हुन्छ। दिगो विकासको लक्ष्य अनुरूप आजको आवश्यकता परिपुर्ति र भविष्यमा समेत उपयोगको हकका लागि त्यसको उचित संरक्षण र सन्तुलन राख्न जरुरी छ। वनजन्य स्रोतको सन्तुलित उपयोगवाट आय आर्जन गर्दै खनिज पदार्थको उत्खनन् र प्रशोधन एवं उद्योगहरूको विकास मार्फत राम्रो आम्दानी लिन सकिने अवस्था सिर्जना गर्न सकिन्छ। त्यसैगरी वन जङ्गलले मानिसहरूको स्वास्थ्य ठुलो प्रभाव राख्ने, वनक्षेत्रले वर्षा आकर्षित गर्ने र पानीलाई माटोको सतहमा संचित गराउँने, पानीको स्रोतलाई दिगो एवं शुद्धता पार्ने र मौषम÷जलवायु अनुकुलनलाई समेत प्रभाव पार्दछ। साथै वनको संरक्षणको माध्यमवाट भूसंरक्षण समेत हुने र प्राकृतिक विविधताको सन्तुलित हुने, तातो हावालाई चिसो र चिसो हावालाई तातो एवं सुख्खा बनाई मौसमलाई सन्तुलनमा राख्ने, वढ्दो कार्वन उत्सर्जन भैरहेको विद्यमान अवस्था विषाक्त दूषित पदार्थ शोषण गरी विश्व उष्णीकरण हुनबाट जोगाउन सकिने हुन्छ।

उल्लिखित पृष्ठभूमिमा बनेपा नगरपालिका भित्रका बनजंगलको संरक्षण र प्रबर्धनमा सरोकारवालासँग समन्वय र सहकार्य गरी कार्यहरू गर्ने, नगरपालिका क्षेत्रभित्र रहेका वनहरूको संरक्षण र उपयोगका लागि आवश्यक कानूनी प्रबन्ध मिलाइने, भूक्षय न्युनिकरणका लागि जनचेतना मूलक कार्यक्रममा जोड दिइने, वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने लगायतका नीतिहरू नगरपालिकाले लिएको छ। बनेपा नगरपालिका क्षेत्रभित्र कुल भुभाग मध्ये २९.८३ प्रतिशत पूर्ण रूपमा वनक्षेत्र कायम रहेको छ।

६.१.२ समस्या तथा चुनौती

जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्ने कार्यमा सवै पक्षको सहकार्य नहुनु, नगर क्षेत्रका सार्वजनिक वन एवं पोखरी तथा पार्कहरूलाई संरक्षण, सम्वद्र्धन नहुनु, आयोजना सन्चालन गर्नपूर्व वा प्राकृतिक स्रोतको उपयोग गर्नुपूर्व आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकनको प्रावधान कागजमा सिमित हुनु र बनको नियमन र व्यवस्थापनका लागि आवश्यक कानून तर्जुमा गरी कार्यान्वयन गर्न वेवास्ता गर्नुलाई समस्याको रूपमा नियाल्न सकिन्छ।

वैज्ञानिक वन व्यवस्थापनको अवधारणा अनुसार वन क्षेत्रको संरक्षण गर्ने र त्यसका लागि सवै सरोकारपक्षको सहमति बनाउने, वनपैदावरको दिगो संरक्षण हुने गरी समतामुलक उपयोगको व्यवस्था गर्ने, सार्वजनिक वन क्षेत्रमा हुने अतिक्रमण नियन्त्रण गर्ने, समयमा नै डढेलो नियन्त्रण गर्ने, वन क्षेत्रमा हुने भुक्षय नियन्त्रण गर्ने र औद्योगिक प्रतिष्ठानहरूलाई सवै प्रकारका प्रदुषण नियन्त्रण गरी श्वयं व्यवस्थापन गर्ने गराउने कार्य चुनौतीको रूपमा रहेको छ।

६.१.३ सोच

उत्पादनशील वन र जैविक विविधताको दिगो संरक्षण

६.१.४ उद्देश्य

- वनजन्य स्रोतहरूलाई उद्योग, पर्यटन र आगआर्जनका गतिविधिसँग आवद्ध गरी सन्तुलित उपयोग गर्नु।
- वैज्ञानिक वन व्यवस्थापनको अवधारणा अनुसार वन तथा जैविक विविधताको संरक्षण गर्नु।

६.१.५ रणनीति

- सवै प्रकारका वनजन्य स्रोतहरू, जडिबुटी, जैविक विविधता एवं जंगली जनावरहरू र तीनको प्राकृतिक वासस्थानको संरक्षण गर्ने।
- पूर्वाधार निर्माणको कार्यमा हरियाली प्रबर्धन गर्ने र वनको सुरक्षणलाई प्राथमिकता दिने।
- विभिन्न जोखिमयुक्त क्षेत्रमा ग्रिन जोनको अवधारणालाई कार्यान्वयन गर्ने।

६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ:

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
वनले ढाकेको क्षेत्र	प्रतिशत	३०	३२	३४	३५	३६
वन जलाधार संरक्षण कार्यक्रम	संख्या	३	३	४	५	६

६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भूसंरक्षण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	३५,३८५	१,७२५	३३,६६०		३५,३८५	६,३२५	२६,४००	२,६६०	
२०८२/८३	३७,१५४	१,८११	३५,३४३	–	३७,१५४	५,३२१	२९,०४०	२,७९३	
२०८३/८४	३९,०१२	१,९०२	३७,११०	–	३९,०१२	५,८७८	३०,२०२	२,९३३	

६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	पार्कहरु निर्माण (नियमित)	वन तथा पार्क व्यवस्थापनलाई प्रभावकारी बनाई नगरको सुन्दरता बढाउनु	सालवसाली	८२,०००	निर्माणाधिन पार्कहरुको निर्माण सम्पन्न भएको हुने
२	वन, भूसंरक्षण तथा जैविक विविधता सम्वद्ध सालबसाली कार्यक्रम	सा.व.उ.स.को क्षमता अभिवृद्धि गर्नु र सम्वद्ध कार्यक्रम व्यवस्थापन गर्नु	सालवसाली	२९,५५१	सा.व.उ.स.को लागि विभिन्न तालिम सहित वन, भूसंरक्षण तथा जैविक विविधता कार्यक्रम व्यवस्थापन भएको हुने

६.१.९ जोखिम पक्ष तथा अनुमान

वनको नियमन र व्यवस्थापनका लागि आवश्यक कानून तर्जुमा गरी कार्यान्वयन गरिने र सरकारी एवं गैरसरकारी क्षेत्रवाट समेत सवै प्रकारका वनजन्य स्रोतहरू, जडिबुटी, जैविक विविधता एवं जंगली जनावरहरू र तीनको प्राकृतिक वासस्थानको संरक्षण गर्नमा सहकार्य हुने अनुमान गरिएको छ।

विद्यमान तिव्र सहरीकरण र वढ्दो वन क्षेत्रको अतिक्रमणका साथै वनजन्य स्रोतहरूको व्यापक दुरूपयोग एवं तस्करीका कार्यहरूलाई नियन्त्रणमा लिनु आवश्यक हुन्छ, जुन विषय वन र जैविक विविधताको संरक्षणमा जोखिमको रूपमा लिन सकिन्छ।

६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

६.२.१ पृष्ठभूमि

शहरी जनजीवन र वातावरणलाई व्यवस्थित, स्वच्छ र सुन्दर बनाउने फोहोरमैला व्यवस्थापन तथा ढल निकासको मुख्य भूमिका रहने गर्दछ। तर स्थानीय सरकारको लागि फोहोरलाई स्रोतमा नै न्यूनीकरण, पुनःप्रयोग, प्रसोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन र ढल निकास गर्न शहरीकरणको तिव्रतासँगै निक्कै चुनौतीपूर्ण र जटिल समस्या हुँदै गैरहेको छ। नगरपालिकाले समेत नयाँ घरको नक्शा पास गर्दा शौचालय अनिवार्य गरकोले शौचालय प्रयोगको स्थिति सुदृढ हुँदै गएको छ। नगरपालिकाका मुख्य बजार क्षेत्रमा ढलको व्यवस्था भएकोले अधिकांश घरधुरीका शौचालयहरू ढलमा जडान गरिएको छ भने ग्रामिण क्षेत्रमा रहेका घरधुरीहरूको शौचालय सकपिटमा आधारित छन्। तर बढ्दो जनसंख्या र शहरीकरणसँगै विद्यमान ढल सञ्जालको क्षमता न्यून भइ ढल फुट्ने र सडक तथा टोल दुर्गन्धित हुने गरेको छ। मुख्य बजार क्षेत्रमा नगरपालिकाबाट नियमित फोहोरमैला सकलन हुने गरेको छ भने ग्रामिण भेगका घरधुरीबाट उत्सर्जन हने फोहोरहरू जलाउने गाड्ने गरिएको छ।

६.२.२ समस्या तथा चुनौती

ढल निकास तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी न्यून सचेतना, घरायसी तथा औधोगिक फोहोरमैलाहरूलाई वर्गीकरण गरि व्यवस्थापन नहुनु, प्रसोधन र पुनप्रयोग गर्ने प्रविधिलाई अँगाल्न नसक्नु र अव्यवस्थित फोहोर फ्याल्नेलाई कारबाहीको दायरामा ल्याउन नसक्नु मुख्य समस्याहरू हुन्।

प्लाष्टिक जन्य फोहोरको नियन्त्रण र व्यवस्थापन गर्ने र व्यवस्थित ढल निकास एवं फोहोरमैला व्यवस्थापन पूर्वाधार निर्माणका लागि आर्थिक स्रोतको जुटाउनु चुनौतीको रूपमा रहेको छ।

६.२.३ सोच

स्वच्छ जीवनका लागि ढल निकास र फोहोरमैला व्यवस्थापन

६.२.४ उद्देश्य

- व्यवस्थित, सफा र सुन्दर नगरपालिका निर्माण गर्नु।
- व्यवस्थित फोहोरमैला व्यवस्थापन र ढल निकासको लागि पूर्वाधार तयार गर्नु।

६.२.५ रणनीति

- व्यवस्थित ढल निकासको व्यवस्था गर्ने।
- फोहोरमैलालाई सुरक्षित रूपमा निकास र व्यवस्थापन गर्ने।

६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
नगरको फोहोर मैला नियमित व्यवस्थापनमा आवद्धको अनुपात	प्रतिशत			७५	८०	९०

६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	१,०००	७००	३००		१,०००	१,०००			
२०८२/८३	१,०५०	७३५	३१५	-	१,०५०	१,०५०	-		
२०८३/८४	१,१०३	७७२	३३१	-	१,१०३	१,१०३	-		

६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	वातावरण तथा फोहोर व्यवस्थापन सम्वद्ध सालबसाली कार्यक्रम	स्वच्छ र स्वस्थ वातावरणमा वाँच्न पाउने अधिकारलाई प्रत्याभूत गर्न सचेतना फैलाउनु	सालवसाली	३,१५३	फोहोरमैला व्यवस्थापन सम्वन्धी बृहद सचेतना कार्यक्रम भएको हुने

६.२.९ जोखिम पक्ष तथा अनुमान

उपयुक्त स्थान छनौट भई स्यानिटरी ल्याण्डफिल साइट र फोहोरमैला प्रसोधन केन्द्रको निर्माण हुने, ढल निकास समस्याको दीर्घकालीन समाधान हुने, मुख्य बजार क्षेत्रमा ढल सञ्जालको निर्माण गर्न सकिने र यथासक्य फोहोरहरूको स्रोतमै नै व्यवस्थापन गर्ने सकिने अनुमान गरिएको छ।

नगरवासीमा फोहोरमैला व्यवस्थापन र ढल निकास सम्बन्धी जनचेतना अभिवृद्धि गरी फोहोरमैला प्रशोधनबाट बिजुली र अन्य उर्जा समेत उपार्जन हुने गरी व्यवस्थापन गर्नमा अन्तर सरकारी र काभ्रे जिल्लाका अन्य नगरपालिकाहरूसँग समेत सामुहिक सहकार्य गर्ने अवस्था सिर्जना नभएमा उद्देश्य प्राप्तिमा जोखिम रहने देखिन्छ।

६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

६.३.१ पृष्ठभूमि

प्राकृतिक तथा मानव सिर्जित विपद्को अवस्थामा मानवीय जीवनका अतिरिक्त सार्वजनिक तथा निजी सम्पत्ति, प्राकृतिक तथा सांस्कृतिक सम्पदा र भौतिक संरचनाको सुरक्षण गर्नु र जोखिमको व्यवस्थापन समुचित रूपमा हुनु आवश्यक छ। नेपाल बाढि, पहिरो तथा भुकम्प जस्ता प्राकृतिक प्रकोपहरूको उच्च जोखिममा रहेको र भुकम्प तथा मिश्रित विपत्तिहरूको जोखिमका सन्दर्भमा क्रमशः विश्वको ११ औं र १६ औं स्थानमा रहेको छ । नेपालको अवस्थिति भारतीय र युरोसियन जमिन एक–आपसमा ठोक्किएको भुभाग अन्तर्गत रहेकाले ठुला साना भुकम्पहरू निरन्तर गईरहेका छन्। नगरपालिकाले समेत विपद् जोखिम न्युनीकरण र व्यवस्थापनका सम्वन्धमा विपद् जोखिम न्युनीकरण र व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्युनीकरण र व्यवस्थापन नियमावली २०७६ को पूर्ण कार्यान्वयन गरी विपद् तथा महामारी व्यवस्थापन सम्वन्धी स्थानीय नीति, ऐन र योजना तर्जुमा गरी लागु गर्नु आवश्यक छ।

त्यसैगरी जलवायु परिवर्तन जोखिममा रहेकाहरूको सुचीमा नेपाल चौथो सबैभन्दा जोखिममा रहेको मुलुक भनिएको छ, जस अनुसार नेपालको स्थान सर्वोच्च जोखिम को समुहमा पर्दछ। नेपाल जलवायु परिवर्तनका असरहरूबाट तापक्रम समेत बढ्दै गएको र वर्षा समेत अनियमित हुने गरेको छ। त्यसैगरी जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकुल मौसम आइपर्नु जस्ता प्राकृतिक प्रकोपहरूको सम्भावना बढ्दै गएको छ । फलस्वरूप महामारी र सुख्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर पर्न थालेको छ । जलवायु परिवर्तनले सबै क्षेत्रमा असर पार्ने भएपनि विपदको अवस्थामा बालबालिका, अशक्त, विमारी र वृद्धावस्थालाई धेरै जोखिम हुने र वयस्कहरूमा शारीरिक एवं मानसिक असर पर्ने गरेको देखिन्छ। तसर्थ यस नगरपालिकाले समेत विपद् तथा महामारी व्यवस्थापन सम्वन्धी स्थानीय नीति, ऐन र योजना तर्जुमा गरी विपद्को समयमा मानवीय जीवनसँगै सार्वजनिक तथा निजी सम्पत्ति, प्राकृतिक तथा सांस्कृतिक सम्पदा र भौतिक संरचनाको सुरक्षण गर्ने कार्ययोजना बनाएको छ।

६.३.२ समस्या तथा चुनौती

विपद् व्यवस्थापन तथा न्यूनिकरणको लागि पूर्व सूचना प्रणाली र यन्त्र उपकरणको अभाव, विपद् सम्बन्धी सचेतनाको अभाव, आर्थिक अभाव र गरिबीका कारण विपद् सम्बन्धी आवश्यक तयारी गर्न हिचकिचाउनु, भवन संहिताको पालना नहुनु, भूकम्प प्रतिरोधी भवन निर्माणमा रुचि नहुनु, जलवायु अनुकुलन हुने गरी जलस्रोत, उर्जा, पूर्वाधार, कृषि तथा खाद्य सुरक्षा र वन तथा जैविक विविधताको संरक्षण गर्नेतर्फ चासो वृद्धि नहुनु यस क्षेत्र सम्वद्ध समस्याहरू हुन्।

मापदण्ड अनुसार सुरक्षित पूर्वाधार र भवन निर्माण गराउनु, भूकम्प प्रतिरोधी भौतिक संरचनाहरूको निर्माण हुने गरी भवन संहिता पूर्ण कार्यान्वयन गर्नु, जलवायु परिवर्तनका कारण उचित समयमा पानी नपर्ने, लामो समयसम्म खडेरी लाग्ने, अति बर्षा, खण्ड बर्षाले वाढी, पहिरो जाने लगायतका कारण उक्त कार्यहरू प्रतिरोध गर्ने र जलवायु परिवर्तन अनुकुलनहुने गरी विपद् व्यवस्थापनका कार्यलाई समेत समयानुकुल परिमार्जित तथा व्यवस्थित गर्नु जस्ता कार्यहरू चुनौतीपूर्ण देखिन्छन्।

६.३.३ सोच

- ***विपद् व्यवस्थापनतर्फ:***विपद् उत्थानशील प्रणाली र पूर्वाधारः जीवन र सम्पति सुरक्षाको आधार
- ***जलवायु परिवर्तन अनुकुलनतर्फ:***जलवायु परिवर्तन अनुकुलन र न्यूनिकरण मार्फत स्वच्छ एवम् स्वस्थ नगरपालिका निर्माण

६.३.४ उद्देश्य

- विपदवाट हुने मानविय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउनु (विपद् व्यवस्थापन)।
- विपद्को प्रभावकारी पूर्वतयारी व्यवस्थापन गरी विपद्जन्य क्षति न्यूनिकरण गर्नु (विपद् व्यवस्थापन)।
- जलवायु परिवर्तनका असरहरूको न्यूनिकरण र जलवायजन्य परिवर्तकाका कारण हुने प्राकृतिक प्रकोपबाट उत्पन्न वातावरणीय जोखिम रोकथाम गर्नु (जलवायु परिवर्तन अनुकुलन)।

६.३.५ रणनीति

- प्राकृतिक तथा गैर प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने (विपद् व्यवस्थापन)।
- विपद्वाट हुने भौतिक तथा मानविय क्षति न्युनीकरण गर्ने (विपद् व्यवस्थापन)।
- जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्ने (जलवायु परिवर्तन अनुकुलन)।
- जलवायु परिवर्तनका कारण उत्पन्न प्रकोप, वातावरणीय जोखिम र मानव स्वास्थ्यमा पर्ने असर पर्ने असर प्रतिरोधका लागि जलवायु कोष सञ्चालन गर्ने (जलवायु परिवर्तन अनुकुलन)।

६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
जोखिम नक्सांकन भएको क्षेत्र	प्रतिशत		३०	५०	७०	७५
पहिरो जोखिम क्षेत्र संरक्षण	प्रतिशत		२५	४०	६५	७०
भुकम्प प्रतिरोधी भवन निर्माण तालिम	प्रतिशत		४०	५०	६०	७०

६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद जोखिम व्यवस्थापन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ:

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण तथा अन्य
२०८१/८२	१,४००	९००	५००		१,४००	१,२००	२००		
२०८२/८३	१,४७०	९४५	५२५	–	१,४७०	१,२५०	२२०	–	
२०८३/८४	१,५४४	९९२	५५१	–	१,५४४	१,२९४	२५०	–	

६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	विपद् व्यवस्थापन र जलवायु अनुकुलन सम्वद्ध सालवासाली क्रार्यक्रम	विपदका घटनाहरुको न्युनीकरण एवं रोकथाम र जलवायु सम्वद्ध कार्यक्रम निरन्तरता दिनु	सालवसाली	४,४१४	विपद्पूर्व तयारी योजना निर्माण भई कार्यान्वयन भएको हुने

६.३.९ जोखिम पक्ष तथा अनुमान

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना कार्यान्वयन हुने, विगतका भूकम्प लगायतको विपद् र महामारीले गर्दा जनचेतनामा सुधार भएको हुने, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकुलनका कार्यक्रममा संघीय एवम् प्रदेश सरकार र सुरक्षा संयन्त्रको समेत साथर सहकार्य रहने अनुमान गरिएको छ ।

विपद् व्यवस्थापनको कार्य र संयन्त्रलाई समय अनुकुल परिमार्जित, स्रोत–साधन सम्पन्न तथा व्यवस्थित गर्ने कार्यहरू, विपद् तथा महामारी व्यवस्थापनमा सङ्लग्न बिभिन्न संघसंस्था बीच समन्वय गर्ने कार्यहरू, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधि संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको विकास गर्ने र जोखिमयुक्त बसोवास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा बस्ती स्थानान्तरण लगायतका कार्यहरूलाई कार्ययोजना बनाई लागु हुनुपर्ने, अन्यथा झन् वढि जोखिम सिर्जना हुने अवस्था रहनसक्छ ।

परिच्छेद ७

संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानुन, न्याय तथा सुशासन, मानब संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

७.१ नीति, कानुन, न्याय तथा सुशासन

७.१.१ पृष्ठभूमि

बनेपा नगपालिकाले आवश्यक पर्ने नीति कानुन र कार्यविधिहरू क्रमश तर्जुमा गर्दै कार्यान्वयन, गैरहेको छ। बनेपा नगपालिकाले नगरकार्यपालिकाको कार्यसम्पादनका आवश्यक राजपत्र, कार्यविधि, निर्देशिका, नगरपालिकाको पाश्र्वचित्र, वडागत पाश्र्वचित्र, नागरिक बडापत्र लगायतका सामाग्रीहरू प्रकासन गर्दै आएको छ । त्यसैगरी नगरपालिकाको न्यायिक समिति समेत न्याय सम्पादनका कार्यमा सक्रिय रहेको छ छ भने घरायसि लगायतका अन्य मुद्धाहरू न्यायिक समितिमा दर्ता भई निरूपण हुँदै आएको छ। त्यसैगरी नगरपालिकाले शान्ति सुरक्षाको विश्वसनीय वातावरण निर्माण गर्दै सुशासनको विकास गर्नु र सुरक्षित समाज विकासका लागि शान्ति सुरक्षाको उपयुक्त वातावरण निर्माण गर्नु अपरिहार्य छ। नगरपालिकाको समग्र हित र सुरक्षा नीतिलाई समयानुकूल बनाउँदै सुरक्षा संयन्त्रको संस्थागत सुदृढीकरण र आधुनिकिकरण नगरपालिकालाई थप सवल र जनउत्तरदायी बनाउने दायित्व समेत नगरपालिकाको हो।

७.१.२ समस्या तथा चूनौति

नगरपालिकाका केहि नीति तथा कानुन तथा कार्यविधिहरू तर्जुमा भैनसकेकोले कार्य सम्पादन प्रभावकारी नभएको, तर्जुमा भएका नीति ऐन र कार्यविधि समेत पूर्ण रूपमा लागु नभएको, नगरपालिका तहमा नै न्याय सम्पादनको कार्यमा समुदायको सहयोग प्राप्त नरहको, सुरक्षा निकायहरूको कमजोर पूर्वाधारका कारण प्रहरी प्रशासन र सुरक्षा निकायहरूलाई आधुनिक प्रविधियुक्त सम्पन्न बनाउन नसक्नु, दरबन्दी बमोजिम सुरक्षा निकायहरूमा पदपूर्ति नहुनु, शान्ति सुरक्षा र सुव्यवस्थामा आवश्यक समन्वय हुन नसक्नु र नगरपालिकामा क्रियाशील संघसंस्थाहरू बिच आवश्यक समन्वय नहुनु यस क्षेत्रका समस्याहरू हुन्।

जटिल कानुनी प्रक्रिया पुरा गर्नु, वस्तुनिष्ठ आधार एवं तथ्यहरूमा आधारित न्याय सम्पादन गर्नु, नीति र कानुन तर्जुमा गर्नु पूर्व आवश्यकता पहिचान गर्नु, सरोकारवालाहरूको बृहत सहभागिता सुनिश्चित गर्नु, पारदर्शी एवं लोकतान्त्रिक विधि र पद्धतिको प्रयोग गर्नु, सिमित स्रोतको उपयोग गरी शान्ति सुव्यवस्थामा आवश्यक समन्वय गर्नु, समुदाय र प्रशासनका विचमा सहकार्य र विश्वासको वातावरण निर्माण गर्नु लगयतका कार्यहरू चुनौतीपूर्ण छन्।

७.१.३ सोच

जवाफदेही र परिणाममुखी शासकीय व्यवस्था सहितको शान्तिपूर्ण नगर बनेपा

७.१.४ उद्देश्य

- कानुनी र नीतिगत पूर्वाधारको निर्माण गरी नगर सरकारलाई जवाफदेही र परिणाममुखी बनाउनु ।
- स्थानीय सरकारको क्षमता अभिवृद्धि गरी स्थानीय सरकारको सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।
- स्थानीय प्रहरी प्रशासनको क्षमता वृद्धि गरी शान्ति सुरक्षा कायम गर्नु ।

७.१.५ रणनीति

- शासन प्रणाली सञ्चालन सम्वन्धी आवश्यक नीति, मापदण्ड, कानून र कार्यविधिको निर्माण गर्ने ।
- स्थानीय न्याय सम्पादनमा संलग्न जनशिक्तको क्षमता विस्तार गर्ने ।
- स्थानीय सरकार र प्रहरी प्रशासनहरूको क्षमता वृद्धि गर्ने ।

७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानुन तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छः

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
कानुन, नीति तथा कार्यनीति तर्जुमा	प्रतिशत			६०	७५	८०
क्रियासिल नीतिगत समिति तथा संयन्त्र	प्रतिशत			५५	६५	७०
मानव/महिला अधिकार उलंघनका कार्यहरूको न्यायीक निरुपण	प्रतिशत			७०	८०	८५
नगरपालिका र वडा कार्यालयमा नागरिक बडापत्रको कार्यान्वयन	प्रतिशत			६०	७५	८०

७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण /अन्य
२०८१/८२	३,०००	२,४००	६००		३,०००	३,०००			
२०८२/८३	३,३००	२,६४०	६६०		३,३००	३,३००			
२०८३/८४	३,६३०	२,९०४	७२६		३,६३०	३,६३०			

७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु.हजारमा)	अपेक्षित नतिजा
१	नीति, कानुन र न्याय सम्वद्ध अन्य कार्यक्रम	सवै प्रकारका आवश्यक कानुनहरूको निर्माण गर्नु	सालवसाली	९,९३०	नगरका आवश्यक सवै ऐति, कानुनहरू निर्माण भएको हुने

७.१.९ जोखिम पक्ष तथा अनुमान

नगरपालिकाको कार्यसम्पादन र कार्यक्रम कार्यान्वयनमा सवै प्रकारका कानुनी आधार प्राप्त भई सहजता हुने, अन्तर सरकार तहहरूवीच सुदृढ सम्बन्ध, सहकारिता, सह–अस्तित्व र समन्वयको विकास हुने, नगरपालिका थप जिम्मेवार एवं पारदर्शी हुने, शान्ति सुरक्षा कायम गर्नमा आवश्यक दक्ष जनशक्ति तयार हुने र स्रोत उपकरणहरूको समुचित व्यवस्थापन हुने अनुमान गरिएको छ।

स्थानीय सरकारबाट प्रवाह हुने सेवा सुविधाहरू सहज, समतामुलक र समावेशी हुनुपर्ने, सवै प्रकारका सुरक्षा निकाय, स्थानीय प्रशासन एवं नगरपालिका विचमा आवश्यक समन्वयको विकास हुनुपर्ने र शान्ति सुरक्षा एवं न्याय सम्पादनमा समेत स्थानीयवासी र प्रहरी प्रशासनविच सहकार्य र विश्वासको वातावरण कायम हुनुपर्ने, अन्यथा उद्देश्य प्राप्तिमा जोखिम रहने देखिन्छ।

७.२ सङ्गठन, क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

७.२.१ पृष्ठभूमि

सार्वजनिक प्रशासनको व्यावसायिक क्षमताको सापेक्षतामा नै स्थानीय सरकारको प्रभावकारिता निर्धारण हुन्छ । नगरपालिकाको क्षमता विकास र त्यसको कार्यमूलक उपयोगबाट सेवाग्राही, सङ्गठन र स्वयं कर्मचारीको सन्तुष्टि विस्तार गर्न सकिन्छ। सङ्गठन विकास अन्तर्गत कर्मचारीमा थप ज्ञान, सिप, लगनशीलता र कार्यप्रेरणा विकास गरी समग्र सङ्गठनको वर्तमान र भविष्यको आवश्यकता पूरा गर्नु अपरिहार्य हुन्छ। कर्मचारीको व्यक्तित्व, ज्ञान, सिप र सामथ्र्य विकासको दायरा विस्तारसंगै गतिशील कार्यपरिवेशसँग सापेक्षिक सम्बन्ध सुदृढ हुन्छ भन्ने मान्यता वृत्ति विकासले राख्ने गर्दछ। सार्वजनिक सङ्गठनमा वृत्ति विकासको स्तरले श्रम बजारका उम्दा प्रतिभा पहिचान, आकर्षण र उपयोग गर्ने वातावरण बन्दछ, जसले साङ्गठनिक विकासलाई तिब्रता दिन्छ । त्यसैगरी कार्यक्षमता विस्तारका लागि कार्यलयको आन्तरिक पूर्वाधार विकासलाई पनि कार्यप्रणालीसँग सापेक्ष हुने गरी व्यवस्था गर्नु आवश्यक हुन्छ।

बनेपा नगरपालिकाको वडा नं ८ मा नगर कार्यपालिका कार्यालय सहित स्वास्थ्य, कृषि र योजनाका विषयगत शाखा गरी २ वटा पक्की भवनहरू सहित चार वटा कार्यालय भवन रहेको छ । नगरपालिकाका कुल १४ वटा वडा कार्यालयहरू मध्ये १० वटा आफ्नै पक्की भवनमा रहेको र अन्य वडा भवन निर्माणाधिन रहेका छन्। नगरपालिका कार्यालयमा तथा सम्पूर्ण वडा कार्यालयहरूमा सूचना तथा सञ्चार सहितका न्युनतम सेवा सुविधाहरू उपलब्ध छन् भने सेवा प्रवाहको क्षेत्रमा सेवा प्रवाहमा प्रयोगमा आधुनिक सफ्टवेयरहरू सहित राजस्व, घटना दर्ता, विद्युतीय हाजिरी, सामाजिक सञ्जाल, वेवसाइट, फ्रि वाइफाइ, अडियो नोटिस वोर्ड, मोबाइल एप समेत उपयोग गर्ने गरिएको छ । सङ्गठनात्मक तथा क्षमता विकासका कार्यहरूमा पनि नगरपालिकाले अन्तर सरकारी समन्वय र अन्य विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरी तदनुरूपका कार्यहरू गरिरहेको छ।

७.२.२ समस्या तथा चूनौति

दक्ष जनशक्तिलाई नगरपालिकामा रोक्न नसक्नु, दक्षताको उपयोग हुने गरी सोहि अनुसारको काम नपाउनु, क्षमता अभिवृद्धि र जनशक्ति विकास सम्बन्धी तालिमहरूको आवश्यकताका आधारमा वितरण गर्न नसक्नु र सरकारी स्तरमा जनशक्ति विकास र क्षमता अभिवृद्धि सम्बन्धी तालिम दिने निकायहरू सिमित हुनु यस क्षेत्रका समस्याहरू हुन्।

सिमित स्रोत उपयोग गरी कर्मचारीको क्षमता विकासको लागि नियमित रूपमा तालिम, अभिमुखीकरण तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नु चुनौतीको रूपमा रहेको छ।

७.२.३ सोच

दक्ष जनशक्तियुक्त नगरपालिका, परिणाममुखी सेवा प्रवाह

७.२.४ उद्देश्य

- दक्ष जनशक्तिको विकास गरी परिणाममुखी नगरपालिकाको विकास गर्नु।
- नगरपालिकाको सेवा प्रवाह पारदर्शी, चुस्त र परिणाममुखी बनाउनु।

७.२.५ रणनीति

- संस्थागत जनशक्ति विकास गर्ने
- संस्थागत जनशक्ति विकास सम्बन्धी नीतिगत व्यवस्था गर्ने।

७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार यस उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन अंक प्राप्तांक	अंक १००	९२.५	७२.५८	९४	९५	९८
जनशक्ति पदपूर्ति	प्रतिशत			८०	८५	९५

७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सङ्गठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

आर्थिक वर्ष	बजेट अनुमान (हजारमा)				बजेटको स्रोत (हजारमा)				
	कुल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	कुल	आन्तरिक स्रोत	नेपाल सरकार	प्रदेश सरकार	ऋण /अन्य
२०८१/८२	२६८,४९२	२४७,३८०	२१,११२		२६८,४९२	२६८,४९२			
२०८२/८३	२९५,३४१	२७२,११८	२३,२२३		२९५,३४१	२९५,३४१			
२०८३/८४	३२४,८७५	२९९,३३०	२५,५४६		३२४,८७५	३२४,८७५			

७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

क्र.स.	कार्यक्रम तथा आयोजना	उद्देश्य	अवधि (शुरु र समाप्ति)	कुल लागत (रु. हजारमा)	अपेक्षित नतिजा
१	कार्यालय सञ्चालन, प्रशासनिक र सवारी साधन खर्च, जनप्रतिनिधि, कर्मचारी क्षमता तथा सेवा प्रवाहमा सुधार	नगरपालिकावाट प्रदान हुने सेवा सहज र प्रभावकारी वनाउनु तथा जनप्रतिनिधि तथा कर्मचारीको क्षमता वृद्धि गर्नु	सालवसाली	८८८,७०९	सेवाको प्रवाहमा प्रभावकारीता वृद्धि हुने र जनप्रतिनिधि र कर्मचारी तालिम, क्षमता वृद्धि लगायतका कार्यक्रम हुने

७.२.९ जोखिम पक्ष तथा अनुमान

स्थानीय स्तरमा दक्ष जनशक्तिहरू उत्पादन गर्न सकिने, नगरपालिकामा कार्यारत जनशक्तिलाई क्षमता अभिवृद्धि र जनशक्ति विकास सम्बन्धी पर्याप्त अवसरहरू सिर्जना हुने, संस्थागत जनशक्ति विकास सम्बन्धी कार्यक्रमहरूको लागि अन्तर सरकारी समन्वय हुने र संस्थागत जनशक्ति विकास सम्बन्धी नीतिको तर्जुमा भई लागु हुने अनुमान गरिएको छ।

सङ्गठनात्मक तथा क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन हुने, व्यक्तिको प्रतिभा पहिचान भई सोहि अनुरूप क्षमता विकासमा प्राथमिकता दिने र दक्ष जनशक्ति पलायनको अवस्थालाई रोक्ने प्रकारले समुचित वातावरणको निर्माण नभएमा जोखिम रहने देखिन्छ।

७.३ राजस्व तथा स्रोत परिचालन

७.३.१ पृष्ठभूमि

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (३) ले स्थानीय तहलाई सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर जस्ता कर राजस्व तथा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना जस्ता गैरकर राजस्व लगाई उठाउने अधिकार दिएको छ। त्यसैगरी स्थानीय तहले प्रचलित कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्र दण्ड जरिवाना उठाउन सक्ने र कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार लगायतका विषयहरूमा प्रतिकुल नहुने गरी लगाउनु पर्ने व्यवस्था छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ ले प्रदेश तथा स्थानीय तहका साझा कर अधिकारको लागि एकल कर प्रशासनको व्यवस्था गरेको छ। जस अन्तर्गत सवारी साधन करका दर प्रदेशले लगाई उठाउने र टाँगा, रिक्सा, अटो रिक्सा र ई–रिक्सामा सवारी साधनको करको दर स्थानीय तहले लगाई उठाउने व्यवस्था रहेको छ। घर जग्गा रजिष्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने, विज्ञापन करको दर स्थानीय तहले लगाउने र उठाउने व्यवस्था छ। यसरी उठेको कर रकम उठाउने तहलाई ६० प्रतिशत र लगाउने तहलाई ४० प्रतिशत हुने गरी बाँडफाँट हुने व्यवस्था रहेको छ। साथै स्थानीय तहले उपलब्ध गराउने सेवाको लागत, नागरिकको कर तिर्न सक्ने सामथ्र्य र अन्य स्थानीय तहको दरसँग तालमेल कायम हुने गरी मात्र सेवा शुल्क र दस्तुर लिनु पर्ने हुन्छ। तसर्थ नगरपालिकाले समेत वस्तुनिष्ठ आधारमा कर दायरा विस्तार गरी राजस्व प्रशासनलाई व्यवस्थित, प्रभावकारी एवं करदाता मैत्री बनाउनु पर्दछ। तसर्थ नगरपालिकाले समेत राजस्वको

सम्भाव्यता अध्ययनको आधारमा राजस्व सुधार कार्य योजना अद्यावधिक गरी राजस्व परिचालनमा जोड दिनु अपरिहार्य रहेको देखिन्छ।

७.३.२ समस्या तथा चूनौती

व्यवस्थित र प्रभावकारी राजस्व परिचालनका लागि दक्ष जनशक्तिको कमी हुनु, कर सम्बन्धी ऐन, नीति, नियम, कार्यविधि लगायत अन्य कानुनहरूको तर्जुमा समयमा नहुनु, करको दायरा अपेक्षित रूपमा विस्तार हुन नसक्नु, राजस्व सुधार तथा कर निर्धारण सम्बन्धी अध्ययन अनुसन्धान नहुनु, वैज्ञानिक करका दर निर्धारण सम्बन्धी ज्ञान, सिप र क्षमताको अभाव हुनु राजश्व प्रशासन सम्वद्ध समस्याहरू हुन्।

कर र दर निर्धारण गर्दा सरोकारहरूसँग पर्याप्त छलफल र कर प्रशासन प्रति नागरिकको सकारात्मक सोच निर्माण गर्ने, प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरू पहिचान गरी स्रोतको समुचित व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्ने जस्ता कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नु चुनौतीपूर्ण रहेको छ।

७.३.३ सोच

राजश्व प्रशासनमा सापेक्ष सुधार, जनताको कर विकासको आधार

७.३.४ उद्देश्य

- नगरपालिकाको आन्तरीक आयमा वृद्धि गर्नु।
- वार्षिक बजेट, नीति र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन मार्फत नगरपालिकालाई विकासको सम्वाहकका रूपमा स्थापित गर्नु।

७.३.५ रणनीति

- नगरपालिकाको आर्थिक स्रोतहरूको वृद्धि गर्न आवश्यक पहल गर्ने।
- आन्तरिक स्रोतको पहिचान गर्न सवै निकायहरूसँग आवश्यक समन्वय गर्ने।
- विकास आयोजना तथा कार्यक्रमहरूलाई प्रभावकारी तवरले कार्यान्वयन गर्ने।

७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

सूचक	एकाइ	०७९/८० को यथार्थ	०८०/८१ को अनुमानित	मध्यमकालीन लक्ष्य		
				२०८१/८२	२०८२/८३	२०८३/८४
नगरपालिकाको आन्तरिक आयमा वृद्धि	प्रतिशत		४४	२०	२५	२५

७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

